# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

मानवीय उच्चारण अवयवद्वारा उच्चारित सार्थक आवाजहरूको समूह भाषा हो । भाषा सञ्चारको माध्यम हो । विचार विनिमयका सशक्त माध्यमका रूपमा भाषालाई लिइन्छ । विचार विनिमयका रूपमा समाजमा गरिने भाषिक व्यवहारको प्रक्रियामा वक्ता र श्रोताको अन्तर्क्रियाले महत्त्वपूर्ण भूमिका खेल्दछ । मानव सभ्यता वा मानव जातिको वैशिष्ट्य भन्नु नै भाषा हो र मानव सभ्यताको विकासमा भाषाले नै सहयोाग पुऱ्याएको हुन्छ । भाषा शब्दको विस्तार हो, सार्थक शब्द र तिनले बनेका सार्थक वाक्यहरूको असीम समूहमा बोलिने भएकाले यसलाई भाषा भनिन्छ (वस्ती, २०६९ : ३) । मानव जातिले कथ्य भाषालाई लिपिमा विकास गरेपश्चात् मात्रै मुद्रण युग आएको हो । विश्वमा पन्ध्रौं शताव्दीमा छापाखानाको विकास भएसँगै आमसञ्चारको विस्तार सुरु भएको हो । मुद्रण पद्धतिको विकास पत्रकारिताको विकासका लागि पूर्वसर्तका रूपमा रहेको देखिन्छ ।

नेपाली पत्रकारिताको आरम्भ गोरखापत्र (वि.सं. १९५८) प्रकाशनसँगै भएको पाइन्छ । पत्रकारिता समाचार र विचार आदिको प्रवाहसँग सम्बन्धित रहेको छ (खनाल र अन्य, २०७३ : १) । नयाँ र समसामयिक घटना वा विषयसँग समाचार केन्द्रित रहने गर्दछ । कुनै पनि आमसञ्चार माध्यमको प्रयोग गरी सूचना वा समाचारमूलक सामग्रीको प्रकाशन वा प्रसारण गर्नुलाई पत्रकारिता भनिन्छ (के.सी., २०७५ : ५३) । पत्रकारितालाई सूचना सम्प्रेषण गर्ने पेसा मानिन्छ भने सूचना सम्प्रेषण गर्ने व्यक्ति पत्रकार हो । नेपाली पत्रकारिताकै विकासक्रमकै सिलसिलामा गोरखापत्र प्रकाशनपूर्व बनारसबाट नेपालीकै सक्रियतामा केही नेपाली भाषी पत्रपत्रिका प्रकाशन हुने गरेका थिए । गोरखापत्र पूर्व नै काठमाडौँबाट वि.सं. १९५५ देखि सुधासागर मासिक प्रकाशन हुन थालेको थियो (के.सी., २०७५ : ५५) । तर गोरखापत्रलाई नै नेपाली पत्रकारिताको आरम्भ केन्द्र मानिन्छ । आमसञ्चारका क्षेत्रमा पत्रिका, रेडियो र टेलिभिजन यी तीनवटै सञ्चारमाध्यम आ-आफ्नो स्थानमा शक्तिशाली रहेका छन् । पत्रिकापछि रेडियो र रेडियोपछि टेलिभिजनको विकास भएको अवस्थामा एकले अर्कोको अस्तित्व लोप गराउने आमजनमानसको सोचाइ रहेको थियो तर यिनीहरूको विकासले कसैको लोकप्रियतालाई कुनै पनि असर गरेको छैन ।

रेडियो माध्यमका लागि गरिने पत्रकारिता रेडियो पत्रकारिता हो । रेडियो श्रव्य र सस्तो माध्यम हो । यही रेडियोको सैद्धान्तिक रूपमा आविष्कार स्कटल्यान्डका भौतिकशास्त्री जेम्स क्लर्क म्याक्सवेलले सन् १८६८ मा गरे । सन् १८९४ मा इटालीका वैज्ञानिक गुलिएल्मो मार्कोनीले रेडियोको तरङ्ग विस्तार गरे । मार्कोनीले विद्युतीय तारविना आवाज सम्प्रेषण गर्न सफल भएपछि विश्वमा रेडियोको आविष्कार भएको हो (अधिकारी र उपाध्याय, २०७५ : ३) । विश्वमा औपचारिक रूपमा रेडियो प्रसारण अमेरिकाको पेन्सलभेनिया सहरबाट केडीकेए रेडियो सन् २ नोभेम्बर १९२० मा भएको हो ( डब्लुडब्लुडब्लु डट विकिपिडिया डट कम) ।

नेपालमा वि.सं. २००४ तिर पद्म शमशेरको शासनकालनमा सर्वसाधारण जनताहरूलाई नेपालभित्र रेडियो राख्न पाउने स्वतन्त्र व्यवस्था रहेको पाइन्छ तर नेपालमा रेडियो प्रसारणलाई हेर्दा २००७ साल मंसिरमा विराटनगरको जुटमिलबाट ‘प्रजातन्त्र रेडियो’ प्रसारण गरिएको पाइन्छ । २००७ मा प्रजातन्त्रको स्थापना भएपश्चात् ‘प्रजातन्त्र रेडियो’ लाई २००७ चैत २० गते राजधानी काठमाडौँ सारेर ‘रेडियो नेपाल’ नामबाट प्रसारण गरिएको पाइन्छ (खनाल र अन्य, २०७३ : ६) । २०४७ को संविधानको मूल मर्मलाई आत्मसात् गर्दै बनेको सञ्चार नीति २०४९ ले प्रसारण ऐनअन्तर्गत रही फ्रिक्वेन्सी मोडुलेसन (एफ.एम.) प्रसारण प्रणालीलाई अनुमतिपत्र प्रदान गर्ने व्यवस्था तर्जुमा गरिएको पाइन्छ । सञ्चार नीति लागू भए पनि सरकारले नियमावलीको अभावमा एफ.एम. रेडियोलाई अनुमति नदिने उद्घोषण गऱ्यो । तत्कालीन सरकारले निजी क्षेत्रलाई इजाजतपत्र दिनुको साटो काठमाडौँ र यसका आसपासका क्षेत्रमा सुनिने गरी २०५२ कार्तिक ३० गते एफ.एम. ब्यान्डबाट १०० मेगाहर्जमा एफ.एम. सुरु गऱ्यो (खनाल र अन्य, २०७३ : ७) । यसै ऐनले गरेको व्यवस्थाअनुरूप २०५४ साल जेठ ९ गते दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियोको दावी गर्दै रेडियो सगरमाथा प्रसारण गऱ्यो । रेडियो सगरमाथापछि निजीस्तरबाट कान्तिपुर एफ.एम., इमेज एफ.एम, लगायत व्यावसायिक रेडियोहरूले पनि प्रसारण आरम्भ गरे । यसरी यसै ऐनमा आधारित रहेर विभिन्न समयमा धेरैवटा संघसंस्थाले रेडियो प्रसारण गर्ने अनुमति लिएका छन् । नेपालमा भएको एफ.एम. रेडियोको विस्तारले नेपाली समाजप्रति यसको आकर्षण बढ्दो देखिन्छ । एफ.एम. रेडियोको मात्रात्मक पक्षसँगै गुणात्मक पक्षको लेखाजोखा गर्नुपर्ने जरुरी देखिन्छ ।

अङ्ग्रेजी शब्द न्यूजबाट नेपालीमा समाचार भन्ने बुझिन्छ । चारै दिशा उत्तर, पूर्व, पश्चिम र दक्षिणमामा के के भइरहेको छ भनेर नवीनतम् जानकारी दिनुलाई समाचार भनिन्छ । समाचार त्यो हो, जसले व्यक्ति तथा समाजका लागि इन्धनको काम गर्छ । हरेक समाजमा कुनै न कुनै हिसाबले श्रोताको सरोकार चासो र स्वार्थ अनिवार्य रूपमा जोडिएको हुनुपर्छ (मैनाली, २०७२ : ३०९) । प्रसारणका दृष्टिले पत्रिकाको समाचार, रेडियो समाचार, टेलिभिजन समाचार र सम्पादकीयलाई पनि विविधतामा राख्न सकिन्छ । रेडियो समाचारलाई प्रसारणका दृष्टिले कथ्यको नजिक राखेको पाइन्छ ।

रेडियोबाट प्रसारण गरिने कुनै ताजा घटना र समसामयिक विषयबारे जानकारी दिनु रेडियो समाचार हो । स्पष्ट र सरल भाषामा लेखिएका शब्दलाई आम श्रोताले सजिलै बुझ्न सक्ने गरी तयार गरिएको सामग्रीलाई रेडियो समाचार भनिन्छ । कुनै घटना वा विषयले श्रोतालाई सिधै प्रभाव पार्छन् । त्यो घटना वा विषय श्रोताको निकटको रहनुपर्दछ । घना जङ्गलमा ठूलो पहिलो  जानु र पहिरोले दुई घर सखाप हुनुले अघिल्लो घटना समाचार नभएको पुष्टि हुन्छ । रेडियो समाचारमा समाचार सङ्कलनले बढी अर्थ राख्ने गर्दछ । यसरी समाचारका लागि सूचना, जानकारी सङ्कलन गर्ने कला, सीप वा कार्यलाई रिपोर्टिङ भनिन्छ । समाचारीय मूल्यका सूचना/जानकारीलाई सङ्कलन गर्ने रेकर्ड गर्ने, प्रत्यक्ष प्रसारण गर्ने र श्रोतासम्म पुऱ्याउने प्रसारण माध्यममा रिपोर्टिङ हो (खनाल र अन्य, २०७३ : ६३) । रेडियो समाचार सङ्कलन गरिसकेपछि प्रसारण योग्य बनाउनलाई सम्पादनको निकै आवश्यकता पर्दछ ।

रेडियो समाचार वाचन गर्दा शुद्ध र स्पष्ट उच्चारण गर्नुपर्ने, एक दुई समाचार पढिसकेपछि बीचमा ब्रिज म्युजिक राख्दा अत्यन्तै प्रभावकारी हुने, गहकिलो र आफ्नै मौलिक शैलीमा वाचन गर्नुपर्ने, प्राविधिक सङ्केतलाई ख्याल गर्नुपर्ने, सबैले बुझ्ने किसिमले एउटै गतिमा वाचन गर्नुपर्ने, पढ्दापढ्दै गल्ती भए तुरुन्तै क्षमा मागी पुनः त्यसैलाई दोहोऱ्याएर पढ्नुपर्ने, सही र स्पष्ट उच्चारण हुनुपर्ने, छोटो र मिठो भाषाशैलीको प्रयोग गर्नुपर्ने, छोटकरी शब्दहरूको प्रयोग गर्न नहुनेजस्ता कुराहरूमा विशेष ध्यान दिनुपर्छ (के.सी., २०७२ : ७३) । यसर्थ समाचारले मुख्य उद्देश्य सूचना र जानकारी पाएर हरेक व्यक्ति सक्रिय बनोस् भन्ने बोकेको हुनुपर्छ । रेडियो नेपालबाट प्रसारित समाचारको भाषाका सन्दर्भमा रेडियो नेपाले समाचार निर्देशिका तयार पारेको छ । यसै निर्देशिकाअनुरूप रेडियो नेपालले समाचार लेखन

र वाचन गर्दछ । प्रस्तुत शोधपत्रमा रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको अध्ययनलाई विषय क्षेत्रका रूपमा चयन गरिएको छ ।

## १.२ समस्याकथन

अनुसन्धानका निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' शब्दको अर्थ अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु नै हो (बन्धु, २०७० : १७) । कुनै पनि शोधकार्य समस्यामै केन्द्रित हुने र त्यसको समाधानतिर लक्षित हुने गर्दछ । चयन गरिएको शोध शीर्षकअन्तर्गत मुख्य मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो (शर्मा र लुइटेल, २०५२ : २१) । समस्याकथन शोधको विशिष्ट कार्य हो, जसअनुसार अध्ययनको उद्देश्य अगाडि बढ्छ । यसै सन्दर्भमा प्रस्तुत शोध रेडियो नेपालबाट प्रसारित समाचारको भाषाको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ ।

रेडियो आमसञ्चारका माध्यमहरूमध्ये सहज र सर्वसुलभ माध्यम हो । नेपालजस्तो विकासोन्मुख मुलुक जहाँ साक्षरता कम छ, यस्तो मुलुकका लागि रेडियो भरपर्दो र प्रभावकारी माध्यम हो । स्थानीय भाषा, शैली र लवजमा प्रसारण हुने कार्यक्रम एवम् समाचार बुलेटिनहरू समेतले गर्दा रेडियो अहिले नेपालको सन्दर्भमा सबैभन्दा बढी लोकप्रिय र सुलभ सञ्चारको माध्यम बनेको छ । रेडियोको लागि समाचार लेख्दा बोलीको भाषा प्रयोग गरिन्छ । पत्रकारले जटिल वा गाह्रा शब्दहरूको प्रयोग गर्ने एवम् लामा लामा वाक्य निर्माण गर्नुहुँदैन । गोरखापत्र, कान्तिपुरजस्ता राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाको सम्पादकीयमा भाषिक अध्ययन भएको पाइन्छ तर समाचारको भाषिक अध्ययनका क्रममा रेडियो नेपालबाट प्रसारित समाचारको भाषिक अध्ययन भएको त्यति पाइँदैन । समाचारमा प्रयुक्त भाषा सरल, बोधगम्य र सत्यतथ्य घटनामा आधारित हुनुपर्छ । तसर्थ प्रस्तुत शोधमा रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषिक अवस्थाको खोजी गर्नु मूल समस्या रहेको छ । मूलतः प्रस्तुत शोधका समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) सैद्धान्तिक दृष्टिकोणले रेडियो समाचार के कस्तो रहेको छ ?

(ख) रेडियो नेपालबाट प्रसारित समाचार वाचन कसरी गरिएको छ ?

(ग) रेडियो नेपालबाट प्रसारित समाचारमा व्याकरणात्मक पक्ष के-कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

समस्याकथनमा प्रस्तुत शोधसमस्यासँग सम्बद्ध प्रश्नहरूको उत्तर वा समाधानमा केन्द्रित रही प्रस्तुत अध्ययनको उद्देश्य निश्चित समयावधिमा रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको अध्ययन नै मुख्य उद्देश्य रहेको छ । कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोधसमस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधसमस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ (भण्डारी, २०६९ : ४३) । त्यसैले समस्याकथन र उद्देश्यकथनका बीच परस्पर, निकट र घनिष्ट सम्बन्ध रहेको हुन्छ । उद्देश्यलाई शोधपत्रको केन्द्रविन्दु मानिन्छ । यसको उद्देश्य शोध समस्याहरूको प्रामाणिक समाधानतर्फ केन्द्रित रहेको छ । यसरी हेर्दा उद्देश्य सरल, स्पष्ट र समस्या केन्द्रित रहनुपर्छ । प्रस्तुत शोधकार्यको उद्देश्य समस्याकथनमा देखिएका समस्याहरूको समाधान गर्नु रहेको छ । यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) सैद्धान्तिक दृष्टिले रेडियो समाचारको विश्लेषण गर्नु,

(ख) वाचनका दृष्टिकोणले रेडियो नेपालबाट प्रसारित समाचारको विश्लेषण गर्नु,

(ग) रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त व्याकरणात्मक पक्ष (वाक्य, काल, पक्ष, वाच्य र ध्रुवीयता) को अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य र सान्दर्भिकता

शोधशीर्षकअन्तर्गतका सम्बन्धित शोधकार्यका प्राज्ञिक तथा अनुसन्धानात्मक आवश्यकता र उपयोगितामाथि प्रकाश पार्ने र आफ्नो शोधकार्य सम्पन्न भइसकेपछि त्यसबाट क-कसलाई कुन-कुन पक्षमा के-कस्तो लाभ, उपलब्धि वा सहयोग पुग्छ त्यस बारेमा स्पष्ट पार्नुलाई नै शोधकार्यको औचित्य भनिन्छ । रेडियो समाचार, शिक्षा र गीत सङ्गीतको माध्यम पनि हो । श्रोतालाई समसामयिक समाचारमूलक सामग्रीद्वारा सुसूचित गर्नु, ज्ञानवर्द्धक, जानकारीमूलक एवम् चेतना अभिवृद्धि गर्ने सामग्रीद्वारा शिक्षा दिएर उत्प्रेरणा जगाउनमा रेडियोको सान्दर्भिकता झल्किन्छ । पत्रिकामा प्रकाशित हुने समाचार होस् वा सम्पादकीय अर्थात् रेडियोमा प्रसारित हुने समाचार होस् जुनसुकै प्रकारमा व्यक्त हुने समाचारको भाषा निश्चित संरचनामा केन्द्रित रहेको हुन्छ । प्रस्तुत शोधपत्रले समाचार

लेखन एवम् सम्पादनमा विशेष सघाउ पुऱ्याएको छ । रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको अध्ययनको औचित्य र सान्दर्भिकतालाई निम्नानुसार बुँदाहरूमा प्रस्ट पार्न सकिन्छ :

- यस अध्ययनबाट सर्वप्रथम रेडियो समाचारवाचक र सम्बन्धित क्षेत्रमा काम गर्ने व्यक्ति, विद्यार्थी शोधार्थी एवम् आमपाठकलाई लाभ भएको छ ।
- समाचार सङ्कलक, रिपोर्टर एवम् सम्पादकलाई लाभदायी भएको छ ।
- भाषासँग रुचि राख्ने व्यक्ति एवम् विद्यार्थीलाई लाभदायी भएको छ ।
- समाचार सम्प्रेषण गर्दा उपयुक्त शब्द छनोटका बारेमा जानकारी प्राप्त भएको छ ।
- समाचार लेख्दा ध्यान दिनुपर्ने आधारभूत पक्षको बोध गराई सरल र सम्प्रेषणयुक्त समाचार लेखनको ज्ञान प्राप्त भएको छ ।
- समाचारमा प्रयुक्त भाषाको अध्ययन गर्दा सैद्धान्तिक ज्ञान प्राप्त गर्नमा नयाँ शोधार्थीलाई लाभ भएको छ ।
- समाचार निर्देशिका तयार गर्नमा जानकारी प्राप्त भएको छ ।
- मूलतः रेडियो पत्रकारितामा रुचि भएका जो कोही व्यक्तिलाई लाभदायी भएको छ ।

यस अध्यनयले खासगरी रेडियो नेपाल र एफ.एम.हरूबाट प्रसारित समाचारको भाषिक स्तरलाई बढी महत्त्व दिएको छ । त्यसैगरी प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्ष र सुझावले समाचारको भाषासम्बन्धी प्रयोगमा समाचारवाचकलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रस्तुत शीर्षकमा गरिएको अध्ययनले पछि यस क्षेत्रमा संलग्न व्यक्तिलाई र अध्ययन गर्न इच्छुक व्यक्तिलाई सहयोगी हुने विश्वास गरिएको छ ।

## १.५ अध्ययनको परिसीमा

कुनै पनि अनुसन्धान कार्य गर्नुभन्दा अगाडि अनुसन्धानको सीमा निर्धारण गर्नुपर्छ । शोधको क्षेत्र र सीमा प्रस्ट भयो भने शोध व्यवस्थित किसिमले अघि बढ्न सक्छ । शोधको क्षेत्र स्पष्ट भएन भने शोध सीमाबाट बाहिर गई उद्देश्यसम्म नपुगिने सम्भावना रहन्छ । त्यसैले शोधको शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई

शोधकार्यको सीमाङ्कन भनिन्छ (भण्डारी, २०६९ : ४८) । प्रस्तुत शोधपत्र रेडियो नेपालबाट प्रसारित समाचारमा मूलतः केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) रेडियो नेपाल, केन्द्रीय प्रसारण सिंहदरबार काठमाडौँबाट बेलुका ७ बजे प्रसारित समाचारमा केन्द्रित रहेको छ ।

(ख) रेडियो नेपालबाट २०७५ मंसिर १ देखि १० सम्म प्रसारित १० वटा समाचारका अडियोहरूलाई नमुनाका रूपमा लिई अध्ययन गरिएको छ ।

(ग) रेडियोबाट प्रसारित समाचारको विश्लेषण गर्दा समाचारको सैद्धान्तिक मान्यता, वाचनगत अवस्था र व्याकरणात्मक पक्षमा केन्द्रित रहेको छ ।

(घ) प्रस्तुत शोधमा रेडियो नेपालबाट प्रसारित समाचारमा समावेश भएका रिपोर्ट र जनआवाजलाई अध्ययन क्षेत्रभित्र समेटिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : सैद्धान्तिक दृष्टिबाट रेडियो समाचारको विश्लेषण

अध्याय पाँच : वाचनका दृष्टिले रेडियो समाचारको विश्लेषण

अध्याय छ : रेडियो समाचारमा प्रयुक्त भाषाको व्याकरणात्मक पक्षको अध्ययन विश्लेषण

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# सम्बद्ध कार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको समीक्षा

विगतमा भएका कार्यले वर्तमानमा मार्गनिर्देशकको काम गर्दछ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्य क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : २८) । शोधार्थीले शोध गर्न चाहेको विषय शीर्षकसँग सम्बन्धित मुख्य सामग्रीलाई तोकिएको ढाँचामा कुन प्रयोजनका निम्ति के -कस्ता समस्या र उद्देश्यसहित उक्त अध्ययन प्रस्तुत गरिएको छ र सो अध्ययन शोधार्थीको अध्ययनसँग कति निकट रहेको छ, त्यसबाट शोधार्थीलाई कस्तो सहयोग प्राप्त हुन्छ ? र त्यसमा केकस्ता कमीकमजोरीहरू रहेका छन् र शोधार्थीले पुनर्पुस्टि गर्नुपर्ने सामग्रीहरू पनि छन् भने त्यस्तो सामग्रीलाई समीक्षात्मक रूपमा प्रस्तुत गर्ने विधि/पद्धतिलाई पूर्वकार्यको समीक्षा शब्दबाट अर्थ्याइन्छ (भण्डारी, २०६९ : ४५) । पूर्वकार्यको खोजीपछि विधिपूर्वक रूपमा समीक्षात्मक ढङ्गले अध्ययन गर्नुपर्छ । पूर्वकार्यको अध्ययनबाट अनुसन्धेय विषय शीर्षकका नवीन पक्ष र अध्ययनका औचित्यको न्यायिक पुस्टि हुने गर्दछ । पत्रकारिता, रेडियो पत्रकारिता, समाचारको भाषा, रेडियो समाचारको भाषा, सम्पादकीयको भाषासँग सम्बन्धित पुस्तक एवम् शोधपत्रलाई पूर्वकार्यको रूपमा समीक्षात्मक अध्ययन गरिएको छ । सञ्चार, पत्रकारिता एवम् रेडियो समाचारमा प्रयुक्त भाषाको अध्ययन विश्लेषणमा केन्द्रित रहेर त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, नेपाली केन्द्रीय विभाग, आमसञ्चार र पत्रकारिता विभागअन्तर्गत रहेका स्नातकोत्तर उपाधिका लागि केही शोधपत्र अध्ययन भएका छन्, यसका साथै उल्लिखित विषयक्षेत्रसँग सम्बन्धित विभिन्न पुस्तकहरू पनि प्रकाशित भएका छन् । त्यस्ता पुस्तक एवम् शोधकार्यहरूको समीक्षा निम्नानुसार गरिएको छ :

### २.१.१ पाठ्यपुस्तकको समीक्षा

कोइराला (२०५८) द्वारा लिखित *पत्रकारिता परिचय* पुस्तक प्रकाशित भएको छ । उक्त पुस्तकमा पत्रकारिता, सञ्चार, आमसञ्चार र समाचारका बारेमा उल्लेख गरिएको छ । विशेषगरी पत्रकारिता, आमसञ्चारको परिचय र समाचारको बारेमा पुस्तक केन्द्रित रहेको छ । उक्त पुस्तकको एकाइ एक, तीन र चारमा उल्लेख गरिएका विषयवस्तु प्रस्तुत शोधका

लागि उपयोगी रहेका छन् । उक्त पुस्तकमा पत्रकारिताको परिभाषा, आमसञ्चारको परिचय र प्रकार, समाचारको परिभाषा र समाचार सङ्कलनका स्रोतहरूका बारेमा उल्लेख गरिएको छ । समाचारको साङ्गठनिक स्वरूप कस्तो हुने र पूर्ण समाचारमा समेटिने विषयवस्तुको बारेमा पनि चर्चा गरिएको छ । उक्त पुस्तकको पुनरावलोकनले प्रस्तुत शोधपत्रमा सैद्धान्तिक अवधारणा निर्माण गर्नुका साथै समाचारको सैद्धान्तिक दृष्टिकोणअनुरूप व्याख्या तथा विश्लेषणको लागि आधार प्रदान गरेको छ ।

के.सी. (२०७२) द्वारा *सञ्चार र पत्रकारिता* पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा आमसञ्चारको चिनारी, पत्रकारिताको विकासक्रम, नेपालमा एफ.एम. तथा रेडियोको विकास, अनलाइन एवम् टेलिभिजनको परिचयजस्ता विषय क्षेत्रहरू समेटिएका छन् । नेपालमा आमसञ्चारको विकासक्रमलाई हेर्दा वि.सं. १९५८ मा गोरखापत्र, २००७ मा रेडियो नेपाल र २०४१ मा टेलिभिजन परियोजना सुरु भएको कुरा उल्लेख गरिएको छ । रेडियोका प्रकार र कार्यक्रमका बारेमा उल्लेख गरिएको पुस्तकमा समाचार वाचन गर्दा ध्यान दिनुपर्ने कुरालाई बुँदाकृत गरिएको छ । उक्त पुस्तकमा उच्चारण शुद्ध र स्पष्ट हुनुपर्ने, एक दुई समाचार पढिसकेपछि बिचमा ब्रिज म्युजिक राख्नुपर्ने प्राविधिक सङ्केतलाई ख्याल गर्नुपर्ने, एउटै गतिमा वाचन गर्नुपर्ने जस्ता विविध कुराहरूमा ध्यान केन्द्रित गरिएको छ । उक्त पुस्तकको पुनरावलोकन कार्यले प्रस्तुत शोधपत्रका लागि भाषिक अध्ययन एवम् व्याख्या विश्लेषण गर्ने कार्यमा आधार प्रदान गरेको छ ।

खनाल र अन्य (२०७३) द्वारा *रेडियो पत्रकारिता हातेकिताब* प्रकाशित भएको छ । यस पुस्तकमा रेडियो पत्रकारिता, रेडियो, कार्यक्रमको ढाँचा, रेडियो अन्तर्वार्ता, रेडियो, समाचार सङ्कलन, लेखन र सम्पादन, एडभान्स्ड रिपोर्टिङ, रेडियोसम्बन्धी कानुनी प्रावधान र आचारसंहिता, रेडियोसँग सम्बन्धित केही प्राविधिक शब्दहरूजस्ता विषय क्षेत्रको चर्चा गरिएको छ । रेडियो पत्रकारिताको परिचय, रेडियोको विश्व इतिहास, दक्षिण एसियामा रेडियो, नेपालमा रेडियो प्रसारण, नेपालमा एफ.एम., रेडियोको विकास जस्ता सैद्धान्तिक पक्षको व्यापक चर्चा गरिएको छ । उक्त पुस्तकको एकाइ ४ मा रेडियो समाचारको बारेमा उल्लेख गरिएको छ । रेडियोका लागि समाचार लेख्दा स्पष्टसँग लेख्नुपर्ने, एउटा अनुच्छेद पूरा भएपछि मात्र वाक्य टुङ्गिनुपर्ने, समाचार लेख्दा पेजको एकापट्टि मात्र लेख्नुपर्ने, गाह्रा शब्दको उच्चारण लेख्नुपर्ने, संक्षिप्त शब्दको प्रयोग गर्न नहुने लेखनमा कर्तृवाच्य र वर्तमान कालको प्रयोग गर्नुपर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ । रेडियो समाचारका लागि

रिपोर्टिङ गर्दा घटना र विषयको छनोट, समाचार स्रोतको पहिचान, सूचना सङ्कलन र प्रस्तुतीकरणमा विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकको पुनरावलोकनले मूलतः प्रस्तुत शोधपत्रको सैद्धान्तिक अवधारणा निर्माण गर्नमा सघाउनुका साथै भाषिक विश्लेषण गर्नमा पनि आधार प्रदान गरेको छ ।

अधिकारी र उपाध्याय (२०७५) द्वारा लिखित *रेडियो पत्रकारिता परिचय* पुस्तक प्रकाशित भएको छ । उक्त पुस्तकको एकाइ १ र एकाइ ४ प्रस्तुत शोधका लागि निकै उपयोगी रहेका छन् । उक्त पुस्तकमा रेडियोमा प्रसारण गरिने कुनै ताजा घटना र समसामयिक विषयबारे स्पष्ट र सरल भाषामा लेखिएका शब्दलाई आम श्रोताले सजिलै बुझ्न सक्ने गरी तयार पारिएको सामग्रीलाई रेडियो समाचार भनिएको छ । समाचार सबैभन्दा बढी निकटतासँग जोडिएको विषय हो । यस पुस्तकमा सामान्य समाचार, रिपोर्टरको आवाज सहितको समाचार, फिचर समाचार, घटनास्थलबाट तयार गरिएको समाचार, रेडियो रिपोर्ट र खोजी समाचार गरी रेडियो समाचारलाई ६ भागमा विभाजित गरिएको छ । साथै रेडियो समाचार सम्पादनको सैद्धान्तिक आधारसहित यसभित्र पर्ने विषयहरूको पनि जानकारी दिइएको छ । रेडियो समाचारको नमुनासमेत उल्लेख गरिएको यस पुस्तकको पुनरावलोकनले व्याख्या विश्लेषणका लागि सैद्धान्तिक आधार र सुझाव लेखनमा सघाउ पुऱ्याएको छ ।

अधिकारी (सम्पा) (२०७०) द्वारा लिखित/सम्पादित *पत्रकारिता उद्घोषण र भाषण* पुस्तक प्रकाशनमा आएको छ । उक्त पुस्तकमा पत्रकारिताको परिचयात्मक चिनारी दिई अभिव्यक्तिगत पक्षलाई सबल कसरी बनाउने भन्ने विषय उल्लेख गरिएको छ । समाचारको परिभाषा, तत्व, वर्गीकरण, समाचार लेख्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू र सम्पादन गर्दा ध्यान दिनुपर्ने कुराहरू भन्दै बुँदाकृत गरिएको छ । यस पुस्तकमा प्रस्तुत समाचारको सैद्धान्तिक अवधारणाअनुरूप रेडियोमा प्रसारित समाचार उपयुक्त छ कि छैन भनेर विश्लेषण गर्नमा दिशानिर्देश गरेको छ । साथै समाचारको सैद्धान्तिक अवधारणा उल्लेख गर्नमा पनि आधार प्रदान गरेको छ ।

म्याकक्विल (२००५ इ.) द्वारा लिखित *मास कम्प्युनिकेसन थ्यौरी* (पाँचौ संस्करण) पुस्तक प्रकाशित भएको छ । उक्त पुस्तकमा आमसञ्चारको सैद्धान्तिक आधारबारे चर्चा गरिएको र आमसञ्चारको संरचना, सङ्गठनसँगै विषय विश्लेषणको सैद्धान्तिक पक्षलाई

उल्लेख गरिएको छ। सञ्चारको विषयका अध्ययनमा मुद्दा, धारणा र विश्लेषणको पद्धतिबारे यस सन्दर्भमा चर्चा छ। सञ्चारको विषयमा अध्ययनको कारण तथा आलोचनात्मक आधार, संरचनात्मक र प्रतीकात्मक अर्थमूलक अध्ययन, सूचनात्मक प्रस्तुतिको सङ्कथनात्मक अध्ययनको चिनारी दिँदै यसको उद्देश्य र मापनका बारेमा पनि उल्लेख छ। यस सन्दर्भमा सञ्चारको प्राप्तिको व्याख्या र तुलना गर्न, सामाजिक तथ्यसँग सञ्चारको तुलना गर्न, समाचारका विषयमा सामाजिक तथा सांस्कृतिक मूल्य र विश्वासको प्रतिविम्बन हेर्न, समाचारको प्रकार्य र असरबारे परिकल्पना गर्न, समाचारपत्रको क्षमता मूल्याङ्कन गर्न समाचारपत्रमा हुने पक्षको अध्ययन गर्न, पाठक वा लक्ष्यको धारणाको विश्लेषण गर्न, समाचारको विधागत सन्दर्भ, सङ्कथन विश्लेषणसँगै विविध रूपरेखाबारे अध्ययन हुने आधारको पनि यस कृतिमा चर्चा गरिएको छ । यसर्थ यस पुस्तकको पुनरावलोकनले आमसञ्चारको बारेमा सैद्धान्तिक धारणा प्रदान गर्नुका साथै आमसञ्चारको स्थिति पहिल्याउनमा आधार प्रदान गरेको छ।

रेडियो नेपालले समाचार लेखन र वाचनका सन्दर्भमा एकरूपता कायम गर्न समाचार निर्देशिका तर्जुमा गरेको पाइन्छ। उक्त निर्देशिकामा विशेषगरी समाचार वाचनका सन्दर्भमा नियमहरू तर्जुमा गरिएको छ । समाचार कक्षाका प्रमुख सम्पादक र समाचार वाचकले गर्नुपर्ने पूर्वतयारी, हेडलाइनको सङ्ख्या र समाचारभित्र समेटिनुपर्ने विषयवस्तुका बारेमा समेत  उल्लेख गरिएको छ। समाचार वाचनको समयावधि, वाचनको गति, समयको अन्तराल र समाचार लेखन र वाचनमा प्रयोग गरिने भाषाका बारेमा सैद्धान्तिक धारणा उल्लेख गरिएको छ। उक्त निर्देशिकाले रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड लागु गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ। यस निर्देशिकाको पुनरावलोकनले प्रस्तुत शोधपत्रमा रेडियो समाचारलाई वाचनगत अवस्थाका आधारमा विश्लेषण गर्न महत्त्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

### २.१.२ **शोधपत्रको समीक्षा**

तिमल्सेना (२०६६) द्वारा 'गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा गोरपखापत्रका सम्पादकीयको संरचना, विवषयवस्तु, शैली, शीर्षक तथा सम्पादकीयमा  प्रयुक्त भाषा, वाक्यका प्रकार, वाक्यकोटि र शब्दभण्डारको अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखिएको छ। यस अध्ययनमा

सामग्री सङ्कलनको निम्ति पुस्तकालयीय अध्ययन विधिलाई मेरुदण्ड बनाई वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिलाई आत्मसात् गरिएको छ । वि.सं. २०६६ आषाढ १ गतेदेखि २०६६ साउन ३० गतेसम्म गोरपखापत्र दैनिकमा प्रकाशित ६० वटा नियमित अङ्कका ५२ वटा सम्पादकीयलाई नमुनाको रूपमा छनोट गरिएको छ । उक्त शोधमा नेपालमा पत्रिकाको सम्पादकीय लेखनको सुरुवात गोरपखापत्रबाट भएको, गोरखापत्रका धेरैजसो सम्पादकीयले २ अनुच्छेदको संरचना, राजनैतिक विषयवस्तु अनुरोधात्मक शैली र ४ शब्दको शीर्षक संरचना अँगालेका छन् । साथै गोरखापत्रको सम्पादकीयमा औपचारिक भाषाको प्रयोग गरिएको, सम्पादकीयमा जटिल, अभूतकाल, सामान्य पक्ष र कर्तृवाच्यका वाक्यहरू बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ । अध्ययन गरिएका सम्पादकीयमा व्युत्पन्न शब्द बढी प्रयोग गरिएको, उखानका दृष्टिले १० वटा उखान प्रयोग गरिएको, सम्पादकीयमा पदसङ्गति नमिलेका केही वाक्यहरू बाहेक गोरपखापत्रका सम्पादकीयहरू उपयुक्त र सान्दर्भिक देखिन्छन् भनेर समेत निष्कर्षका रूपमा उल्लेख गरिएको छ । शोधले शोधार्थीलाई भाषाको संरचनागत अध्ययन एवम् विश्लेषण गर्नमा सघाउ पुऱ्याएको छ ।

अधिकारी (२०६९) द्वारा 'चेष्टा साप्ताहिक पत्रिकामा पाइएको भाषिक त्रुटिको अध्ययन' शीर्षकमा तयार गरिएको छ । उक्त शोधपत्रमा काभ्रे जिल्लाबाट प्रकाशित हुने पत्रिका चेष्टा साप्ताहिकमा पाइने भाषिक त्रुटिको पहिचान गर्नु, ती त्रुटिहरूको विभिन्न आधारमा वर्गीकरण र विश्लेषण गर्नु र ती त्रुटिहरूको निराकरणका उपायहरू सुझाउनु जस्ता उद्देश्य राखेरप शोधकार्य सम्पन्न गरिएको छ । चेष्टा साप्ताहिकको प्रथम पृष्ठमा छापिएको समाचारमा केन्द्रित रहेको यस अध्यनयनमा २०६८ साल भदौ महिनादेखि माघ महिनासम्मको चेष्टा साप्ताहिकलाई प्राथमिक स्रोत र अन्य उपयोगी सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । विशेषतः पुस्तकालयीय अध्ययन विधिको उपयोग गरी शोधलाई नितान्त सैद्धान्तिक बनाइएको छ । नेपाली भाषाप्रतिको उदासीनता, अनविज्ञता, नेपाली भाषाप्रतिको अन्य भाषाको प्रहार आदि कारणबाट नेपाली भाषामा त्रुटिहरू पाइने गरेको, नेपली भाषामा विभिन्न समय र कालखण्डमा वर्णविन्याससँग सम्बन्धित विभिन्न विवादहरूले गर्दा वर्णविन्यासगत त्रुटिहरू रहेको निष्कर्ष निकालिएको छ । पत्रिकाको भाषामा वर्णविन्यासगत एकरूपता कायम गर्न नसक्नुलाई पत्रिकाको कमजोरीका रूपमा औंल्याइएको छ । साथै अर्थगत, लेख्य, चिह्नगत, वचनगत, पदावली, रचनागत, पदक्रमगत, वाक्य रचनागत त्रुटिका साथै सङ्ख्यावचक शब्दको लेखनमा

एकरूपता नभएका कारण त्रुटिहरू देखापरेको निष्कर्ष निकालिएको छ । पुनरावलोकित शोधले रेडियो नेपालबाट प्रसारित समाचारमा देखिएका भाषिक त्रुटिको क्षेत्र पहिचान गर्नमा दिशानिर्देश गरेको छ ।

आचार्य (२०६९) द्वारा 'नेपाल टेलिभिजनको समाचारमा प्रयुक्त नेपाली भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा टेलिभिजनको समाचारमा प्रयुक्त शब्दभण्डारको अध्ययन, वाक्यसंरचना र व्याकरणिक कोटिका आधारमा समाचारको अध्ययन जस्ता उद्देश्यहरू राखिएको छ । उक्त शोधपत्रमा २०६८/११/०१ देखि २०६८/११/१० सम्म नेपाल टेलिभिजनमा प्रसारण भएका समाचारमा आधारित नेपाली समाचारलाई अध्ययन गरी पुस्तकालयीय अध्ययन विधिका साथै वर्णनात्मक एवम् विश्लेषणात्मक विधिद्वारा अध्ययनलाई अघि बढाइएको छ । शब्दभण्डारका दृष्टिले व्युत्पन्न शब्दको प्रचुरता रहेको, सरल एवम् जटिल दुबै प्रकारका वाक्य संरचना रहेको, आलङ्कारिक वाक्य संरचनाभन्दा व्याकरणिक वाक्यसंरचना रहेको निष्कर्ष निकालिएको छ । साथै समाचारको भाषा सरल हुनुपर्ने र प्राविधिक शब्दको कम प्रयोग गर्नुपर्ने सुझावात्मक निष्कर्ष समेत निकालिएको छ । उक्त शोधले प्रस्तुत शोधकार्यको लागि सामग्री सङ्कलन एवम् विश्लेषण गर्न, अध्ययन विधिको आत्मसात् गर्नको लागि आधार प्रदान गरेको छ ।

उपाध्याय (२०७३) द्वारा 'रामारोशन रैबारमा प्रयुक्त अछामी भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा स्रोतका आधारमा प्रयुक्त शब्दभण्डारको अध्ययन, रैबारमा प्रयुक्त भाषाको भाषिक स्वरूपको अध्ययन र रैबारमा प्रयुक्त अछामी भाषाका विशेषता निरूपण गर्नुजस्ता उद्देश्य राखिएको छ । उक्त शोधमा पुस्तकालयीय विधि, क्षेत्रीय विधि आवश्यकतानुसार दुबै विधिको सम्मिश्रण गरी सामग्रीको व्याख्या विश्लेषण गरिएको छ । मौखिक शब्दको कम प्रयोग भएको तर आगन्तुक शब्दले बढी स्थान लिएको प्राथमिककालीन भाषाका केही अवशेष यथावत् रहेको र अछामी भाषाको वैज्ञानिक अध्ययनमा अभाव खड्किएको निष्कर्ष निकालिएको छ । साथै भाषाको विकास र विस्तारका लागि रामारोशन रैबारले अहम् भूमिका खेलेको तर्क प्रस्तुत गरिएको छ । यस पुनरावलोकित शोधकार्यले शोधार्थीलाई तथ्याङ्क सङ्कलन विश्लेषणमा टेवा पुऱ्याई दिशानिर्देश गरेको छ ।

काफ्ले (२०७३) द्वारा 'बुटवल टुडे पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा समाचारपत्र पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा, शैली, संरचना, विषयवस्तु, शीर्षक र संरचनाको अध्ययन, सम्पादकीयमा प्रयुक्त वाक्यहरूको प्रयोग केलाउनु, सम्पादकीयमा शब्दभण्डारको प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखेर शोधकार्य सम्पन्न गरिएको छ । बुटवल टुडेमा प्रकाशित समाचारपत्रमा सम्पादकीय भाषाको अध्ययन शीर्षकको शोधकार्यमा प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरी विशेषतः पुस्तकालयीय अध्ययन विधि, अवलम्बन गरी व्याख्या विश्लेषण गरिएको छ । उक्त पत्रिकाको सम्पादकीय भाषाको शैली, विषयवस्तु, शीर्षक, संरचना, वाक्यहरू र शब्दभण्डार प्रयोगको स्थितिमा विशेषतः शोधकार्य केन्द्रित गरिएको छ । १० वटा सम्पादकीयको अध्ययनबाट ३ शब्दे शीर्षक बढी रहेको, ६ वटा विषयवस्तुमा केन्द्रित सम्पादकीयमा ५ वटा सामाजिक र १ वटा शैक्षिक विषयमा केन्द्रित रहेको, सूचनात्मक शैलीको बाहुल्यता, जटिलभन्दा सरल वाक्यको बढी प्रयोग, अभूतकालका वाक्य संरचनाको प्रयोग व्यापक र अव्युत्पन्न शब्दका तुलनामा व्युत्पन्न शब्दको प्रयोग बढी रहेको निष्कर्ष निकालिएको छ । यस शोधकार्यले शोधार्थीलाई अध्ययन विधि निर्माण गरी व्याख्या विश्लेषण गर्नमा समेत दिशानिर्देश गरेको छ ।

पोखेल (२०७३) द्वारा 'नारी पत्रिकामा प्रयुक्त कोड मिश्रणको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा नारी पत्रिकामा प्रयुक्त अङ्ग्रेजी कोडहरूको पहिचान, उक्त पत्रिकामा प्रयुक्त अङ्ग्रेजी कोडहरूको पदवर्गका आधारमा विश्लेषण र कोड मिश्रणको कारण पत्ता लगाउनु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । २०७३ सालमा प्रकाशन भएका नारी पत्रिकामध्ये छवटा पत्रिकामा सीमाङ्कन गरी अध्ययन गरिएको छ । प्राथमिक स्रोतका रूपमा नारी पत्रिका र द्वितीयक सामग्रीमा शोधसँग सम्बद्ध सामग्रीलाई लिएर पुस्तकालयीय विधिसँग विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । नारी पत्रिकामा कोड मिश्रणका दृष्टिले अङ्ग्रेजी भाषाका कोडहरू मिश्रण्ढा भएको र शब्दवर्गका दृष्टिले सबैभन्दा बढी नाम र सबैभन्दा कम सर्वनाम शब्द समावेश रहेको निष्कर्ष निकालिएको छ । साथै कोड मिश्रणका कारणमा मूलतः पाठकप्रति लक्षित र अङ्ग्रेजी भाषाको प्रभाव विश्वव्यापी हुँदै जानुलाई उल्लेख गरिएको छ । यस शोधकार्यले शोधार्थीलाई समाचारमा रहेको व्याकरणात्मक पक्षको पहिचान गरी विश्लेषण गर्नमा आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

पौडेल (२०७३) द्वारा 'रूप्से दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा रूप्से दैनिक पत्रिकाको सम्पादकीयको बाह्य पक्षको लेखाजोखा गर्नु र रूप्से दैनिक पत्रिकाको आन्तरिक पक्षको विश्लेषण गर्नुलाई उद्देश्यको रूपमा समेटिएको छ । उक्त उद्देश्य पूरा गर्नका लागि पुस्तकालयीय अध्ययन विधिभित्र रहेर रूप्से दैनिक पत्रिकाको सम्पादकीयलाई प्राथमिक स्रोत र पाठ्यपुस्तक, भाषासम्बन्धी लेख, रचना, शब्दकोश जस्ता द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । उक्त शोधमा रूप्से दैनिक पत्रिकाको वि.सं. २०७२ चैत्र १९ देखि २०७३ जेठ २१ सम्मका १० वटा सम्पादकीयलाई मात्र लिइएको छ । उक्त अध्ययनमा सम्पादकीयको बाह्य (शीर्षक, संरचना, विषयवस्तु र शैली) र आन्तरिक (काल, वाक्य, पक्ष, ध्रुवीयता, वाच्य, पदसङ्गति, उखानटुक्का, शब्दभण्डार) पक्षको विश्लेषण गरिएको छ । सो अध्ययनबाट आर्थिक, शैक्षिक, राजनीतिक र दैवी प्रकोपसँग सम्बन्धित सम्पादकीय ३-४ अनुच्छेदमा सुझावात्मक, अनुरोधात्मक, आलोचनात्मक र सूचनात्मक शैलीको प्रयोग गरिएको निकाली भूतकालभन्दा अभूतकालका वाक्यको बढी प्रयोग गरिएको, सरल वाक्य, करण वाक्य, औपचारिक भाषाको बढी प्रयोग गरिएको, कर्तृवाच्यको बढी प्रयोग गरिएको शब्दस्रोतका आधारमा आगन्तुक र तत्समभन्दा तद्भव शब्दको बढी प्रयोग गरिएको, वर्णविन्यासगत त्रुटिहरू रहेको निष्कर्ष निकालिएको छ । साथै शब्द संरचनाको आधारमा सबैभन्दा बढी व्युत्पन्न शब्दको प्रयोग गरिएको, उखानको प्रयोग नगरिएको र टुक्काको एकदमै न्यून प्रयोग गरिएको, पक्षका आधारमा सबैभन्दा सामान्य पक्ष, त्यसपछि क्रमशः पूर्ण पक्ष, अपूर्ण पक्षको प्रयोग भएको तर अज्ञात र अभ्यस्त पक्षको प्रयोग शून्य रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधले अध्ययन विधि र प्रक्रियाअन्तर्गत नमुना छनोट गर्नका साथै व्याकरणात्मक पक्षको आधारमा व्याख्या विश्लेषण गर्न सहयोग प्रदान गरेको छ ।

अर्याल (२०७४) द्वारा 'दैनिक समाचारपत्रमा प्रकाशित बाल समाचारको अध्ययन' शीर्षकमा शोध तयार गरिएको छ । उक्त शोधपत्रमा समाचारपत्रमा प्रस्तुत बाल समाचारको स्थिति अध्ययन गर्नु, बाल समाचारका आधारमा सहभागिताको विश्लेषण गर्नु, समाचारपत्रमा प्रकाशित बाल समाचारको विषयवस्तुको अवस्था अध्ययन गर्नुजस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । उक्त शोधमा गोरखापत्र र कान्तिपुर पत्रिकामा वि.सं. २०७३ फागुन महिनामा प्रकाशित बालसमाचारलाई प्राथमिक स्रोतका रूपमा लिई पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरी व्याख्या विश्लेषण गरिएको छ । उक्त शोध समाचार र

सहभागिता (विषय, क्षेत्र र अन्य) मा केन्द्रित रहेको छ । गोरखापत्र दैनिक र कान्तिपुर दैनिकमा बालसमाचारको समायोजन भएको तर पाठक दृष्टिकोणबाट प्रस्तुत हुन नसकेको, क्षेत्रगत रूपमा गोरखापत्र दैनिकभन्दा कान्तिपुर दैनिकमा मोफसललाई प्राथमिकता दिएको, बाल विशेषज्ञ विनय कसजू र तारक धितालसँग बालसमाचारको स्थिति र सन्दर्भका सम्बन्धमा अन्तर्वार्ता लिई निष्कर्ष प्रस्तुत गरिएको छ । गोरखापत्र दैनिक र कान्तिपुर दैनिकमा बालसमाचार प्रकाशनको स्पष्ट नीति नभएको र सञ्चार सिद्धान्तका आधारमा स्पष्ट भई बालसमाचार लेखनलाई समेत प्राथमिकतामा नराखेको निष्कर्ष निकालिएको छ । उक्त शोधले प्रस्तुत शोधपत्रमा समाचारको भाषाको अध्ययन विश्लेषण गर्दा सामग्री सङ्कलन एवम् व्याख्या विश्लेषणमा टेवा पु¥याएको छ ।

धमला (२०७४) द्वारा 'अनलाइन खबर डटकम दैनिक पत्रिकामा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधकार्यमा अनलाइट खबर डटकमको गृह पृष्ठको समाचारमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु, गृह पृष्ठको समाचारमा प्रयुक्त भाषाको बाह्य पक्षको विश्लेषण गर्नु र आन्तरिक पक्षको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यी उद्देश्यहरू पूरा गर्नका लागि अनलाइट खबर डट कममा प्रकाशित समाचालाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । तथ्याङ्क सङ्कलन पद्धतिमा पुस्तकालयीय अध्ययन तथा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । उक्त शोधमा अनलाइन खबर डटकम पत्रिकाको वि.सं. २०७३ आश्विन २ गतेदेखि ३० गतेसम्मका विभिन्न १३ वटा अङ्कमा छापिएको समाचारलाई मात्र छनोट गरी अध्ययन विश्लेषण गरिएको छ । अनलाइन खबर डट कमको गृहपृष्ठमा छापिएको समाचार चारदेखि सातवटा अनुच्छेदमा सूचनात्मक शैली, विश्लेषणात्मक शैली, सुझावात्मक शैली, अनुरोधात्मक शैली र आलोचनात्मक शैलीको प्रयोग गरिएको अकरणभन्दा करण वाक्यको बढी प्रयोग गरिएको भूत र अभूतकालमा वाक्यको समान प्रयोग गरिएको अज्ञात र अभ्यस्त पक्षका वाक्यहरू प्रयोग नभएको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त अध्ययनले अनलाइट खबर डट कम लगायत अन्य पत्रिकाहरूको भाषिक स्तरोन्नति गरी वर्णविन्यासगत त्रुटिहरू निराकरण गर्ने र समाचारको अभिव्यक्तिगत शैलीमा सुधार गर्दै समसामयिक बनाउन आधार प्रदान गरेको छ ।

कार्की (२०७४) द्वारा 'सोपान पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा सोपान पत्रिकाको

सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन, सोपान पत्रिकाको सम्पादकीयको बाह्य पक्ष (शीर्षक, विषयवस्तु, संरचना र शैली) को अध्ययन, सोपान पत्रिकाको सम्पादकीयको आन्तरिक पक्ष ( शब्दभण्डार, वाक्य, काल) को अध्ययन, सोपान पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषामा देखिएका कमीकमजोरी पहिल्याउनुजस्ता उद्देश्य राखिएको छ । शोधमा प्रयुक्त उद्देश्य पूर्ति गर्नका लागि मूलतः पुस्तकालयीय अध्ययन विधि र व्याख्या तथा विश्लेषण विधिलाई उपयोगमा ल्याइएको छ । जनसङ्ख्या र नमुना छनोटका दृष्टिले हेर्दा वि.सं. २०७१ सालमा प्रकाशित सोपान पत्रिकाका वैशाखदेखि असोजसम्मका ६ वटा अङ्कमा प्रकाशित सम्पादकीयलाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ । यसरी सङ्कलित तथ्याङ्क र सामग्रीलाई सम्पादकीय विश्लेषणको सैद्धान्तिक धरातल र भाषावैज्ञानिक विश्लेषणात्मक पद्धतिको उपयोग गरी अध्ययनलाई निचोडसम्म पुऱ्याइएको छ । उक्त शोधपत्रमा आर्थिक, सामाजिक, प्रशासनिक, राजनीतिक विषयवस्तुमध्ये सबैभन्दा बढी आर्थिक विषयवस्तु समेटिएको सूचना, अनुरोध र सुझावात्मक शैलीमध्ये सूचनात्मक बढी प्रयोग भएको, तीनदेखि आठ शब्दसम्म्म शीर्षकहरू संरचित रहेका, सरल वाक्यको प्रयोग बढी रहेको, अभूत कालका वाक्य बढी प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । साथै शब्दभण्डारका दृष्टिले व्युत्पन्न र अव्युत्पन्न दुई वर्गमा छुट्याई अव्युत्पन्न शब्दको प्रयोग बढी रहेको निष्कर्ष निकीलएको छ । प्रस्तुत शोधकार्यले शोधार्थीलाई भाषिक अध्ययनको संरचनात्मक ढाँचा निर्माण गर्न आधार प्रदान गरेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

पत्रकारिता समाचार र विचार आदिको प्रवाहसँग सम्बन्धित रहेको हुन्छ । रेडियो श्रोताहरूलाई लक्षित गरेर समाचार, विचारमूलक सामग्री आदिको लेखन, प्रशोधन, सम्पादनका साथ सूचनात्मक, शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रमहरूको निर्माण र उत्पादन गरेर रेडियो माध्यमबाट सम्प्रेषण गरिन्छ भने त्यो रेडियो पत्रकारिता हो । रेडियो श्रव्य सामग्री र सस्तो सामग्री हो । सञ्चारका क्षेत्रमा रेडियोको विकास पत्रिकाको विकासपश्चात् भएको हो । रेडियोबाट समाचार बुलेटिनका साथसाथै सूचनात्मक जानकारी दिने उद्देश्यले विभिन्न कार्यक्रमहरू पनि प्रसारित भइरहेका छन् । रेडियोको चरम विकासलाई हेर्दा छोटो समयमा धेरै फड्को मारेको देखिन्छ ।


समाचारको भाषा सरल, स्पष्ट र सुबोध्य हुनुपर्दछ । भाषा उत्कृष्ट बनाउने उद्देश्यले कठिन शब्द छनोट गरी लेखिएको समाचारले सबै पाठकलाई सम्प्रेषणको मूल मर्म व्यक्त नगर्न सक्छ । रेडियो समाचार कथ्यसँग निकटस्थ रहेको देखिन्छ । समाचारको भाषामा हुने विशेषतासहित उच्चारणको पनि ज्ञान समाचारवाचकमा हुनुपर्दछ । रेडियो समाचारवाचकको बोलीमा स्पष्टता, सरलता र सरसता भएन भने समाचारको कुनै अर्थ हुँदैन । सबै श्रोता शिक्षित हुँदैनन् र रेडियो शिक्षित व्यक्ति वा समुदायका लागि मात्र होइन । सबै व्यक्तिलाई सूचनाको हक प्रदान गर्न र सञ्चार क्षेत्रसँग सम्बन्धित तुल्याउनका लागि रेडियोले अहम् भूमिका खेलेको हुन्छ । रेडियो समाचार लेखन र सम्पादन गरिसकेपश्चात् समाचारवाचकले वाचन गर्दछ । लेखन, सम्पादन र वाचनका केही आफ्नै नियम हुन्छन् । मूलतः प्रस्तुत शोधमा आमसञ्चारका क्षेत्रमा रेडियोको स्थापना, समाचार र रेडियो समाचारको भाषा, रेडियो समाचार लेखन, सम्पादन र वाचन गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षको चर्चा गरिएको छ । यसका साथै समाचारमा प्रयुक्त भाषाको व्याकरणात्मक पक्षको अध्ययनसमेत गरिएको छ ।

### २.२.१ आमसञ्चार

दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बीच विचार सम्प्रेषण हुनुलाई सञ्चार भनिन्छ । यही 'सञ्चार' शब्दमा 'आम' उपसर्ग लागेर 'आमसञ्चार' बनेको छ । शाब्दिक दृष्टिले हेर्दा 'आम' को अर्थ 'धेरै' र 'सञ्चार' को अर्थ 'सन्देश आदानप्रदान' भन्ने हुन्छ । त्यसैले आमसञ्चार धेरै ठाउँमा एकैपटक सन्देश पुऱ्याउने माध्यम हो । कुनै पनि माध्यमको प्रयोग भई एक स्थानबाट सम्प्रेषण भएको सामग्री (सूचना वा सन्देश) एकैपटक धेरै जनसमुदायबीच पुग्दछ भने त्यसलाई आमसञ्चार भनिन्छ (के.सी., २०७२ : १७) । अङ्ग्रेजीमा आमसञ्चारलाई 'मास कम्युनिकेसन' भनिन्छ । यसमा 'मास'को अर्थ पनि धेरै वा भीड भन्ने नै हुन्छ । सूचना ज्ञान वा जानकारीको प्रसार वा प्रवाह गर्ने कार्य सञ्चार हो र यसैलाई एकै समयमा ठूलो समूहसम्म पुऱ्याउने काम आमसञ्चार हो (चालिसे, २०६० : १९) । एकै समयमा विभिन्न समुदायका बीच सञ्चारको आदानप्रदान गर्न सकिने माध्यम जस्तैः रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन आदि आमसञ्चारका माध्यम हुन्; यिनै माध्यममार्फत् आममानसमा सूचना वा जानकारी प्रदान गरिन्छ ।

### २.२.२ आमसञ्चारको वर्गीकरण

समाजमा विद्यमान रहनसहन, रीतिरिवाज, चालचलन, सामाजिक मान्यतालाई एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण गर्ने कार्य आमसञ्चारले गर्दछ । सूचना र समाचार प्रसारण गर्नु यसको मुख्य कार्य भए पनि विविध क्षेत्रमा यसको महत्त्व रहेको छ । विश्वमा पन्ध्रौं शताव्दीमा छापाखानाको विकास भएसँगै आमसञ्चारको विस्तार सुरु भएको हो । नेपालमा भने वि.सं. १९०८ मा तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायतबाट छापाखाना ल्याएर गिद्दे प्रेसको नामबाट काठमाडौँको थापाथलीमा प्रेस स्थापना गरेसँगै आमसञ्चारको अभ्यास हुन थालेको हो । समयको परिवर्तनसँगै आमसञ्चारका क्षेत्रमा पनि विकास भएको देखिन्छ । आमसञ्चारलाई माध्यमका दृष्टिले निम्नानुसार वर्गीकरण गरिएको पाइन्छ :




(स्रोत : खनाल, २०६८ : ३८)

### २.२.३ रेडियो पत्रकारिता

कुनै पनि आमसञ्चार माध्यमको प्रयोग गरी सूचना वा समाचारमूलक सामग्रीको प्रकाशन वा प्रसारण गर्नुलाई पत्रकारिता भनिन्छ । रेडियो माध्यमका लागि गरिने पत्रकारिता नै रेडियो पत्रकारिता हो । रेडियो श्रोताहरूलाई लक्षित गरी समाचार, विचारमूलक सामग्री आदिको लेखन, प्रशोधन, सम्पादनका साथ सूचनामूलक शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रमहरूको निर्माण र उत्पादन गरेर रेडियोका माध्यमबाट सम्प्रेषण गरिन्छ भने त्यो रेडियो पत्रकारिता हुन्छ (खनाल र अन्य, २०७३ : १) । नेपालमा रेडियो नेपालको जन्मसँगै

रेडियो पत्रकारिताको अभ्यास सुरु भएको हो । निजी क्षेत्रमा पनि रेडियो प्रसारण आरम्भ भएपछि नेपालमा रेडियो पत्रिकारिता सशक्त बनेको हो । नयाँ नयाँ सूचनाको सङ्कलन र सम्प्रेषण पत्रकारिता हो । २००७ सालमा रेडियो नेपालको सुरुआतसँगै छापा माध्यममा सीमित पत्रकारिता विद्युतीय माध्यममा फैलियो र यसको लोकप्रियता झनै बढेको छ ।

### २.२.४ रेडियोको विश्वइतिहास

आमसञ्चारका क्षेत्रमा पत्रिकाको विकासपछि रेडियोको विकास भएको हो । सैद्धान्तिक रूपमा रेडियोको आविष्कार स्कटल्याण्डका भौतिकशास्त्री जेम्स कलर्क म्याकवेलले सन् १८६८ मा गरेका हुन् । जर्मनका भौतिकशास्त्री हेनरिच हर्ट्जले सन् १८८७ मा म्याक्सवेलले प्रतिपादन गरेको प्रसारणसम्बन्धी सिद्धान्तलाई लिएर गरेको लामो परीक्षणपछि विद्युतीय प्रवाह विद्यमान हुन्छ भन्ने धारणा पुष्टि गरे । उनले केही समयपछि वायरलेस सङ्केत टाढा पठाए । वास्तवमा वायरलेस नै रेडियोको पुरानो नाम हो (खनाल र अन्य, २०७३ : ३) ।

सन् १८९४ मा इटालीका वैज्ञानिक गुग्लिएल्मो मार्कोनीले गुग्लिएल्मो मार्कोनी रेडियोको तरङ्ग विस्तार गर्दै विद्युतीय तारबिना आवाज सम्प्रेषण गर्न सफल भएपछि विश्वमा रेडियोको आविष्कार भएको हो । रेडियो प्रसारणसम्बन्धी विद्युत् चुम्बकीय तरङ्गको सिद्धान्त सन् १८६० को दशकमा प्रतिपादन भए तापनि विश्वमा औपचारिक रूपमा रेडियो प्रसारण अमेरिकाको पेन्सलभेनिया राज्यको पिट्सवर्गबाट केडीकेए रेडियो सन् १९२० नोभेम्बर २ देखि भएको हो (डब्लु डब्लु डब्लु डट विकिपिडिया डट कम) । सन् १९२२ मा ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन (बीबीसी) ले रेडियो प्रसारण आरम्भ गर्‍यो । सन् १९२० का दशकमा विश्वका विभिन्न क्षेत्रमा रेडियो स्थापनाले तीव्र गति लिन थाल्यो । सन् १९३० को दशकलाई रेडियो प्रसारणको स्वर्ण काल मानिन्छ । विश्व इतिहासमा यसरी विकास भएको रेडियो अहिले आमसञ्चारको महत्त्वपूर्ण माध्यमका रूपमा विकसित भइसकेको छ ।

- फ्रेड्क कोनार्डले पहिलो मिडियम वेभ प्रसारण १९२० को दशकमा सुरु गरेका थिए । सोही दशकबाट शर्ट वेभको प्रसारण पनि सुरु भएको,
- दक्षिण एसियामा रेडियो प्रसारणको सुरुवात सिलोनबाट रेडियो सिलोन (हाल श्रीलङ्का प्रसारण संस्था) का नामले सुरु गरिएको,
- सन् १९३३ मा एफ.एम. रेडियोको आविष्कार एडविन होकार्ड आमस्ट्रङ्गले गरेका,

- सन् १९५४ मा पकेट ट्रान्जिस्टर रेडियोको आविष्कार,
- सन् १९६३ मा पहिलो रेडियो कम्युनिकेसन सेटलाइट, टेलस्टार आकाशमा प्रक्षेपण गरिएको,
- सन् १९९० को दशकमा कम्प्युटर अडियो कार्ड प्रयोग गरी रेडियो सिग्नल प्रोसेस गर्ने काम सुरु,
- १९९० कै दशकबाट डिजिटल प्रसारणको आरम्भ

(स्रोत : खनाल र अन्य, २०७३ : ३) ।

### २.२.५ दक्षिण एसियामा रेडियोको इतिहास

स्कटल्याण्डले सन् १८६८ मा सैद्धान्तिक रूपमा रेडियोको आविष्कार गरेपछि अमेरिकाले सन् १९२० मा औपचारिक रूपमै रेडियो प्रसारण गरेर विश्वइतिहासमा हलचल उत्पन्न गऱ्यो । समयको परिवर्तनसँगै विभिन्न देशमा रेडियोको प्रसारण सुरु हुन थाल्यो । त्यसैको प्रभावस्वरूप दक्षिण एसियामा पनि रेडियो प्रसारण सन् १९२४ मा रेडियो सिलोन प्रसारण गरेर एसियाकै पुरानो प्रसारित रेडियो भएको उल्लेख गरेको छ (डब्लु डब्लु डब्लु डट विकिपिडिया डट कम) ।

दक्षिण एसियामा रेडियो प्रसारणको विकासलाई हेर्दा क्रमिकताका आधारमा निम्नानुसार उल्लेख गरिन्छ :

| | |
|---|---|
| श्रीलङ्का : | सन् १९२४ मा रेडियो प्रसारण सुरु |
| भारत : | सन् १९२४ मा मद्रास रेडियो क्लबको स्थापना |
| अफगानिस्तान : | सन् १९२५ मा रेडियो काबुलको स्थापना |
| बङ्गलादेश : | सन् १९३९ मा बेतार ब्रोडकास्टिङ सुरु सन् १९७१ मा रेडियो बङ्गलादेश सुरु |
| पाकिस्तान : | सन् १९४९ मा रेडियो पाकिस्तानको सुरुवात |
| नेपाल : | सन् १९५० मा रेडियो नेपालको स्थापना |
| माल्दिभ्स : | सन् १९६२ मा रेडियोको स्थापना |
| भुटान : | सन् १९७३ मा भुटान ब्रोडकास्टिङ्ग कर्पोरेसनद्वारा रेडियो प्रसारण |

### २.२.६ नेपालमा रेडियोको विकास

रेडियो नेपाल वि.सं. २००३ साल मंसिर महिनामा हाल विद्युत प्राधिकरण रहेको भवनमा पाँच वाटको शक्तिबाट आरम्भ भएको हो । यो प्रसारण सात-आठ महिनासम्म मात्र सञ्चालन रहेको थियो । जहानियाँ राणाशासनको अन्त्य गर्ने उद्देश्यले २००६ सालमा विराटनगरमा एक आकाशवाणीको स्थापना गरिएको थियो । २००७ साल मंसिर २८ गते बिहान ८:३० बजे एकाएक एक प्रसार सुनियो “यो नेपाल प्रजातन्त्र रेडियो हो । हामी विराटनगर मुक्तिमोर्चाबाट बोलिरहेका छौं” (डब्लु डब्लु डब्लु डट विकिपिडिया डट कम) । वि.सं. २००७ अघि मुलुकमा राणा शासनले गर्दा सर्वसाधारणले रेडियो सेट पनि राख्न पाउँदैनथे । दोस्रो विश्वयुद्धता संसारभर रेडिया लोकप्रिय भएपछि जुद्ध शमशेरले राणापरिवारका सदस्यलाई मात्र रेडियो सुन्न पाउने स्वतन्त्रता दिएका थिए । राणाकालमा केही उदारवादी भनी चिनिएका प्रधानमन्त्री पद्म शमशेरले सर्वसाधारणलाई रेडियो सेट राख्न र सुन्न अनुमति दिएको पाइन्छ ।

रघुपति जुटमिल्स विराटनगरमा प्रजातन्त्र रेडियो एउटा कोठामा आकाशवाणी सेट राखेर ४१ मिटर बेन्ड शर्ट वेभमा कार्यक्रम प्रसारण गरिएको थियो । यसको प्रसारण काठमाडौँ, दार्जिलिङ, कलकत्ता, गोरखपुर र बनारससम्म सुन्न सकिन्थ्यो । रेडियो केन्द्रको स्थापना र सञ्चालन गर्नमा तारिणीप्रसाद कोइरालाको उल्लेख्य योगदान रहेको छ । तारिणीप्रसाद कोइरालाकै अग्रसरतामा २००७ चैत २० गते राजधानी काठमाडौँमा सारियो ( खनाल र अन्य, २०७३ : ६) । सुरुसुरुमा रेडियो नेपालको ट्रान्समिटर क्षमता २५० वाट मात्रै रहेको थियो । राष्ट्रिय एकता र अखण्डता सुदृढ गर्ने, नेपाली कला र संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यले रेडियो नेपालको स्थापना भएको देखिन्छ ।

रेडियो नेपालले प्रसारणको सरुवाती समयमा चारवटा भाषामा समाचार प्रसारण गरेको थियो । ती हुन् : नेपाली, अङ्ग्रेजी, नेवारी र हिन्दी । २००७ को राजनीतिक परिवर्तनपछि राष्ट्रिय प्रसारणमा नेवारी र हिन्दी भाषामा समाचार प्रसारण स्थान दिन छोडियो । बिहानी दिउँसो र बेलुकीको सेवा गरी प्रसारणको रूपरेखालाई चार घण्टाबाट प्रारम्भ गरेको थियो । २०१७ सालमा चार घण्टाबाट पाँच घण्टा प्रसारण अवधि राखेको र २०२५ सालदेखि दिनको सात घण्टा प्रसारण अवधिलाई १२ घण्टामा कायम गरियो । २०४५ सालदेखि शनिबार र अरू सार्वजनिक बिदाहरूको दिनमा पनि थप प्रसारणहरू सुरु गरेको

पाइन्छ (कोइराला, २०५८ : १८५) । रेडियो नेपालले २०७३ भदौ १ देखि २४ सै घण्टा प्रसारण अवधि कायम गरेको छ । रेडियो नेपालको विकास र विस्तारमा मित्र राष्ट्रहरू भारत, बेलायत, अमेरिका र जापान सरकारको प्राविधिक र आर्थिक सहयोग रहेको पाइन्छ । रेडियो नेपालको अहिलेको आकर्षणमध्ये विभिन्न भाषामा समाचार तथा कार्यक्रम प्रसारण पनि एक हो । अहिले यसबाट नेपाली, अङ्ग्रेजी, थारु, तामाङ, नेवारी, हिन्दी, मैथिली, भोजपुरी, राई, वान्तवा, गुरुङ, अवधी, लिम्बू, मगर, शेर्पा, उर्दू र संस्कृत भाषामा समाचार प्रसारण हुन्छ । २०६२/२०६३ को ऐतिहासिक जनआन्दोलनपछि निजी लगानीका एफ.एम. रेडियो क्रम निकै बढ्यो । खुकुलो सरकारी नीति, रेडियोप्रति सर्वसाधारणको रुचि, नेपालको भू-बनोट सुहाउँदो लगायतका विविध कारणले एफ.एम. रेडियोको सख्यामा तीव्र वृद्धि भएको हो ।

### २.२.७ नेपालमा एफ.एम. रेडियोको विकासक्रम

एफ.एम. रेडियोको विकास सन् १९३० को दशकको प्रारम्भमा अमेरिकाको कोलम्बिया विश्वविद्यालयका इलेक्टिकल इन्जिनियरिङका प्राध्यापक एडबिन होवार्ड आर्मस्ट्रङ्गले गरेका हुन् । नेपालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ ले विचार अभिव्यक्तिको स्वतन्त्र प्रदान गऱ्यो । संविधानको मूल मर्मलाई आत्मसात् गर्दै बनेको सञ्चार नीति २०४९ ले प्रसारण ऐनअन्तर्गत रही निजी क्षेत्रका संगठित संघ संस्थाले निश्चित क्षेत्रमा फ्रिक्वेन्सी मोडुलेसन (एफ.एम.) प्रसारण प्रणाली गर्ने अनुमतिपत्र प्रदान गर्ने व्यवस्था गऱ्यो र यही नीतिअनुरूप प्रसारण ऐन २०४९ बनेको पाइन्छ (खनाल र अन्य, २०७३ : ७) । नेपालमा सबैभन्दा पहिले रेडियो नेपालले २०५२ कार्तिक ३० गतेदेखि १०० मेघाहर्जमार्फत प्रसारण गरी पहिलोपटक एफ.एम. प्रसारण आरम्भ गरेको पाइन्छ । यसैगरी २०५४ जेठ ९ गतेदेखि दक्षिण एसियाको पहिलो स्वतन्त्र सामुदायिक रेडियोको रूपमा रेडियो सगरमाथा एफ.एम. १०२.४ मेघाहर्जले आफ्नो नियमित प्रसारण सुरु गऱ्यो (के.सी., २०७२ : ६८) । यो नेपाल वातावरण पत्रकार समूहले सञ्चालन गरिरहेको छ ।

राष्ट्रिय प्रसारण नियमावली २०५२ बमोजिम समाचार र सूचनामूलक कार्यक्रम प्रसारण गर्न चाहनेलाई इजाजत दिन थालिएको थियो । समाचारमूलक कार्यक्रम प्रसारण गर्न अनुमति दिए पनि एफ.एम. आफैले उत्पादन गर्न पाउँदैनथे । रेडियो नेपालले तयार पारेको वा रेडियो नेपालबाट प्रसारित समाचार प्रसारण गर्नुपर्ने बाध्यता थियो । २०५८

साउन १ गतेदेखि एफ.एम. स्टेसन स्वयम्ले समाचार उत्पादन गरी प्रसारण गर्ने अनुमति पाएको हो (ऐ.ऐ. : ६७) । अहिले नेपालका प्रायः सबै जिल्लाहरूमा गरेर एफ.एम. स्टेसनहरू सञ्चालनमा रहेका छन् । नेपालमा भएको एफ.एम. रेडियोका विस्तारले नेपाली समाजप्रति यसको आकर्षण बढ्दो देखिन्छ ।

### २.२.८. समाचार

सामान्यतः कुनै पनि घटनालाई पाठक समक्ष राख्न, विसङ्गति, अनियमितता तथा अन्याय अत्याचारहरूको बारेमा जानकारी प्रदान गर्न जनतासमक्ष प्रचारप्रसार गरिने सामग्री नै सामग्री हो । समाचारलाई अङ्ग्रेजीमा न्युज भनिन्छ । यो शब्द अङ्ग्रेजीको 'न्यु' ल्याटिन भाषाको 'नोभो' र संस्कृत भाषाको 'नव' शब्दमा आधारित छ । कुनै पनि समसामयिक विषय, महत्त्वपूर्ण र अनौठा घटनाक्रम, विकासक्रम आदिको जानकारी नै समाचार हो ( कोइराला, २०५८ : ८७) । यसै सन्दर्भमा चार्ल्स एन्डरसन डाना भन्छन् : "कुकुरले मान्छेलाई टोक्यो भने समाचार हुँदैन, जब मान्छेले कुकुरलाई टोक्छ त्यो बल्ल समाचार बन्दछ" (अधिकारी, २०७० : १३) । यसर्थ नयाँ विषयवस्तुबाट आएको जानकारी नै समाचार हो ।

समाचारले घटना वा दुर्घटनाका बारेमा जानकारी दिन्छ । चारै दिशा उत्तर, पूर्व, पश्चिम र दक्षिणमा के के भइरहेको छ भनेर नवीनतम् जानकारी दिनु नै समाचार हो । समाचारको भाषा सरल र सटिक हुनुपर्छ । समाचारको शक्ति अतुलनीय र अकल्पनीय स्वरूपको हुने भएकाले समाचार वाचन वा पत्रकारले पत्रकारिताको मर्यादामा रही आफ्नो कर्तव्यबोधमा कटिबद्ध रहनुपर्छ । नयाँ कुरा नै समाचारको प्राण हुन आउँछ र पुरानो भईसकेको विषयवस्तु समाचार हुन सक्दैन । समाचार आफ्नो नजिकै घटित घटना, विकासक्रम आदिका बारेमा लेखिएका वा छाीपएका कुराहरू आदिका बारेमा लेखिएका वा छापिएका कुराहरू मानिस पढ्न रुचाउँछन् । समाचार सम्प्रेषण गर्दा वा तयार गर्ने क्रममा सङ्कलकले भावनामा नबहकी प्रतिशोधको भावना नबोकी यथार्थ विवरणको चित्रण गर्नुपर्छ । समाचार बन्नका लागि घटना अनौठो र जानकारी प्रदान गर्ने हुनुपर्छ । जसले समाजमा जनचेतनामूलक शिक्षा प्रदान गर्ने कार्य गर्दछ ।

### २.२.९ समाचारको बनोट


समाचार प्रसारण गर्दा समाचार लेखन तथा संरचनालाई बान्की मिलाएर आदि, मध्य र अन्त्यको शृङ्खलामा विभक्त गरी सम्प्रेषण गर्ने कार्य नै समाचारको बनोट हो । समाचारदाताले तयार पारेको समाचार कथारूपी मालालाई हेरेर, जाँचेर आवश्यकतानुसार छोटो छरितो र चिटिक्क पारेर छापाको पृष्ठमा सुहाउँदो आकारमा ढाल्ने अथवा श्रोता वा टेलिभिजन दर्शकलाई आकर्षित गर्ने हिसाबले ठिक पार्ने काम समाचार सम्पादकले गर्दछन् (चालिसे, २०६५ : २०) । सम्पादकले समाचारलाई सम्प्रेषणयुक्त बनाउनका लागि समाचारको संरचनामा भित्र सूचना सम्प्रेषण गर्ने गर्नुपर्छ । रेडियो समाचार निश्चित समयसीमामा बाँधिएको हुन्छ । आफूलाई प्राप्त समयभित्र जसरी पनि समाचार तयार गर्नुका साथै कुन समाचार कति मिनेटको राख्ने त्यसमा पनि समय तोकिएको हुन्छ । त्यसैअनुरूप रेडियो समाचारको बनोट तयार गरिन्छ ।

### २.२.१० रेडियो समाचार लेखन

समाचारको भाषा सरल र बोधगम्य हुनुपर्दछ । समाचार सङ्कलन गर्दा लेखिने भाषा बुझिने र सफा अक्षरमा लेख्ने गर्नुपर्छ । रेडियोको लागि समाचार लेख्दा बोलीको भाषा प्रयोग हुन्छ । रेडियो समाचार तयार पार्दा साउन्ड इफेक्ट र भ्वाइसलाई समाचारको बीच बीचमा राख्न सकिन्छ तर आवाज राख्दा सन्दर्भ मिलाएर मात्र राख्नुपर्ने हुन्छ (उपाध्याय, २०७३ : ३) । समाचार लेखनको भाषाले जो कोही व्यक्तिलाई सूचना प्रदान गर्ने गुण बोकेको हुनुपर्दछ । समाचार लेखन र वाचन कलाका बीच तादात्म्यता बोकेको हुनुपर्दछ । समाचार लेखनमा छोटा छोटा वाक्यको प्रयोग, अप्रत्यक्ष कथनभन्दा प्रत्यक्ष कथनको प्रयोग गर्नु राम्रो ठानिन्छ । रेडियो समाचार तयार पार्दा दायाँबायाँ, तलमाथि एक.एक. इन्च खाली ठाउँ छोड्नुपर्दछ भन्ने तल्लो र माथिल्लो लाइनबीच दोब्बर खाली ठाउँ हुनुपर्दछ । ठूलो अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्दछ भने लेख्दै जाँदा कुनै अक्षर नअटाएमा हाइफन (–) प्रयोग गर्नुहुँदैन (खनाल र अन्य, २०७३ : ७१) । प्रत्येक नयाँ विचार र घटनाको लागि नयाँ अनुच्छेद सुरु गर्नु राम्रो हुन्छ ।

समाचारको भाषा लेखनमा मानक भाषाको प्रयोग गर्नुपर्छ, समाचारमा कोडमिश्रण गर्नुहुँदैन । कर्तृवाच्य, मध्यम आदर र वर्तमान कालको प्रयोग गरेर समाचार लेख्नुपर्दछ । रेडियो समाचार लेख्दा पत्रपत्रिकामा जस्तो छपाइ शुद्धिका चिह्नहरूको प्रयोग हुँदैन । एउटा

अनुच्छेद पूरा भएपछि मात्र वाक्य टुङ्गिनुपर्दछ । घटनाप्रधान समाचारलाई उल्टो पिरामिड शैलीमा लेखिन्छ । यस्तो शैलीमा समाचार लेख्दा सुरुमा समाचारको मुख्य कुरा आउनुपर्दछ । उल्टो पिरामिडको सङ्गठन निम्नप्रकारको हुने गर्दछ :




(स्रोत : कोइराला, २०५८ : ९९) ।

उपर्युक्त पिरामिड ढाँचा मूलतः घटनामूलक समाचार लेखनमा उपयोग गरिने पद्धति हो । कुनै पनि घटनाको पूर्ण  जानकारी प्राप्त गर्न र सही सूचना  सम्प्रेषण गर्नका निम्ति यस पद्धतिलाई उपयोगी ठानिन्छ । समाचार लेखन लगायतका अन्य विषय शीर्षकमा आधारित रही विश्लेषण गर्नमा पनि यो पद्धति उपयुक्त मानिन्छ । प्रस्तुत शोधमा रेडियो समाचारमा रहेका प्रमुख शीर्षकहरू (हेडलाइन) को विस्तार गर्नमा यो पद्धति कति उपयोगी भएको छ भनेर अध्ययन गरिएको छ । समाचारमा समावेश भएका हेडलाइन सङ्ख्याले पिरामिड ढाँचाका कुन कुन आधारलाई समेटेको छ; त्यसमा केन्द्रित रही व्याख्या विश्लेषण गरिएको छ ।

### २.२.११ समाचारको विषयवस्तु

विषयवस्तु भन्नाले क्षेत्र भन्ने बुझिन्छ । प्रस्तुत शोधमा विषयवसतुअन्तर्गत हेडलाइनले समेटेको घटना क्षेत्रलाई नै विषय क्षेत्रका रूपमा राखिएको छ । रेडियो

समाचारमा समावेश भएका हेडलाइनले भाषिक विषयक्षेत्रलाई पनि समेटेको पाइन्छ । सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, खेलकुद, स्वास्थ्य, प्रकोपीय तथा दुर्घटना र वातावरणीयजस्ता विविध विषयमध्ये समाचार कुन पक्षसँग सम्बन्धित रहेको छ, उक्त सम्बन्धित पक्ष नै विषयवस्तु हो । एउटा विषयसँग मात्र सम्बन्धित रहेर समाचार तयार गर्न सकिए पनि सान्दर्भिक ठहरिँदैन । रेडियोबाट प्रसारित समाचारमा मुख्य खबर विविध विषयसँग सम्बन्धित रहेर तयार पारिन्छ । यसरी समाचारमा प्रयुक्त भाषालाई विषयवस्तुका आधारमा वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्दा मूलतः सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रकोपीपय तथा दुर्घटना, खेलकुदजस्ता विषयवस्तुलाई विषयक्षेत्रका रूपमा राखिएको छ ।

### २.२.१२ रेडियो समाचार वाचन

वाचनको तात्पर्य वाच्ने; पाठ गर्ने वा पढेर सुनाउनु हो । यस अर्थमा रेडियो, टेलिभिजन तथा अन्य अन्य लिखित सामग्रीमा आधारित भई वाचन गर्नु भन्ने पनि बुझ्नुपर्दछ । पठन/वाचन अभिव्यक्ति कै एउटा विशिष्ट पक्ष हो । वाचनलाई कला जोडेर भन्दा यो एउटा भाषिक सिपका रूपमा पनि अर्थिन्छ । रेडियो समाचार वाचन गर्दा उच्चारण मानक हुनुपर्दछ । लिखित समाचारलाई समाचारवाचकले समाचार उच्चारण गर्दा विशेषतः पञ्चम् वर्ण, हलन्त, अजन्त उकार, एकारजस्ता व्याकरणिक सिद्धान्तमा ध्यान दिनुपर्दछ । रेडियोबाट प्रसारित समाचारमा वर्णविन्यास कथ्य रहेको हुन्छ । यसका साथै रेडियो समाचार वाचन गर्दा विभिन्न प्राविधिक पक्षलाई समेत ध्यान दिनुपर्ने हुन्छ । रेडियो समाचार वाचन गर्दा निम्नलिखित पक्षहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ :

- शुद्ध र स्पष्ट उच्चारण गर्नुपर्दछ ।
- एक दुई समाचार पढिसकेपछि बिचमा ब्रिज म्युजिक राख्नुपर्दछ ।
- गहकिलो र आफ्नै मौलिक शैलीमा वाचन गर्नुपर्दछ ।
- प्राविधिक सङ्केतलाई ख्याल गर्नुपर्दछ ।
- सबैले बुझ्ने किसिमले विस्तारै एउटै गतिमा वाचन गर्नुपर्छ ।
- पढ्दापढ्दै गल्ती भए तुरुन्तै क्षमा मागी पुनः त्यसैलाई दोहोऱ्याएर पढ्नुपर्दछ । सही र स्पष्ट उच्चारण हुनुपर्दछ ।

- छोटो र मिठो भाषाशैलीको प्रयोग गर्नुपर्दछ ।
- छोटकरी शब्दहरूको प्रयोग गर्नुहुँदैन । जस्तै प्रजिअ नभनेर प्रमुख जिल्ला अधिकारी नै भन्नुपर्ने हुन्छ ।

उल्लिखित नियमहरूलाई समाचार वाचन गर्दा अवलम्बन गर्नुपर्ने हुन्छ । विभिन्न रेडियो, एफ.एम. संस्थाहरूले वाचनमा एकरूपता ल्याउनका लागि निर्देशिका तयार गरेको हुन्छ । समाचार वाचन गर्दा मानक उच्चारणमा भने विशेष ख्याल गर्नुपर्छ । समाचार लेखन र वाचनका सन्दर्भमा  रेडियो नेपालले समाचार निर्देशिका तयार पारेको छ । यही निर्देशिकाअनुसार रेडियो नेपालको समाचार वाचनमा एकरूपता गरेको पाइन्छ । रेडियोबाट प्रसारित समाचारलाई वाचनका दृष्टिले विश्लेषण गर्दा रेडियो नेपालको समाचार निर्देशिकालाई आधार मानिएको छ । रेडियो समाचार वाचन गर्दा उक्त निर्देशिकामा निम्नलिखित कुराहरू उल्लेख गरिएको छ :

- हेडलाइन ३० सेकेन्डदेखि १ मिनेटसम्म हुने,
- हेडलाइन कम्तिमा राष्ट्रिय (नेपाली) २ र अन्तर्राष्ट्रिय १ हुने,
- एक हेडलाइनदेखि अर्को हेडलाइन पढ्दा औसत २ सेकेन्ड ग्याप गर्ने
- समाचार वाचन गर्दा प्रतिमिनेट १२० शब्दका दरले गर्ने,
- सामान्यतया एक समाचारपछि अर्को समाचारको अन्तर २ सेकेन्ड राख्ने,
- खेलकुद र भक्सपप सामान्यतया १ मिनेट ३० सेकेन्डको हुने,
- सम्भव भएसम्म बोलीचालीमा प्रयोग हुने सरल भाषा प्रयोग गर्ने,
- विज्ञापनका लागि समाचार ब्रेक गर्दा सबै बुलेटिनमा एउटै समयमा गर्ने । एकपटक मात्र विज्ञापन दिँदा बुलेटिनको आधा समयमा गर्ने वा दुई वा तीनपटक दिनुपर्ने भएमा त्यसैअनुसार कुल बुलेटिन समयलाई बराबरी खण्डमा बाँडेर राख्ने,
- भक्सपप्मा भ्वाइस राख्दा भ्वाट्ट नकाट्ने र प्राकृतिक बनाउनका लागि परिवेश अनुसारको आवाज प्रयोग गर्ने,

- सम्भव भएसम्म उक्त वा सो शब्दको प्रयोग नगर्ने । त्यस ठाउँमा जुन कार्यक्रम वा समारोहको समाचार हो त्यसैको नाम प्रयोग गर्ने ।

(स्रोत : रेडियो समाचार निर्देशिका)

समाचारलाई वाचनका दृष्टिले विश्लेषण गर्दा रेडियो नेपालको समाचार निर्देशिकालाई आधार मानिएको छ । प्रस्तुत शोधमा मूलतः समयको अन्तराल, वाचनको शुद्धता र वाचनको गतिलाई आधार मानेर विश्लेषण गरिएको छ ।

### २.२.१३ रेडियो समाचारमा व्याकरणात्मक पक्ष

भाषालाई मानक बनाउन व्याकरणले अहम् भूमिका खेलेको हुन्छ । व्याकरण भाषाको नियम हो । भाषामा प्रयुक्त शब्द, वाक्य तथा अनुच्छेद संरचनाको अध्ययन पनि व्याकरणका आधारमा हुन्छ । समाचारको भाषा मानक हुनुपर्छ । प्रस्तुत शोधपत्रमा रेडियो समाचारमा व्याकरणात्मक एकाइहरूको प्रयोग कसरी भएको छ वा समाचारमा प्रयुक्त भाषामा व्याकरणिक एकाइहरू कसरी आएका छन्, त्यसको अध्ययन गरिएको छ । यसर्थ व्याकरणात्मक पक्षअन्तर्गत काल, पक्ष, वाच्य, ध्रुवीयता र वाक्यको अध्ययनलाई राखिएको छ ।

#### २.२.१३.१ वाक्य

वाक्य एउटा पूर्ण विचारको अभिव्यक्ति हो । उपवाक्यभन्दा ठूलो वा माथिल्लो व्याकरणात्मक संरचना वा एकाइलाई वाक्य भनिन्छ (शर्मा, २०७१ : २९१) । वाक्य उपवाक्यभन्दा माथिल्लो एकाइ हो । यसका संरचनामा सबै तल्ला व्याकरणिक एकाइहरू ( क्रमशः उपवाक्य, पदावली र पद) सम्मिलित रहेका हुन्छन् । वाक्यांशभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्य बन्नका लागि एउटा उद्देश्य र एउटा विधेय हुनुपर्दछ । क्रियामा वर्णित कार्य सम्पन्न गर्न आउने नामिक पदलाई उद्देश्य र उद्देश्यका बारेमा जानकारी दिने घटकलाई विधेय भनिन्छ । यसर्थ वाक्य उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक संरचना हो ।

वाक्य उद्देश्य खण्ड र विधेय खण्डको निश्चित संरचनामा संरचित हुन्छ । वाक्यको बनोट उपवाक्यबाट हुन्छ, तसर्थ उपवाक्यलाई वाक्यको संरचक मानिन्छ । वाक्यको प्रकृतिअनुसार यसको संरचना निर्धारित हुन्छ । वाक्य संरचनाका दृष्टिले वाक्यलाई दुई प्रकारमा राखेको पाइन्छ :

(क) **सरल वाक्य** : एउटा मात्र उद्देश्य र विधेय भएको वाक्य सरल वाक्य हो । अर्थात् एउटा मात्र समापिका क्रिया भएको, असमापिका क्रिया नरहेको स्वतन्त्र वाक्यलाई सरल वाक्य भनिन्छ । संरचनात्मक दृष्टिले आधारभूत वाक्य र सरल वाक्य उस्तै उस्तै देखिन्छन् तर यी दुईका बीच सूक्ष्म अन्तर पाइन्छ । यी दुई वाक्यलाई व्याकरणिक कोटिका अभिलक्षणले भिन्न तुल्याउँछन् ।

जस्तैः रामेश्वर बारीमा काम गर्छ ।

(ख) **जटिल वाक्य** : जटिल वाक्यलाई मिश्र वाक्य र संयुक्त वाक्यमा वर्गीकरण गरिन्छ :

- **मिश्र वाक्य** : एउटा प्रधान उपवाक्य र एक वा एकभन्दा बढी आश्रित उपवाक्यको सम्बन्धबाट निर्मित सिङ्गो संरचनालाई मिश्र वाक्य भनिन्छ (शर्मा, २०७१ : ३२८) । यसमा मुख्य उपवाक्य र अधीन उपवाक्यलाई जोड्ने कार्य सापेक्ष संयोजकले गर्दछ ।

  जस्तैः जब पानी पर्छ तब हिलो हुन्छ ।

- **संयुक्त वाक्य** : दुई वा सोभन्दा बढी स्वतन्त्र उपवाक्यलाई निरपेक्ष संयोजकले जोडेर बन्ने वाक्यलाई संयुक्त वाक्य भनिन्छ । जटिल वाक्य निर्माणको प्रक्रियामा कहिलेकाहीँ लुप्त योजक पनि रहन्छन् ।

  जस्तैः कृष्णा र गरिमाले बजारबाट किताब, कापी र कलम किनेर ल्याईन् ।

आलङ्कारिक र व्याकरणिक गरेर पनि वाक्य संरचनालाई दुई प्रकारले हेर्न सकिन्छ । यस्तो वाक्यात्मक संरचना पदक्रमसँग सम्बन्धित रहेको हुन्छ ।

### २.२.१३.२ काल

क्रियापदमा समयको सङ्केत गर्ने व्याकरणात्मक कोटि काल हो । क्रियाको रूप र त्यस रूपमा वर्णित व्यापार वा अवस्थाको समयमाझ हुने सम्बन्धलाई काल भनिन्छ (शर्मा, २०७१ : ४३५) । काललाई भूत र अभूत गरी दुई किसिमले वर्गीकरण गरिएको छ :

(क) **भूतकाल**

भूत कालले बितिसकेको समयलाई जनाउँछ । पहिले वा बितिसकेको समयमा काम हुने, हुँदै गरेको, भइसकेको, हुने बानी परेको र भइसकेको कुरा पछि थाहा भएको बुझाउने क्रियापदको समयलाई भूतकाल भनिन्छ (बराल र एटम, २०७३ : १३५) । धातु पछाडि 'य' प्रत्ययका विविध रूप लगाई भूतकालीन क्रियाको निर्माण गरिन्छ ।

जस्तैः हरि घर गयो ।

(ख) **अभूतकाल**

क्रियाको कार्यव्यापार सिद्ध भइनसकेको वा पूरा हुन बाँकी रहेको सूचना दिने समयलाई अभूत काल भनिन्छ । अभूतकालको रूपायन 'छ' प्रत्ययका विविध रूप लगाएर गरिन्छ ।

जस्तैः श्याम भात खान्छ । (वर्तमान)

गीता विद्यालय जानेछ । (भविष्यत्)

**२.२.१३.३ पक्ष**

क्रियापदले वर्णन गरेको कार्य पक्षले जनाउँछ । क्रियाका कार्यको अवस्था र अवधिलाई जनाउने व्याकरणिक कोटिलाई पक्ष भनिन्छ । पक्षले काम हुँदै गरेको भर्खरै सकिएको, बानी परेको, पहिले नै सकिएको तर पछि गएर मात्रै थाहा भएको भन्ने जानकारी दिन्छ । एउटै कालभित्र विभिन्न पक्ष हुनाले क्रियाको कार्यको मसिनो वा सूक्ष्म अवस्थालाई सङ्केत गर्दछु । भूतकालमा पाँच र अभूतकालमा तीन पक्ष रहेका छन् । पक्षलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) **सामान्य पक्ष**

क्रियाको सामान्य रूपलाई नै सामान्य पक्ष भनिन्छ । भूतकाल र अभूतकाल दुवैमा सामान्य पक्ष रहेको हुन्छ । यसमा काल बोध गराउने क्रियाको सामान्य अवस्थाको बोध गराएको हुन्छ । जस्तै :

सन्तोषले किताब लेख्यो । (सामान्य भूत)
सन्तोष किताब लेख्छ । (सामान्य वर्तमान)
सन्तोष किताब लेख्नेछ । (सामान्य भविष्यत्)

(ख) अपूर्ण पक्ष

कुनै पनि कार्य हुँदै गरेको पूरा नभएको अवस्था जनाउन आउने रूपलाई अपूर्ण पक्ष भनिन्छ । सहायक क्रियाका बिचमा तै/दै जस्ता रूपको प्रयोगले अपूर्ण पक्षलाई जनाउँछ । भूत र अभूत दुबै कालमा अपूर्ण पक्ष रहेको हुन्छ । जस्तैः

प्रताप सहर जाँदै थियो । (अपूर्ण भूत)

प्रताप सहर जाँदै छ । (अपूर्ण वर्तमान)

प्रताप सहर जाँदै हुनेछ । (अपूर्ण भविष्यत्)

(ग) पूर्ण पक्ष

कुनै पनि कार्य पूरा भइसकेको अवस्था बोध गर्नका लागि प्रयोग गरिने रूपलाई पूर्ण पक्ष भनिन्छ । धातु वा सहायक क्रियामा एका/एकी र कालगत सामान्य पक्षका रूपको प्रयोगले पूर्ण पक्षलाई सङ्केत गर्दछ । भूत र अभूत दुबै कालमा पूर्ण पक्ष रहेको पाइन्छ । जस्तैः

रामले खाना खाएको थियो । (पूर्ण भूत)

रामले खाना खाएको छ । (पूर्ण वर्तमान)

रामले खाना खाएको हुनेछ । (पूर्ण भविष्यत्)

(घ) अभ्यस्त पक्ष

कुनै पनि कार्यमा पहिले बानी परेको तर वर्तमानमा त्यो बानी नरहेको अवस्था सङ्केत गर्न प्रयोग गरिने रूपलाई अभ्यस्त पक्ष भनिन्छ । यसमा थ्यो, थी का रूपहरूको प्रयोग गरिन्छ । यो पक्ष भूतकालको मात्र रहन्छ । जस्तैः

श्यामहरि चुरोट खान्थ्यो ।

(ङ) अज्ञात पक्ष

पहिले घटेको कार्यको वर्तमानमा बोध हुने अवस्था जनाउने रूपलाई अज्ञात पक्षले सङ्केत गर्दछ । अज्ञात पक्षलाई जनाउन 'एछ' का रूपहरू प्रयोग गरिन्छ । यो पक्ष भूतकलामा मात्र रहन्छ । जस्तैः

महेश विदेश गएछ ।

**२.२.१३.४ वाच्य**

वाक्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्य भनिन्छ । यसलाई वाक्य र उपवाक्यका तहमा मूलतः क्रिया र भावका माध्यमबाट

व्यक्त हुने व्याकरणात्मक कोटि मानिन्छ । अर्थमा परिवर्तन नगरी वाक्यका क्रियाको सम्बन्ध कर्ता र कर्मसँग फेर्ने ढङ्गलाई वाच्य भन्दछन् (शर्मा, २०७१ : ४५०) । यसर्थ वाच्यको अर्थ भनाइ हो । क्रियापदको सम्बन्ध कर्ता, कर्म र धातुको भावमध्ये कससँग छ भन्ने आधारमा वाच्यलाई तीन प्रकारमा वर्गीकरण गरिएको पाइन्छ :

(क) **कर्तृवाच्य**

कर्ता मुख्य भई कर्ताकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्तृवाच्य भनिन्छ (बराल र एटम, २०७३ : १८०) । जस्तैः

मनोज पुस्तक पढ्छ ।

(ख) **कर्मवाच्य**

कर्मको प्रधानता रहेको वाक्यलाई कर्मवाच्य भनिन्छ । कर्मको प्रकृतिअनुसार क्रियापदको रूप प्रयोग हुन्छ । कर्मलाई प्रधानता बनाउनका लागि कर्तामा द्वारा, बाट विभक्ति लगाई क्रियापदको धातुपछि 'इ' थपिन्छ । जस्तैः

मनोजद्वारा पुस्तक पढिन्छ ।

(ग) **भाववाच्य**

भावको प्रधानता रहेको वाक्यलाई भाववाच्य भनिन्छ । भाववाच्यमा क्रियापद सधैँ पुलिङ्ग, तृतीय पुरुष, एकवचन र अनादरमा रहन्छ । जस्तैः

आफू त भोलि यहीँ बसिन्छ ।

### २.२.१३.५ ध्रुवीयता

वाक्यमा प्रयोग भएको क्रियापदले सकारात्मक वा नकारात्मक अर्थ दिने व्याकरणात्मक कोटिलाई ध्रुवीयता भनिन्छ । ध्रुवीयतालाई करण र अकरण गरी विभाजन गरिएको छ ।

(क) करण : सकारात्मक अर्थ व्यक्त गर्ने क्रियापदको रूपलाई करण भनिन्छ । जस्तैः हरिहरले भगवान ढोग्छ ।

(ख) अकरण : नकारात्मक अर्थ व्यक्त गर्ने क्रियापद प्रयोग भएको वाक्य अकरण हो । अकरणको क्रियापदले पूरै वाक्यलाई निषेधात्मक बनाउँछ । जस्तैः हरिहरले भगवान ढोग्दैन ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्यायमा अध्ययन विधि, जनसङ्ख्या, नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोत र सामग्रीको व्याख्या विश्लेषणको चर्चा गरिएको छ ।

## ३.१ अध्ययन विधि

अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एवम् सत्यापनसम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ (भण्डारी, २०६९ : ४८) । प्रस्तुत अनुसन्धान कार्य कसरी सम्पन्न गरिँदै छ भनी स्पष्ट पार्ने कार्य नै अध्ययन विधि हो । अनुसन्धाताले अनुसन्धेय विषयको क्षेत्र अनुरूप अध्ययन विधि छनोट गर्दछ । शोधविधिअन्तर्गत अध्ययन ढाँचा, जनसङ्ख्या तथा प्रतिनिधि नमुना, सामग्री वा उपकरण निर्माण, तथ्य सङ्कलन र तथ्यको व्याख्या विश्लेषणजस्ता कुराहरू पर्दछन् । अनुसन्धेय विषयको प्रकृतिअनुरूप पुस्तकालयीय र क्षेत्रीय विधिमध्ये कुनै एक अथवा मिश्रित विधिको उपयोग गर्न सकिन्छ । प्रस्तुत शोधपत्र गुणात्मकसँगै मिश्रित अनुसन्धान पद्धतिमा केन्द्रित रहेको छ । मूलतः व्याख्या विश्लेषणका सन्दर्भमा पुस्तकालयीय र अंशतः स्थलगत अध्ययन विधिको अवलम्बन गरिए पनि पुस्तकालयीय विधिलाई नै बढी उपयोगमा ल्याइएको छ । अनुसन्धानलाई आवश्यक पर्ने सामग्री सङ्कलनको लागि प्राथमिक र द्वितीयक स्रोतबाट तथ्याङ्क सङ्कलन कार्य गरिएको छ ।

अनुसन्धान विधि र प्रक्रियाअन्तर्गत जनसङ्ख्या, नमुना छनोट र नमुना छनोट प्रविधिलाई लिइएको छ । एकै किसिमका विशेषता भएका सामान्यीकरण गर्न सकिने लक्षित समूह वा जनसमूहलाई जनसङ्ख्या भनिन्छ । अनुसन्धानमा अनुसन्धानकर्ताले लक्षित गरेको समग्र समूह नै जनसङ्ख्या हो (भट्टराई, २०७३ : ७८) । समग्र जनसङ्ख्याको प्रतिनिधि भएको समान विशेषतायुक्त सानो समूहलाई नमुनाको रूपमा लिइन्छ । जनसङ्ख्याको सुनिश्चितता भइसकेपछि आवश्यक जनसङ्ख्या छान्ने कार्य नमुना छनोट हो ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत शोधपत्रमा रेडियो नेपालबाट प्रसारित समाचारलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट

प्रस्तुत शोधमा रेडियो नेपालको केन्द्रीय प्रसारणबाट प्रसारित बेलुका ७ बजेको समाचारलाई नमुनाको रूपमा छनोट गरिएको छ । नमुना छनोट गर्ने क्रममा रेडियो नेपाल १०० मेगाहर्ज एफ.एम. ब्याण्डबाट २०७५ मंसिरमा प्रसारित समाचारलाई नमुनाको रूपमा छनोट गरिएको छ । २०७५ मंसिर १ देखि १० गतेसम्म प्रसारण भएका समाचारको अडियोका आधारमा शोधपत्र तयार गरिएको छ ।

## ३.४ नमुना छनोट प्रविधि

नमुना छनोट गर्दा सम्भावना र असम्भावना नमुना छनोट प्रविधि रहेका छन् । प्रस्तुत शोधपत्रमा रेडियो नेपालबाट प्रसारित समाचार छनोट गर्ने सन्दर्भमा सम्भावना नमुना छनोट प्रविधिलाई उपयोगमा ल्याइएको छ । यसै नमुना छनोट प्रविधिअन्तर्गत रहेर प्रसारित समाचारलाई सामग्रीको रूपमा सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका स्रोत

अनुसन्धान कार्यमा तथ्य सङ्कलनको विशेष महत्त्व रहेको हुन्छ । प्रस्तुत शोधपत्रमा तथ्याङ्क सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुने गरी अध्ययनलाई  शुद्धता विश्वसनीयता र वैधता प्रदान गर्न विभिन्न स्रोतको उपयोग गरिएको छ । प्राथमिक सामग्रीले शोधलाई शुद्धता एवम् पूर्णता दिने र द्वितीयक स्रोतका सामग्रीले व्याख्या विश्लेषणमा जोड दिने भएकाले यी दुबै प्रकारलाई सामग्री सङ्कलनका स्रोत मानिएको छ । अनुसन्धानकर्ता आफैँले सम्बन्धित क्षेत्रमा गई पहिलोपटक सङ्कलन गर्ने स्रोत प्राथमिक स्रोत हो । त्यसैगरी अन्य व्यक्ति वा संस्थाले सङ्कलन गरेका अथवा उपयोग गरेका तथ्य/तथ्याङ्कलाई द्वितीयक स्रोतबाट प्राप्त सामग्री भनिन्छ । अतः प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलनका स्रोत दुई प्रकारका रहेका छन् : प्राथमिक स्रोत र द्वितीयक स्रोत ।

### ३.५.१ प्राथमिक स्रोत

प्रस्तुत शोधपत्रमा रेडियो नेपाल केन्द्रीय प्रसारणबाट प्रसारित समाचारलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । २०७५ सालको मंसिर १ गतेदेखि १० गतेसम्म बेलुका ७ बजे प्रसारण भएका १० वटा समाचारका अडियोलाई नमुनाका रूपमा लिइएको छ ।

### ३.५.२ द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा सम्बन्धित ग्रन्थहरू, शब्दकोश शोधार्थीहरूले यसअघि समाचारको भाषासम्बन्धी गरेका विभिन्न शोधकार्यहरू, भाषासम्बन्धी लेख रचना, पाठ्यपुस्तक, सन्दर्भसामग्री, रेडियो नेपालबाट प्रकाशित समाचार निर्देशिकाजस्ता सामग्रीलाई लिइएको छ ।

## ३.६ सामग्रीको व्याख्या र विश्लेषण

प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित तथ्याङ्कको उपयुक्त व्यवस्थापन, विश्लेषण, तालिकीकरण, तथ्याङ्कशास्त्रीय विश्लेषण गर्ने प्रक्रिया नै सामग्रीको व्याख्या र विश्लेषण हो । प्रस्तुत शोधमा उल्लिखित प्रक्रियाबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । नमुना छनोटमा परेका रेडियो नेपालबाट प्रसारित सबै समाचारहरू सङ्कलन गरी विश्लेषणको आधार निर्माण गरिएको छ । रेडियो नेपालबाट प्रसारित समाचारलाई समाचारको सैद्धान्तिक दृष्टिकोण, समाचार वाचन र व्याकरणात्मक पक्षका आधारमा विश्लेषण गरिएको छ । समाचारको सैद्धान्तिक आधारमा हेडलाइनको विषयक्षेत्र र पिरामिड ढाँचाअनुरूप, वाचनका दृष्टिले समयको अन्तराल, वाचनगत शुद्धता र वाचनको गतिलाई आधार मानिएको छ । वाचनगत शुद्धतालाई प्रयोगात्मक नेपाली शब्दकोशको मानक उच्चारणमा आधारित रहेर विश्लेषण गरिएको छ । व्याकरणात्मक पक्ष दृष्टिले भाषाको वाक्य, काल, पक्ष, वाच्य र ध्रुवीयताका आधारमा रही व्याख्या विश्लेषण गरी प्राप्त निष्कर्षलाई प्रतिशतसहित तालिकामा प्रस्तुत गर्दै व्याख्या र विश्लेषणसहित प्रस्तुत गरिएको छ । हेडलाइनको विषय क्षेत्र र पिरामिड ढाँचालाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । विषय क्षेत्रका सन्दर्भमा तालिकासहित प्रतिशतका आधारमा विश्लेषण गरिएको छ । मूलतः पुस्तकालयीय अध्ययन विधिसँगै वर्णनात्मक विधिको प्रयोग गरी सङ्कलित तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ र अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा सुझाबसमेत प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

# सैद्धान्तिक दृष्टिकोणबाट रेडियो समाचारको विश्लेषण

प्रस्तुत अध्ययनको यस अध्यायमा रेडियो नेपालबाट प्रसारित समाचारको हेडलाइनले समेटेका विषयक्षेत्र र समाचारको पिरामिड ढाँचाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । समाचार लेखनको शैली सामान्य लेखनभन्दा भिन्न हुन्छ । नमुनाका रूपमा सङ्कलन गरिएका समाचारले के-कस्तो विषयवस्तु समेटेको छ ? कुन विषयक्षेत्रलाई समेट्न सकेको छैन ? र के-कस्ता विषयक्षेत्र समाचारको हेडलाइनले समेट्नुपर्छ ? त्यसको निष्कर्ष समेत प्रस्तुत गरिएको छ । तसर्थ यस अध्ययनमा रेडियो समाचारको विषयक्षेत्र र हेडलाइनले विस्तार गरेको पिरामिड ढाँचाको अध्ययन गरिएको छ ।

## ४.१ हेडलाइनको विषयक्षेत्र

कुनै पनि घटनालाई पाठक वा श्रोतासमक्ष पुऱ्याउनका लागि तयार पारिएको सामग्री समाचार हो । व्यक्ति वा विश्व परिवेशमा घट्ने घटनाहरू एकै प्रकृतिका हुँदैनन् । एउटा क्षेत्रमा मात्रै घटेका विषयक्षेत्रलाई समेटेर समाचार बुलेटिन तयार गरिनुहुँदैन । हरेक घटना वा विषयक्षेत्रलाई समाचारले समेटेको हुनुपर्दछ । समाचार लेख्दा घटेको घटना वा विषयक्षेत्रका आधारमा शीर्षकीकरण गरी त्यसको पिरामिड ढाँचामा प्रस्तुत गर्नुपर्दछ । रेडियो समाचार पत्रपत्रिका वा सम्पादकीयमा लेखिने समाचारभन्दा केही भिन्न हुन्छ । रेडियो समाचार वाचन गर्दा घटना वा विषयक्षेत्रअनुसार प्रमुख शीर्षकहरू बनाइएका हुन्छन् । शीर्षकअनुसार वाचनमा पनि फरक छुट्याउन बिचमा ब्रिज म्युजिक राखिएको हुन्छ । रेडियो नेपालबाट प्रसारित समाचारको हेडलाइन वाचनमा ब्रिज म्युजिक भने राखिएको पाइँदैन । हेडलाइन वाचनमा समयको छोटो अन्तराल रहने र ती हेडलाइनले कुनै न कुनै विषयक्षेत्र ओगटेको देखिन्छ । यसर्थ रेडियो नेपालबाट प्रसारित भएका समाचारमा पनि प्रमुख शीर्षकहरू घटना वा विषयक्षेत्रसँग सम्बन्धित रहेका हुन्छन् ।

प्रस्तुत शोधमा रेडियो नेपालबाट प्रसारित हेडलाइनले कुन-कुन विषय छनोट गरेका छन् । ती हेडलाइनले सामाजिक, आर्थिक, राजनैतिक खेलकुदजस्ता विषयक्षेत्रलाई केकति समेटेका छन्, त्यसको अध्ययन तथा विश्लेषण गरिएको छ । रेडियो नेपालले प्रसारित गरेको समाचारमा रहेका हेडलाइनले समेटेको विषयक्षेत्रलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १ : हेडलाइनको विषयक्षेत्र

| क.सं. | विषयक्षेत्र | हेडलाइनको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामाजिक | १२ | ३१.५८ |
| २ | आर्थिक | ८ | २१.०५ |
| ३ | राजनीतिक | १२ | ३१.५८ |
| ४ | शैक्षिक | - | - |
| ५ | वातावरणीय | - | - |
| ६ | खेलकुद | - | - |
| ७ | प्रकोपीय तथा दुर्घटना | ५ | १३.१६ |
| ८ | लैङ्गिक | १ | २.६३ |
| | जम्मा | ३८ | १०० |

उपर्युक्त तालिकाअनुसार रेडियो नेपालबाट प्रसारित समाचारमा कुल ३८ वटा हेडलाइन रहेका छन् । उक्त हेडलाइनमध्ये सबैभन्दा धेरै सामाजिक र राजनीतिक विषय क्षेत्रसँग सम्बन्धित ३१.५८ प्रतिशत (१२ वटा) हेडलाइन रहेको पाइयो । सामाजिक विषयक्षेत्रसँग विकासात्मक पक्षलाई पनि राखिएको छ । आर्थिक विषयक्षेत्रसँग केन्द्रित रहेर २१.०५ प्रतिशत (८ वटा) हेडलाइन रहेको पाइयो । साथै प्रकोपीय तथा दुर्घटनासँग सम्बन्धित रही हेडलाइन निर्माण गरिएको पाइन्छ । जसमा १३.१६ प्रतिशत (५ वटा) हेडलाइन रहेको पाइयो । कुल हेडलाइनको २.६३ प्रतिशत (एकवटा) हेडलाइनले लैङ्गिक विषयक्षेत्रलाई समेटेको पाइयो । रेडियो समाचारमा हेडलाइनसँगै अन्य समाचार पनि थप गरेर प्रसारण गरेको पाइन्छ । शैक्षिक, वातावरणीय र खेलकुदजस्ता पक्षलाई हेडलाइनभित्र समेटिएको पाइँदैन । उल्लिखित पक्षमा केन्द्रित रही हेडलाइन नरहेको भए तापनि प्रत्येक

रेडियो समाचारमा उक्त पक्षसँग सम्बन्धित समाचार भने समेटिएको छ । रेडियो नेपालको समाचार निर्देशिकाले तीनदेखि पाँचवटा हेडलाइन बनाउनुपर्ने भन्ने मान्यता राखेको पाइन्छ । सङ्कलित दशवटा समाचारमध्ये मंसिर २ र ८ गते तीनवटा हेडलाइन रहेको पाइयो भने अन्यमा चारवटा हेडलाइन रहेको पाइन्छ । यसरी तयार गरिएका हेडलाइनले कुनै न कुनै भाषिक विषय क्षेत्रलाई समेटेको देखिन्छ । यसर्थ शैक्षिक, वातावरणीय र खेलकुदजस्ता भाषिक विषयवस्तुलाई पनि समाचारको हेडलाइनमा थपेर समाचारलाई थप स्तरीयता प्रदान गर्न सकिन्छ ।

अ) विभिन्न विषयक्षेत्रसँग सम्बन्धित हेडलाइनका उदाहरण

क) योगदानमा आधारित सामाजिक सुरक्षा योजना यही मंसिर ११ गतेदेखि लागु हुने, योजनाअन्तर्गत श्रमिक तथा आश्रित परिवारले स्वास्थ्य, दुर्घटना तथा वृद्धावस्था सुरक्षा सुविधासमेत प्राप्त गर्ने (२०७५/०८/०३ सामाजिक विषयक्षेत्र)

ख) नेपाली काङ्ग्रेस केन्द्रीय कार्यसमितिमा फरक मतसहितको मस्यौदा विधान प्रस्तुत, प्रस्तुत विधानमा १४१ सदस्य केन्द्रीय कार्यसमितिको प्रस्ताव (२०७५/०८/०९ राजनीतिक विषयक्षेत्र)

ग) चालु आर्थिक वर्षको प्रथम तीन महिनामा ३ खर्ब ५० अर्ब रूपैया व्यापार घाटा रहेको नेपाल राष्ट्र बैङ्कद्वारा जानकारी (२०७५/०८/०९ आर्थिक विषयक्षेत्र)

घ) देशका विभिन्न स्थानका भएको सडक दुर्घटनाका कारण ६ जनाको मृत्यु र भियतनाममा तोराजिया आधीका कारण कम्तीमा १२ जनाको मृत्यु (२०७५/०८/०९ - प्रकोपीय तथा दुर्घटना विषयक्षेत्र)

ङ) "लैङ्गिक हिंसा र दुर्व्यवहार छैन हामीलाई स्वीकार" भन्ने नाराका साथ आजदेखि १६ दिने लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय अभियान सुरु (२०७५/०८/०९ - लैङ्गिक विषयक्षेत्र)

उल्लिखित हेडलाइनका उदाहरणहरू सामाजिक, राजनीतिक, आर्थिक, प्रकोपीय तथा दुर्घटना र लैङ्गिक क्षेत्रसँग सम्बन्धित रहेका छन् । नमुनाका रूपमा सङ्कलित समाचारमा तीनदेखि पाँचवटासम्म हेडलाइन रहेको पाइयो जुन कुनै न कुनै विषयसँग सम्बन्धित रहेका छन् । हेडलाइनले समेट्ने विषयक्षेत्र विश्व परिवेशमा घटित समसामयिक मुद्दाहरूसँग

केन्द्रित रहेको पाइयो । करिब २५ देखि ३० मिनेटसम्म प्रसारित भएको समाचारलाई पूर्ण रूपमा समेट्न गरी हेडलाइन निर्माण गरिने भए तापनि त्यस्तो पूर्णता प्राप्त गर्न सकेको पाइँदैन । हरेक समाचारमा खेल समाचारलाई वाचन गरिएको भए पनि हेडलाइनको रूपमा स्थान दिन सकेको पाइँदैन । रेडियो समाचार निर्देशिकामा निर्धारण गरिएको हेडलाइनको सैद्धान्तिक धारणामा केही परिमार्जन गरेर शैक्षिक र खेलकुदका गतिविधिलाई पनि हेडलाइनमा उल्लेख गर्नुपर्ने देखिन्छ । यसर्थ हेडलाइनको विषयक्षेत्र समसामयिक मुद्दा र समाजको निकटतामा आधारित रहनुपर्दछ ।

## ४.२ पिरामिड ढाँचाअनुरूप समाचारको विश्लेषण

समाचार लेखनलाई समान्य लेखनभन्दा भिन्न तुल्याउने सैद्धान्तिक आधार पिरामिड ढाँचा हो । यसले समाचारको स्वरूपलाई जनाउँदछ । कुनै शीर्षक वा घटनाका कति गहिराइसम्मका सूचना सङ्कलन गर्ने हो त्यसको स्पष्ट जानकारी गराउने सिद्धान्त नै पिरामिड सिद्धान्त हो । यो ढाँचा मूलतः घटनामूलक समाचारमा केन्द्रित रहने गर्दछ । रेडियो नेपालबाट प्रसारित समाचारले पनि पिरामिड सिद्धान्तलाई आत्मसात् गरेको पाइन्छ । कुनै शीर्षक वा हेडलाइनलाई सूचनामूलक पुष्टि गर्नको लागि लेखिएको समाचार उल्टो पिरामिड आकारमा लेखिन्छ । पिरामिड ढाँचाअनुरूप समाचारको हेडलाइनहरूका आधारमा विश्लेषण गरिएको छ । हेडलाइनलाई पुष्टि गर्नका लागि तयार गरिएको विस्तारित समाचारलाई पिरामिड ढाँचाका रूपमा अर्थ्याइएको छ । रेडियो समाचारमा समावेश भएका हेडलाइनको क्रमिकताका आधारमा अध्ययन गरिएको छ । नमुनाका रूपमा सङ्कलित समाचारमा पिरामिड ढाँचा के-कस्तो रहेको छ र कसरी प्रस्तुत गरिएको छ, त्यससम्बन्धमा प्रस्तुत अध्यायमा विश्लेषण गरिएको छ ।

**तालिका २ : २०७५/०८/०१ गते प्रसारित समाचारको पिरामिड ढाँचा**

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | √ | × | √ | √ | ३ | ७५ |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | × | √ | × | १ | २५ |

उपर्युक्त तालिकामा हेर्दा हेडलाइन पुष्टि गर्न विस्तार गरिएको समाचारको पिरामिड ढाँचा उल्लेख गरिएको छ । पिरामिड ढाँचाका पाँच सिद्धान्त वा पक्षहरूमध्ये प्रारम्भिक तीन सिद्धान्त सबैमा आएको देखिन्छ । हेडलाइनको स्वरूपअनुरूप कम महत्त्वका थप तथ्य र उद्धरण दिई बाँकी जानकारी पनि उल्लेख गरिनुपर्दछ । तेस्रो हेडलाइन पिरामिड ढाँचाअनुरूप रहे पनि अन्य हेडलाइन पूर्ण छैनन् । बाँकी हेडलाइनमा पनि पूर्ण रूपमा पिरामिड सिद्धान्त अवलम्बन गर्नुपर्ने देखिन्छ । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई क्रमशः ७५ र २५ प्रतिशत हेडलाइनले समेटेको पाइयो ।

**तालिका ३ : २०७५/०८/०२ गते प्रसारित समाचारको पिरामिड ढाँचा**

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | ३ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | ३ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | ३ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | √ | × | × | १ | ३३.३३ |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | × | × | - | - |

उल्लिखित तालिकामा २०७५/०८/०२ गते रेडियो नेपालबाट प्रसारित समाचारमा पिरामिड ढाँचा उल्लेख गरिएको छ । तीनवटा हेडलाइन रहेको समाचारमा पिरामिड सिद्धान्त प्रभावकारी रूपमा अनुसरण हुन सकेका छैन् । तिनवटा हेडलाइमध्ये कसैले पनि सबै आधारहरूलाई समेटेको देखिँदैन । समाचारलाई पूर्णता प्रदान गर्नको लागि उक्त हेडलाइनलाई पनि पिरामिड ढाँचाअनुरूप विस्तार गर्नुपर्ने देखिन्छ । प्रारम्भिक तीन आधारअनुसार सबै हेडलाइनको विस्तार भएको तर पछिल्ला आधारअनुरूप भने विस्तार भएको पाइँदैन । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र चौथो आधारलाई पहिलो हेडलाइनले समेटेको भए तापनि अन्यले पछिल्ला आधारअनुसार विस्तार भएको छैन ।

तालिका ४ : २०७५/०८/०३ गते प्रसारित समाचारको पिरामिड ढाँचा

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | √ | √ | × | √ | ३ | ७५ |
| ५ | कम महत्त्वका बाँकी जानकारी | √ | × | × | × | १ | २५ |

उल्लिखित तालिकामा हेडलाइन विस्तारका लागि आएका सूचनात्मक वाक्यलाई पिरामिड ढाँचा अनुरूप प्रस्तुत गरिएको छ । घटनाको गहिराइमा पुगेर तयार पारिएको समाचारले मात्र पिरामिड ढाँचा अनुसरण गरेको हुन्छ । उक्त प्रसारित समाचारका हेडलाइनमध्ये पहिलो हेडलाइन मात्र पिरामिड ढाँचामा देखिन्छ । यसैअनुरूप अन्य हेडलाइनलाई पनि थप गहिराइमा पुगेर जानकारी प्राप्त गरी समाचार लेखन गर्नुपर्ने देखिन्छ । यसले गर्दा अन्य हेडलाइनले पनि पिरामिड ढाँचाका सबै पक्षलाई समट्ने देखिन्छ । उक्त ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्लो दुई आधारलाई क्रमशः ७५ र २५ प्रतिशत हेडलाइनले समेटेको पाइन्छ ।

तालिका ५ : २०७५/०८ /०४ गते प्रसारित रेडियो समाचारमा पिरामिड ढाँचा

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | × | × | √ | √ | २ | ५० |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | × | × | √ | १ | २५ |

माथिको तालिकामा प्रस्तुत गरिएको पिरामिड ढाँचालाई हेर्दा मंसिर ४ गते प्रसारित समाचारका हेडलाइनले पूर्ण रूपमा पिरामिड सिद्धान्त समेटेको पाइदैन। कम महत्त्वका तथ्य र बाँकी जानकारीलाई पनि हेडलाइन विस्तारका आधारका रूपमा लिएर पिरामिड ढाँचाको उपयोग गर्नुपर्ने देखिन्छ। जसले गर्दा समेटिएको विषयक्षेत्रको पूर्ण जानकारी समाचारले दिने गर्दछ। यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई क्रमशः ५० र २५ प्रतिशत हेडलाइनले समेटेको पाइयो।

**तालिका ६ : २०७५/०८/०५ गते प्रसारित रेडियो समाचारको पिरामिड ढाँचा**

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | × | √ | √ | × | २ | ४० |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | √ | √ | × | २ | ४० |

माथिको तालिकाअनुसार मंसिर ५ गते प्रसारित समाचारका चारवटा हेडलाइनमध्ये दोस्रो हेडलाइन पूर्ण रूपमा पिरामिड शैलीमा आधारित रहेको देखिन्छ। पहिलो र चौथो हेडलाइनमा कम महत्त्वका थप तथ्य, उद्धरण र बाँकी जानकारीलाई समेटेको पाइँदैन। समाचारको सैद्धान्तिक दृष्टिकोणका रूपमा पिरामिड शैलीलाई लिइन्छ। यसर्थ प्रसारित समाचारका हेडलाइनले पिरामिड शैलीका आधारहरू समेटेको खण्डमा रेडियो समाचार स्तरीय हुने देखिन्छ। यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई ४० प्रतिशत हेडलाइनले समेटेको पाइयो।

तालिका ७ : २०७५/०८/०६ गते प्रसारित रेडियो समाचारको पिरामिड ढाँचा

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | × | × | √ | × | २ | ५० |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | × | × | √ | १ | २५ |

उल्लिखित तालिकामा मंसिर ६ गते रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त हेडलाइनको पिरामिड ढाँचालाई उल्लेख गरिएको छ । उक्त हेडलाइन पूर्णतः पिरामिड शैलीमा आधारित देखिदैनन् । मूलतः घटनामूलक समाचारमा हुने पिरामिड शैली हेडलाइनको विस्तारमा उपयोग नहुन सक्छ । प्रसारित समाचारका चारवटा हेडलाइनमध्ये चौथो हेडलाइनले मात्र पिरामिड शैलीलाई अवलम्बन गरेको पाइन्छ । अरू हेडलाइनलाई पनि पिरामिड शैलीलाई अवलम्बन गरी विस्तार गर्नमा जोड दिनुपर्ने देखिन्छ । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई क्रमशः ५० र २५ प्रतिशत हेडलाइनले समेटेको पाइयो ।

तालिका ८ : २०७५/०८/०७ गते प्रसारित रेडियो समाचारको पिरामिड ढाँचा

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | × | √ | √ | × | २ | ५० |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | × | √ | × | १ | २५ |

माथिको तालिकामा मंसिर ७ गते प्रसारित समाचारको पिरामिड ढाँचालाई उल्लेख गरिएको छ । पिरामिड ढाँचाका सैद्धान्तिक आधारलाई पहिलो र तेस्रो हेडलाइनले पूर्ण रूपमा समेटेको देखिन्छ । दोस्रो हेडलाइनमा कम महत्त्वका बाँकी जानकारीलाई समेटिएको छैन भने चौथौ हेडलाइनमा कम महत्त्वका थप तथ्य र बाँकी जानकारीलाई पनि समेटिएको छैन । यसर्थ रेडियो नेपालबाट प्रसारित समाचारका हेडलाइनलाई पिरामिड ढाँचाअनुरूप विस्तार गर्नमा जोड दिनुपर्ने देखिन्छ । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई क्रमशः ५० र २५ प्रतिशत हेडलाइनले समेटेको पाइयो ।

**तालिका ९ : २०७५/०८/०८ गते प्रसारित रेडियो समाचारको पिरामिड ढाँचा**

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | ३ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | ३ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | ३ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | × | √ | √ | २ | ६६.६७ |
| ५ | कम महत्त्वका बाँकी जानकारी | × | × | √ | १ | ३३.३३ |

माथिको तालिकाअनुसार मंसिर ८ को प्रसारित समाचारको हेडलाइनमध्ये तेस्रो हेडलाइनको पिरामिड ढाँचाअनुरूप विस्तार भएको देखिन्छ । उक्त समाचारमा समावेश भएका अन्य हेडलाइनको विस्तार गर्दा पिरामिड शैलीमा जोड दिनुपर्ने देखिन्छ । जसले गर्दा कुनै पनि घटनाबारे गहिराइमा बुझ्न सकिने र समाचार पनि स्तरीय हुने देखिन्छ । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई क्रमशः ६६.६७ र ३३.३३ प्रतिशत हेडलाइनले समेटेको पाइयो ।

तालिका १० : २०७५/०८/०९ गते प्रसारित रेडियो समाचारको पिरामिड ढाँचा

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | √ | √ | √ | × | ३ | ७५ |
| ५ | कम महत्त्वका बाँकी जानकारी | √ | √ | √ | × | ३ | ७५ |

उल्लिखित तालिकामा मंसिर ९ गते प्रसारित रेडियो समाचारका हेडलाइन विस्तारलाई पिरामिड शैलीअनुरूप प्रस्तुत गरिएको छ । उक्त समाचारका चारवटा हेडलाइनमध्ये पहिलो, दोस्रो र तेस्रो हेडलाइन पूर्ण रूपले पिरामिड ढाँचाका आधारहरूमा आधारित रहेका छन् भने चौथो हेडलाइनमा कम महत्त्वका जानकारी समावेश गरिएको पाइँदैन । यसर्थ हेइलाइन विस्तार गर्दा मूलतः पिरामिड शैलीका आधारमा केन्द्रित रहनुपर्ने देखिन्छ । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई ७५ प्रतिशत हेडलाइनले समेटेको पाइयो ।

तालिका ११ : २०७५/०८/१० गते प्रसारित रेडियो समाचारको पिरामिड ढाँचा

| क.सं. | पिरामिड ढाँचा | हेडलाइन | | | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | | |
| १ | परिचय र प्रारम्भ | √ | √ | √ | √ | ४ | १०० |
| २ | बढी वा थप तथ्य | √ | √ | √ | √ | ४ | १०० |
| ३ | सहयोगी सूचना र पृष्ठभूमि | √ | √ | √ | √ | ४ | १०० |
| ४ | कम महत्त्वको थप तथ्य र उद्धरण | √ | √ | √ | × | ३ | ७५ |
| ५ | कम महत्त्वका बाँकी जानकारी | √ | × | × | × | १ | २५ |

उपर्युक्त तालिकामा रेडियो नेपालबाट प्रसारित समाचारमा समावेश भएका हेडलाइनका विस्तारलाई पिरामिड ढाँचाअनुरूप उल्लेख गरिएको छ । रेडियो नेपालबाट मंसिर १० गते प्रसारित भएको समाचारका चारवटा हेडलाइनमध्ये पहिलो हेडलाइनले पिरामिड ढाँचाका सबै आधारलाई समटेको देखिन्छ । बाँकी हेडलाइनमा कुनै न कुनै आधार समावेश भएको पाइँदैन । यसर्थ सबै हेडलाइनको विस्तार गर्दा पिरामिड ढाँचाका सबै आधारलाई ध्यान दिनुपर्ने देखिन्छ । यस ढाँचाका पहिलो तीन आधारलाई सबै हेडलाइनले समेटेको र पछिल्ला दुई आधारलाई क्रमशः ७५ र २५ प्रतिशत हेडलाइनले समेटेको पाइयो ।

पिरामिड ढाँचाअनुसार रेडियो नेपालबाट प्रसारित समाचारको हेडलाइन र हेडलाइन विस्तारको पहिलो वाक्यलाई परिचय र प्रारम्भको रूपमा लिइन्छ । पहिलो वाक्य पुष्टि गर्नका लागि आएको दोस्रो वाक्य वा अनुच्छेदलाई बढी वा थप तथ्य र हेडलाइन विस्तार गर्नका लागि आएको तेस्रो वाक्य जसले सहयोगी सूचनासहित हेडलाइनको विस्तार गर्दछ; जसलाई सहयोगी सूचना र पृष्ठभूमि भनिएको पाइन्छ । हेडलाइन वा उक्त समाचारसम्बन्धी कसैका धारणालाई कम महत्त्वका थप तथ्यका रूपमा लिइएको छ भने समाचार समापन वा घटना समापनको अन्तिम वाक्यलाई कम महत्त्वका बाँकी जानकारी भनी विश्लेषण गरिएको छ । हेडलाइन र घटनाको अवस्था र आवश्यकताअनुसार समाचारले पिरामिड शैली अवलम्बन गर्दछ । सामान्य समाचारमा भन्दा घटनामूलक समाचारमा यो ढाँचा प्रयोग बढी गरिएको हुन्छ । पिरामिड शैलीमा लेखिने समाचार उल्टो पिरामिडको हुन्छ । रेडियो नेपालबाट प्रसारित समाचारमा घटनाप्रधान समाचारलाई उल्टो पिरामिड शैलीमा लेखिएको पाइन्छ । यसका साथै हेडलाइनको प्रकृतिअनुसार पनि यो ढाँचालाई उपयोगमा ल्याएको देखिन्छ । पिरामिड ढाँचाका आधारमध्ये परिचय र प्रारम्भ, बढी वा थप तथ्य र सहयोगी सूचना र पृष्ठभूमिलाई समेटेका हेडलाइन १०० प्रतिशत नै रहेको पाइयो । पछिल्ला दुई आधार कम महत्त्वका थप तथ्य एवम् उद्धरण र कम महत्त्वका बाँकी जानकारीलाई भने क्रमशः ५४.७६ प्रतिशत र ३८ प्रतिशत हेडलाइनले मात्र समेटेको पाइन्छ । घटनामूलक समाचारको पिरामिड ढाँचाजस्तै हेडलाइनको विस्तार गर्दा पनि यस पद्धतिलाई अवलम्बन गर्न सकियो भने समाचार स्तरीय हुने देखिन्छ ।

अ) **हेडलाइन विस्तारमा उल्टो पिरामिड शैलीको नमुना**

क) हेडलाइन : शान्ति सम्झौताको बाह्र वर्षमा पनि द्वन्द्व पीडितले उचित न्याय पाउन नसकेको राष्ट्रिय मानव अधिकार आयोगको ठहर

i) परिचय र प्रारम्भ : विस्तृत शान्ति सम्झौताको बाह्र वर्ष पूरा भइसकेको अवस्थामा पनि द्वन्द्व पीडितहरूले उचित न्याय पाउन नसकेको राष्ट्रिय मानव अधिकार आयोगले जनाएको छ ।

ii) बढी वा थप तथ्य : राष्ट्रिय मानव अधिकार आयोगमा आज सार्वजनिक गरिएको आयोगको प्रतिवेदनले २०५७ सालदेखि २०७४ साल असार मसान्तसम्मका उजुरीहरूमा छानविन गरी पीडितलाई न्याय प्रदान गर्न गरिएका उपचारात्मक सिफसिरहरूमध्ये १२.५ प्रतिशत पूर्ण कार्यान्वयन, ४८.३ प्रतिशत आंशिक कार्यान्वयन र ३९.२ प्रतिशत विचाराधीन अवस्थामा रहेको देखिएको छ ।

iii) सहयोगी सूचना र थप पृष्ठभूमि : प्रतिवेदन माथिको छलफलका क्रममा आयोगका अध्यक्ष अनुपराज शर्माले द्वन्द्व पीडितहरूका समस्या सम्बोधन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगको काम कारवाही सन्तोषजनक नरहेको बताउनुभयो । अध्यक्ष शर्माले ती आयोगलाई सक्रिय बनाई राष्ट्रिय मानवअधिकार आयोगबाट भएका सिफारिस र अदालतबाट भएको आदेश तथा फैसलाहरूको पूर्ण कार्यान्वयन गर्न सरकारले तत्काल कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

iv) कम महत्त्वका थप तथ्य उद्धरण : यसै सन्दर्भमा हामीले विस्तृत शान्ति सम्झौताको परिकल्पना अनुरूप द्वन्द्व पीडितलाई न्याय दिलाउनका लागि तपाईको सुझाव के रहेको छ भनी कार्यक्रममा सहभागी आयोगका केही उच्च अधिकारीलाई सोधेका छौँ ।

v) कम महत्त्वका बाँकी जानकारी : नभएको (२०७५/०८/०५)

उपर्युक्त उदाहरणमा हेडलाइनमा आधारित भएर समाचार विस्तार गरिएको छ । हेडलाइनलाई नै वाक्यात्मक रूपमा परिचय दिई प्रारम्भ गरिएको छ । उक्त हेडलाइनलाई पुष्टि गर्नको लागि थप तथ्यसहित उद्धरणको रूपमा धारणा सङ्कलन गरेर पूर्णता प्रदान

गरेको छ । यसरी नै रेडियो समाचारको हेडलाइनमा आधारित रहेर पनि पिरामिड ढाँचाको प्रयोग गरिएको देखिन्छ । यस्तो शैलीको समाचार लेख्दा समाचारको सुरुमा मुख्य कुरा आउनुपर्ने सैद्धान्तिक मान्यतालाई पूर्णतः आत्मसात गरेको रेडियो समाचारमा कम महत्त्वका थप तथ्य र उद्धरणको समेत उपयुक्त प्रयोग गरिएको छ । पिरामिड ढाँचाको अन्तिम आधार कम महत्त्वका बाँकी जानकारीलाई भने उल्लिखित उदाहरणमा रहेको पाइँदैन । यसर्थ रेडियो समाचार लेख्दा घटनामूलक समाचारसँगै हेडलाइनको विस्तार गर्दा उल्टो पिरामिड ढाँचालाई अनुसरण गर्नुपर्नेमा जोड दिनुपर्ने देखिन्छ ।

# अध्याय पाँच

# वाचनका दृष्टिले समाचारको विश्लेषण

वाचनले अभिव्यक्ति कलामा जोड दिन्छ । गति, यति मिलाएर कुनै पनि लिपिबद्ध सामग्री वाचन गर्ने कला हो । त्यसलाई वाचन गर्ने तौरतरिकालाई विशेष ध्यानमा राख्नुपर्ने हुन्छ । समाचार वाचन गर्नुलाई पनि वाचन कलाको रूपमा अर्थ्याइन्छ । समाचार वाचन गर्दा अवलम्बन गर्नुपर्ने विश्वव्यापी मानक नियमहरू बनेका देखिदैनन् । व्यक्तिका अभिव्यक्ति कलामा पनि वाचन कला निर्भर रहन्छ । वाचन गर्दा वर्णविन्यास कथ्य मानक हुन्छ । समाचार वाचनको मूलभूत आधार नै कथ्य मानक हो ।

प्रस्तुत अध्यायमा रेडियो समाचारको वाचनगत अवस्थालाई हेरिएको छ । रेडियो समाचार वाचन गर्दा अवलम्बन गर्नुपर्ने नियमहरूलाई रेडियो समाचार निर्देशिकामा उल्लेख गरिएको छ । उक्त निर्देशिकाअनुसार रेडियो समाचारको वाचनगत अवस्था हेर्नु वाञ्छनीय ठानिन्छ । समाचार प्रसारण ऐनमा वाचन गर्दा अवलम्बन गर्नुपर्ने नियमहरू उल्लेख भएको पाइदैन । समाचार प्रसारण संस्थाले आफूअनुकूल निर्देशिका तयार पारेर वाचनगत नियमहरूलाई समेटेको पाइन्छ । यसर्थ प्रस्तुत शोधमा रेडियो समाचारलाई वाचनका दृष्टिले विश्लेषण गर्दा समयको अन्तराल, वाचनगत शुद्धता र वाचनको गतिमा आधारित रहेर विश्लेषण गरिएको छ ।

## ५.१ प्रसारित समाचारको समयावधि

रेडियो नेपालबाट प्रसारित समाचार रेडियो निर्देशिकाअनुसार प्रसारित हुन्छ । समाचार निश्चित समयमा र निश्चित समयावधिभित्र प्रसारित गर्नुपर्दछ । नमुनाका रूपमा सङ्कलित बेलुका ७ बजे प्रसारण हुने रेडियो समाचारमा वाचन गरिने सबै क्षेत्रका विषयवस्तुलाई निर्देशिका निर्माण गरी समयसीमा निर्धारण गरिएको छ । हेडलाइन, आर्थिक, खेलकुद समाचार प्रसारण गर्दा लगाउनुपर्ने न्यूनतम समय रेडियो समाचार निर्देशिकामा उल्लेख गरिएको छ । प्रस्तुत शोधमा हेडलाइन, आर्थिक, खेलकुद र मौसमी समाचार वाचन गर्दा लागेको समयावधिलाई रेडियो समाचार निर्देशिकाका आधारमा विश्लेषण गरिएको छ ।

तालिका १२ : रेडियो नेपालबाट प्रसारित समाचारको वाचनगत समयावधि

| क.सं. | मिति | समाचार वाचनको समयावधि | हेडलाइन वाचनको समय | आर्थिक समाचार वाचनको समय | खेलकुद समाचार वाचनको समय | मौसमी खबर वाचनको समय |
|---|---|---|---|---|---|---|
| १ | २०७५/०८/०१ | २४:१६ मिनेट | ३० सेकेण्ड | १:४४ मिनेट | १:५५ मिनेट | ४२ सेकेण्ड |
| २ | २०७५/०८/०२ | २६:३५ मिनेट | ३० सेकेण्ड | १:३४ मिनेट | २:०४ मिनेट | ४६ सेकेण्ड |
| ३ | २०७५/०८/०३ | २५:२२ मिनेट | ३१ सेकेण्ड | २:०४ मिनेट | १:३९ मिनेट | ४३ सेकेण्ड |
| ४ | २०७५/०८/०४ | २४:४१ मिनेट | ३२ सेकेण्ड | २:३२ मिनेट | २:०७ मिनेट | ३८ सेकेण्ड |
| ५ | २०७५/०८/०५ | २७:१८ मिनेट | ३४ सेकेण्ड | २:४१ मिनेट | १:४९ मिनेट | १:०७ मिनेट |
| ६ | २०७५/०८/०६ | २५:०९ मिनेट | ३२ सेकेण्ड | २:१३ मिनेट | १:५९ मिनेट | ५४ सेकेण्ड |
| ७ | २०७५/०८/०७ | ३०:२२ मिनेट | ३२ सेकेण्ड | २:२० मिनेट | २:०५ मिनेट | ४१ सेकेण्ड |
| ८ | २०७५/०८/०८ | २४:४८ मिनेट | २९ सेकेण्ड | १:५१ मिनेट | १:३९ मिनेट | ४९ सेकेण्ड |
| ९ | २०७५/०८/०९ | २५:१६ मिनेट | २८ सेकेण्ड | २:१८ मिनेट | २:०३ मिनेट | ५६ सेकेण्ड |
| १० | २०७५/०८/१० | २४:५३ मिनेट | २९ सेकेण्ड | १:५४ मिनेट | १:५८ मिनेट | ४५ सेकेण्ड |

उल्लिखित तालिकामा रेडियो नेपालबाट प्रसारित समाचारको वाचनगत समयावधिलाई उल्लेख गरिएको छ । उक्त तालिकामा कुल समाचार वाचनको समयावधि, आर्थिक, खेलकुद र मौसमी समाचार वाचन गर्दा लागेको समयालाई प्रस्तुत गरिएको छ । समाचार निर्देशिकामा कुल समाचार वाचनको समयावधिका सन्दर्भमा केही उल्लेख गरिएको पाइँदैन । हेडलाइनलाई ३० सेकेण्डदेखि १ मिनेटसम्म वाचन गर्नुपर्ने कुरा उक्त निर्देशिकामा

उल्लेख गरिएको छ । नमुनाका रूपमा सङ्कलित समाचारको हेडलाइन वाचन समाचार निर्देशिकाको न्यूनतम समयअनुसार वाचन गरिएको पाइन्छ । उक्त समाचारमा हेडलाइन वाचन गर्दा लागेको समयावधि समाचार निर्देशिकाअनुरूप उपयुक्त देखिन्छ । यसैगरी समाचार निर्देशिकामा साँझ ७, ९ र बिहान ७ बजे अनिवार्य रूपमा आर्थिक समाचार समेट्नु पर्ने र जसलाई दुई मिनेटभित्र वाचन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । सङ्कलित १० वटा समाचारमध्ये ६ वटा समाचारमा दुई मिनेटभन्दा बढी ४ वटा समाचारमा दुई मिनेटभन्दा कम समयवधिमा वाचन गरिएको पाइयो । समाचार निर्देशिकामा उल्लेख भएअनुसार आर्थिक समाचारको वाचन समयावधिमा एकरूपता देखिँदैन । यसर्थ रेडियो समाचार निर्देशिकालाई आत्मसात् गरेर समाचार वाचनमा ध्यान दिनुपर्ने देखिन्छ ।

रेडियो नेपालको समाचार निर्देशिकामा साँझ ७ बजे र बिहान ७ बजेको समाचारमा मौसमी खबरलाई ४५ सेकेण्डभित्र सबै समेट्नुपर्ने र खेलकुदसम्बन्धी खबरलाई १ मिनेट ३० सेकेण्डसम्म समेट्नपर्नेमा सङ्कलित समाचारमा मौसमसम्बन्धी खबरलाई न्यूनतम ३८ सेकेण्डदेखि अधिकतम १ मिनेट ७ सेकेण्डमा वाचन गरिएको पाइयो । त्यस्तै खेल खबरमा न्यूनतम १ मिनेट ३९ सेकेण्ड र अधिकतम २ मिनेट ७ सेकेण्डमा वाचन गरिएको पाइन्छ । समाचार निर्देशिकाले खेलकुदलाई १ मिनेट ३० सेकेण्डभित्र वाचन गर्नुपर्ने भने तापनि सङ्कलित समाचारले निर्धारित समय नाघेको पाइन्छ । मौसमी खबरलाई ४५ सेकेण्डकै आसपासमै वाचन गरिएको भए तापनि २,५,८,९ र १० गतेको समाचारमा निर्धारित समयभन्दा बढी समय र ४ गते प्रसारित समाचारमा तोकिएको समयभन्दा कम समयमा (३८ सेकेण्ड) वाचन गरिएको पाइयो । यसर्थ समाचारभित्र समावेश भएका उल्लिखित खबरलाई वाचन गर्दा समाचार निर्देशिकालाई उपयोगमा ल्याउनुपर्ने देखिन्छ ।

## ५.२ रेडियो समाचारको वाचनगत अवस्था

अभिव्यक्तिको सबल माध्यमका रूपमा कथ्य र लेख्य भेदलाई लिइन्छ । रेडियो समाचारमा प्रयुक्त भाषा कथ्यका निकटमा रहन्छ । आमसञ्चारका क्षेत्रमा प्रयोग गरिने भाषा मानक हुन्छ । रेडियो समाचार वाचन गर्दा मानक कथ्य प्रयोग गरिन्छ । कथ्य मानकको प्रयोग मूलत : रेडियो टेलिभिजनका क्षेत्रमा धेरै प्रचलित रहेको छ । समाचारवाचक स्वयम् सचेत भएर वाचन गर्ने गर्दछ र यसले गर्दा पनि त्रुटिमा न्यूनीकरण हुन्छ । विशेषगरी संयुक्त वर्ण वा शब्दमा सामान्यतया त्रुटि देखा पर्न सक्छन् । सूचना तथा समाचारमा अन्यथा भएमा

वाचकले क्षमायाचना गरी पुनः सुधार गर्ने गरिन्छ । सङ्कलित समाचार वाचनमा देखापरेका उच्चारणगत अशुद्धतालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १३ : रेडियो नेपालबाट प्रसारित समाचार वाचनमा देखिएका उच्चारणगत त्रुटि**

| क.सं. | शब्द | उच्चरित रूप | मानक उच्चारण | मिति |
|---|---|---|---|---|
| १. | ब्रह्माकुमारी | ब्रह्माकुमारी | ब्रम्माकुमारी | २०७५/०८/०१ |
| २. | उद्योग | उधोग् | उद्योग | २०७५/०८/०१ |
| ३. | समृद्धि | समृद्दि | सम्म्रिद्धि | २०७५/०८/०२ |
| ४. | कार्यालय | कार्यलय | कार्यालय | २०७५/०८/०२ |
| ५. | समृद्ध | समृद्द | सम्म्रिद्ध | २०७५/०८/०३ |
| ६. | कार्यान्वयन | कार्यन्वयन् | कार्यान्वयन् | २०७५/०८/०४ |
| ७. | मद्दत | मदत् | मद्दत् | २०७५/०८/०४ |
| ८. | विद्युत | बिधुत् | बिद्द्युत् | २०७५/०८/०६ |
| ९. | ब्रह्मदेव | ब्रम्हदेव् | ब्रम्मदेब् | २०७५/०८/०८ |
| १०. | औद्योगिक | औधोगिक् | औद्योगिक् | २०७५/०८/१० |

उपर्युक्त तालिकामा समाचार वाचन गर्दा शब्द उच्चारणमा देखापरेका अशुद्धतालाई उल्लेख गरिएको छ । उक्त तालिकामा उल्लेख गरिएको मानक उच्चारण प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा राखिएको छ । सङ्कलित समाचारमा संयुक्त शब्दमा मात्रै उच्चारणगत कठिनाइ रहेको पाइयो । समाचारमा समाविष्ट उक्त शब्दहरूलाई हेर्दा त्रुटिको सामान्यीकरण भएको पाइँदैन । यस्तो उच्चारणत समस्या देखापर्नुमा समाचारवाचकको भाषिक वातावरणको पनि प्रभाव परेको देखिन्छ । यसर्थ, यस्ता शब्द उच्चारण गर्दा समाचारवाचकमा मानक उच्चारणसम्बन्धी ज्ञान हुनु अनिवार्य मानिन्छ, जसले गर्दा उल्लिखित त्रुटिहरू न्यून हुँदै जान्छन् ।

रेडियो समाचार वाचनमा मानक भाषाको प्रयोग गरिएको पाइन्छ । समाचार वाचनको उच्चरित रूपलाई हेर्दा संयुक्त एवम् मिश्र शब्दमा पनि मानक उच्चारण गरिएको छ । रेडियो समाचार निर्देशिकामा संयुक्त वर्ण वा शब्द वाचन गर्दा समाचार लेखनमा मानक उच्चरित रूप लेख्नुपर्ने कुरालाई उल्लेख गरेको छ । यसले गर्दा उच्चारणमा देखिने त्रुटि न्यून हुन्छन् । समाचारवाचकले वाचन गर्न जानुअघि आफूले वाचन गर्ने बुलेटिन कम्तीमा एकपटक राम्ररी पढ्नुपर्ने हुन्छ । रेडियो नेपालले प्रसारित समाचारमा शुद्धता र एकरूपता ल्याउनकै लागि समाचार निर्देशिका तर्जुमा गरेको देखिन्छ । यस्तो समस्या समाचार वाचकले वाचन गर्नुपर्ने सरसर्ती समाचारलाई अध्ययन नगरेर पनि आएको हुन्छ । त्यसैले समाचार वाचन गर्नु अगाडि समाचारवाचकले एकपटक समाचारको सरसर्ती अध्ययन गर्नमा जोड दिनुपर्ने देखिन्छ ।

समाचारमा एकरूपता कायम रहोस् भन्ने अपेक्षा वाचकमा रहन्छ भने श्रोताले बोधमा सहजता खोजिरहेको हुन्छ । समाचार निर्देशिकाले पनि वाचकले प्रतिमिनेट १२० शब्द वाचन गर्नुपर्ने मान्यता उल्लेख गरेको छ, यहीअनुरूप समाचार वाचन गरिन्छ । प्रस्तुत अध्ययनमा यही मान्यताका आधारमा वाचनगत गतिको विश्लेषण गरिएको छ । सङ्कलित तथ्याङ्क विश्लेषण गर्दा समाचारवाचकले प्रतिमिनेट १०९ शब्ददेखि १३४ शब्दसम्म वाचन गरेको पाइन्छ । जसलाई निर्देशिकाकै मान्यताको सेरोफेरोमा रहेको मानिन्छ । एक मिनेटमा वाचन गरिएको समाचारमा समाविष्ट शब्दहरू :

प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकतासम्बन्धी विधेयक माथिको छलफल अघि बढाएको छ । विधेयकका विषयमा छलफल गर्न आज बसेको समिति बैठकमा गृहमन्त्री रामबहादुर थापाले नागरिकता राष्ट्रको पहिचान, समृद्धि तथा राष्ट्रिय सुरक्षा र स्वाधीनतासँग जोडिएको विषय भएकाले यस सम्बन्धमा ठिक ढङ्गले छलफल गरेर मात्रै निर्णयमा पुग्नुपर्ने बताउनुभयो । गृहमन्त्री थापाले नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न संशोधन विधेयक ल्याएको भन्दै नागरिकता नपाएका सबै नेपालीले नागरिकता पाउने र गैह्रनेपालीले नागरिकता लिन नसक्ने गरी संविधानअनुकूल विधेयक परिमार्जन गरेर अघि बढ्नु पर्नेमा जोड दिनुभयो । समितिमा छलफलमा रहेको नागरिकतासम्बन्धी संशोधन विधेयकमा ५५ जना सांसदहरूले १०२ वटा विषयमा संशोधन दर्ता गराउनु भएको छ । प्रतिनिधि सभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिको आज बसेको बैठकले ३ वटा उपसमिति गठन गरेको छ । समितिको कार्यालय सिंहदरबारमा आज

बसेको बैठकले स्वास्थ्य तथा जनसङ्ख्या, शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद उपसमिति गठन गरेको हो । (२०७५/०८/०२) ।

उपर्युक्त समाचारमा समावेश भएका शब्दहरूलाई एक मिनेटमा वाचन गरिएको पाइयो । उक्त उदाहरणमा १२८ वटा शब्दलाई प्रतिमिनेटमा वाचन गरिएको छ । शब्दको आकार र आयामअनुरूप रेडियो समाचार वाचनको गति निर्धारण हुने गरेको पाइयो । संयुक्त शब्द, वनावटी आयाम लामा भएका र नयाँ शब्द वाचनमा  समस्या देखिने हुनाले त्यस्ता शब्द प्रयोग भएका वाचन गर्न समय लाग्ने गरेको पाइयो । छोटा, सरल र समाचारवाचक स्वयम् परिचित भएका शब्दहरू प्रयोग भएका समाचारका वाक्यहरूमा वाचनको गति सैद्धान्तिक मान्यताभन्दा केही बढेको देखिन्छ । यसर्थ समाचारवाचकले समाचार वाचन गर्दा उक्त समाचारसँग पूर्व परिचित भई वाचनको गतिमा एकरूपता ल्याउनुपर्ने देखिन्छ । कहीँ छिटो त कहीँ ढिलो वाचन गरिँदा श्रोतालाई पनि बुझ्नमा कठिनाइ उत्पन्न हुने र समाचार सम्प्रेषणको मूल उद्देश्य नै पूरा नहुने देखिन्छ । तसर्थ समाचारवाचकले वाचनको गतिमा एकरूपता ल्याउनका लागि समाचार लेखनमा पनि सरल भाषा प्रयोग गर्नु वाञ्छनीय ठानिन्छ ।

# अध्याय छ

# समाचारमा प्रयुक्त भाषाको व्याकरणात्मक पक्ष

रेडियो समाचारको भाषालाई मानक तुल्याउनका लागि व्याकरणात्मक पक्षको पनि अहम् भूमिका रहेको हुन्छ । भाषा सरल, सहज, सुबोध र नियमसङ्गत तुल्याउनमा व्याकरणले भूमिका खेलेको हुन्छ । वाक्यमा रहने ध्रुवीयता, वचन, पुरुष, काल, पक्ष, वाक्य आदिलाई व्याकरणात्मक कोटि भनिन्छ । प्रस्तुत शोधमा व्याकरणात्मक पक्षअन्तर्गत वाक्य संरचनालगायत काल, पक्ष, वाच्य र ध्रुवीयतालाई समेटिएको छ । रेडियो समाचारमा प्रयुक्त व्यारकणात्मक पक्षलाई छुट्टाछुट्टै शीर्षकमा अध्ययन गरी प्रतिशतका आधारमा निष्कर्ष निकालिएको छ ।

## ६.१ वाक्य

भाषाको उच्चतम् एकाइ वाक्य हो । यो एक वा एकभन्दा बढी उपवाक्यबाट बनेको हुन्छ । वाक्यका संरचक घटकहरू क्रमशः रूप, शब्द, पद, पदावली र उपवाक्य हुन् । रेडियो समाचारको प्रयुक्त भाषामा वाक्यको प्रयोग के कति र कुन प्रकारका वाक्यहरू प्रयोग भएका छन् त्यसको अध्ययन प्रस्तुत शोधमा गरिएको छ । मूलतः सैद्धान्तिक रूपमा वाक्यका प्रकार सरल, मिश्र र संयुक्त रहे तापनि प्रस्तुत शोधमा सरल र जटिललाई वाक्य प्रकारअन्तर्गत समेटिएको छ । समाचारको सैद्धान्तिक मान्यताअनुसार समाचार लेख्दा सकभर सरल र छोटा वाक्यको प्रयोग गर्नुपर्दछ ।

रेडियो समाचारको निर्देशिकाले वाक्य र अनुच्छेदलाई एउटै संरचनामा समेटेको देखिन्छ । एउटा वाक्यलाई नै एक अनुच्छेद मानेर समाचार लेखन र वाचन गर्नुपर्ने धारणा निर्देशिकामा उल्लेख गरिएको छ । यस निर्देशिकाले सरल भाषामा र सबैले बुझ्ने भाषा रेडियो समाचारमा हुने कुरा समेत उल्लेख गरेको छ । समाचार लेख्दा सरल वाक्यको प्रयोग गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधमा समाचारमा प्रसारित भएका वाक्यलाई संयोजकका दृष्टिले सरल र जटिल छुट्याएको छ । सापेक्ष र निरपेक्ष जुनसुकै संयोजकको प्रयोग वाक्यमा गरिएको छ भने त्यसलाई जटिल वाक्यमा राखिएको छ । यस्तै वाक्यको आयाम विस्तार गर्नको लागि असमापिका क्रियाको प्रयोग भएका तर संयोजकविहीन वाक्यलाई सरल वाक्यअन्तर्गत राखेर वर्गीकृत गरिएको छ । प्रसारित समाचारमा वाक्य प्रयोगका दृष्टिले

गरिएको अध्ययनमा प्रयोग भएका वाक्य सङ्ख्यालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १४ : सरलता र जटिलताका आधारमा रेडियो समाचारका वाक्यहरू**

| क.सं. | वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरल | ५८५ | ६३.४५ |
| २ | जटिल | ३३७ | ३६.५५ |
| | जम्मा | ९२२ | १०० |

उपर्युक्त तालिकालाई हेर्दा रेडियो नेपालबाट प्रसारित २०७५ मंसिर १ देखि १० सम्मका दशवटा समाचारको अध्ययनका क्रममा ९२२ ओटा वाक्यहरू भेटिएका छन् । एउटा समाचारमा कम्तीमा ७२ ओटा वाक्य र बढीमा ११७ ओटा वाक्यसम्म रहेका छन् । कुल वाक्यमध्ये जटिल वाक्यभन्दा सरल वाक्यको प्रयोग बढी रहेको छ । दशओटा समाचारमा सरल वाक्यको सङ्ख्या ६३.४५ प्रतिशत (५८५ वाक्य) र जटिल वाक्यको सङ्ख्या ३६.५५ प्रतिशत (३३७ वाक्य) मात्र रहेको देखिन्छ । २०७५ मंसिर ७ गते प्रसारित समाचारमा सबैभन्दा धेरै ११७ ओटा वाक्यको प्रयोग गरिएकोमा सरल ६७.५२ प्रतिशत ( ७९ वाक्य) र जटिल ३२.४८ प्रतिशत (३८ ओटा) वाक्यको प्रयोग पाइयो । त्यस्तै मंसिर ३ गते सबैभन्दा कम ७२ ओटा वाक्य प्रयोग गरिएकोमा सरल र जटिल क्रमशः ५८.३३ प्रतिशत र ४१.६७ प्रतिशत (४२ र ३० ओटा) वाक्यको प्रयोग गरिएको पाइयो । यसर्थ नमुनाका रूपमा रहेका कुल वाक्यहरूमध्ये सरल वाक्यको प्रयोग बढी रहेको देखिन्छ ।

**अ) सरल वाक्यका उदाहरण**

क) डोल्पाको सदरमुकाम दुनै राष्ट्रिय सडक सञ्जालमा जोडिन सफल भएको छ । ( २०७५/०८/०१)

ख) नेपाली काङ्ग्रेस केन्द्रीय समितिको बैठक अहिले बसिरहेको छ । (२०७५/०८/०२)

ग) सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठक यही मंसिर ६ गते बस्ने भएको छ । (२०७५/०८/०३)

घ) नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले काङ्ग्रेसले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको बताउनुभएको छ । (२०७५/०८/०४)

ङ) प्रतिनिधि सभाअन्तर्गतको अर्थ समितिले बुहवर्षीय ठेक्काका आयोजनाहरूको स्रोत सुनिश्चित भएको विवरण अर्थ मन्त्रालयसँग माग गर्ने निर्णय गरेको छ । (२०७५/०८/०५)

च) सङ्क्रामक रोग ट्रकोमा निवरण गर्ने नेपाल दक्षिण एसियाकै पहिलो राष्ट्र बनेको छ । (२०७५/०८/०६)

छ) परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली जापानका परराष्ट्रमन्त्री तारो कोनोको निमन्त्रणामा जापानको औपचारिक भ्रमण पूरा गरी आज स्वदेश फर्कनुभएको छ । (२०७५/०८/०७)

ज) नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय वैठकमा पार्टी केन्द्रीय सदस्यहरूको कार्यविभाजनका बारेमा छलफल सुरु भएको छ । (२०७५/०८/०८)

झ) समितिको अर्को बैठक मंसिर १२ गते बस्नेछ । (२०७५/०८/०९)

ञ) सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना भोलिदेखि कार्यान्वयनमा ल्याउने भएको छ । (२०७५/०८/१०)

उल्लिखित वाक्यहरूले सरल वाक्यलाई सङ्केत गरेको छ । असमापिका क्रियाको प्रयोग भएको तर संयोजकको प्रयोग उक्त वाक्यमा रहेको पाइदैन । कुल वाक्यको ६३.४५ प्रतिशत (कुल ९२२ वाक्यमा ५८५ सरल वाक्य) सरल वाक्यको प्रयोग गरेको देखिन्छ । समाचार लेखनमा सरल वाक्यको प्रयोग गर्नु वाञ्छनीय ठानिन्छ । जसलाई सङ्कलित समाचारमा पनि उपयोग गरेको देखिन्छ ।

**आ) जटिल वाक्यका उदाहरण**

क) कर दिवसको अवसरमा निर्यातकर्तातर्फ डाबर नेपाल, उद्योगतर्फ हिमाल पावर लिमिटेड, कृषि तथा पशुपंक्षीतर्फ प्रोवायोटिक उद्योग तथा सहकारीतर्फ छिमेकी लघुवित्त उत्कृष्ट करदाताको रूपमा सम्मानित भएका छन् । (२०७५/०८/०१)

ख) समितिको कार्यालय सिंहदरबारमा आज बसेको बैठकले स्वास्थ्य तथा जनसङ्ख्या शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद उपसमिति गठन गरेको हो । (२०७५/०८/०२)

ग) आगामी निर्वाचनलाई स्वच्छ, पारदर्शी र आतङ्करहित बनाउन निर्वाचन आयोगसँग आम नागरिक र राजनीतिक दलहरूले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । (२०७५/०८/०३)

घ) आज सिंहदरबारमा बसेको नीति अनुसन्धान प्रतिष्ठानको परिचयात्मक बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले देश विकासको नीति तर्जुमा गर्न अनुसन्धानमूलक र तथ्यगत सुझाव दिने उद्देश्य गठन गरिएको प्रतिष्ठानले गहन अध्ययन गरी प्रभावकारी नीतिगत सुझाव दिने अपेक्षा गर्नुभयो । (२०७५/०८/०४)

ङ) आजको समीक्षा बैठकमा भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिंचाई, सहरी विकास, कृषि विकास र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयहरू र राष्ट्रिय पुननिर्माण प्राधिकरणको बजेट कार्यान्वयनको अवस्थाबारे समीक्षा भएको हो । (२०७५/०८/०५)

च) प्रधानमन्त्री केपी शर्मा ओलीले बैठक, छलफल र सुझावमा धेरै समय नबिताई कामलाई प्राथमिकता दिन मन्त्री र सचिवहरूलाई निर्देशन दिनुभएको छ । (२०७५/०८/०६)

छ) विश्वविद्यालय अनुदान आयोगको २५ औँ वार्षिकोत्सव तथा रजतजयन्तीको अवसरमा आज भक्तपुरमा आयोजित कार्यक्रममा मन्त्री पोखरेलले शिक्षालाई विज्ञान, प्रविधि, खोज र अनुसन्धानसँग जोडेर लैजाने तथा त्यसलाई प्रयोग गर्न सके मात्रै देश समृद्धि हुने बताउनुभयो । (२०७५/०८/०७)

ज) औद्योगिक तथा पर्यटकीय नगर सिद्धार्थनगरमा ७ औँ लुम्बिनी राष्ट्रिय महोत्सव २०७५, पर्यटन कृषि तथा राष्ट्रिय औद्योगिक व्यापार मेलाको तयारी तीव्र रूपमा भइरहेको आयोजकले जनाएका छन् । (२०७५/०८/०८)

झ) दलित महिला केन्द्र नेपालद्वारा आज काठमाडौँमा आयोजित दलित नेताहरूको सङ्घर्ष र सफलता समेटिएको 'दलित नेतृत्व : सङ्घर्ष र सफलता' नामक

पुस्तकको विमोचन कार्यक्रममा सभामुख महराले पुस्तक देशकै लागि ऐतिहासिक दस्तावेज भएको बताउनुभयो। (२०७५/०८/०९)

ञ) प्रधानमन्त्री ओलीले देशलाई समृद्ध बनाउन लगानीमैत्री वातावरणका लागि आवश्यक पर्ने कानुनको संशोधन र निर्माणका लागि सरकार तयार रहेको र त्यसका लागि जुट्न सम्बद्ध सबै पक्षलाई निर्देशन दिनुभएको प्रधानमन्त्री कार्यालयका सहसचिव एवम् प्रवक्ता विनोदबहादुर कुँवरले जानकारी दिनुभयो । ( २०७५/०८/१०)

उल्लिखित वाक्यहरूको संरचनामा संयोजकको प्रयोग गरिएको छ, जसले जटिल वाक्यलाई सङ्केत गरेको छ। संयोजक प्रयोगका दृष्टिले जटिल वाक्यको अध्ययन गरिएको छ। नमुनाका रूपमा सङ्कलित समाचारमा प्रयुक्त वाक्यको ३६.५५ प्रतिशत (३३७ वाक्य) जटिल वाक्य रहेका छन्। समाचारको भाषामा सरलता ल्याउनको लागि जटिल वाक्यको प्रयोगमा न्यूनीकरण गर्नुपर्ने देखिन्छ।

## ६.२ काल

वाक्यमा प्रयोग भएको क्रियापदले जनाउने समय नै काल हो। समाचार लेखनको सैद्धान्तिक मान्यताअनुसार वर्तमान कालको प्रयोग अर्थात् अभूत कालको प्रयोग गर्नुपर्ने भनिए तापनि समाचारको प्रकृतिअनुसार भूतकालको पनि प्रयोग गरेर समाचार लेखन गरिन्छ। नमुनाका रूपमा सङ्कलित समाचारमा भूत र अभूत दुवै कालको प्रयोग पाइएको छ। रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त काललाई लिएर अध्ययन तथा व्याख्या गरिएको छ। जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १५ : कालका आधारमा वाक्यको प्रयोग**

| क्र.सं. | काल | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भूत | ४०६ | ४४.०३ |
| २ | अभूत | ५१६ | ५५.९७ |
| | जम्मा | ९२२ | १०० |

उल्लिखित तालिकानुसार रेडियो नेपालबाट प्रसारित समाचारमा भूतकालीन भन्दा अभूतकालीन वाक्यको प्रयोग बढी रहेको पाइयो । नमुनाका रूपमा सङ्कलन गरी अध्ययन गरिएका दशवटा समाचारमा ४४.०३ प्रतिशत (जम्मा वाक्य ९२२ रहेको र जसमध्ये ४०६) भूतकालीन वाक्य र ५५.९७ प्रतिशत (५१६ वाक्य) अभूतकालीन वाक्य प्रयोग गरिएको छ । दैनिक रूपमा समाचारमा प्रयुक्त वाक्यलाई हेर्दा सबै समाचारमा भूत र अभूतकालीन वाक्यको प्रयोग गरिएको छ । सङ्कलित समाचारमध्ये मंसिर ३ गते सबैभन्दा धेरै भूतकालीन वाक्य ५६.९४ प्रतिशत र सबैभन्दा कम मंसिर ९ गते ३१.३१ प्रतिशत वाक्यको प्रयोग गरिएको पाइयो । अभूतकालीन वाक्य प्रयोगका दृष्टिले हेर्दा सबैभन्दा बढी मंसिर ४ गते ६४.०५ प्रतिशत र मंसिर ३ गते ४३.०६ प्रतिशत रहेको देखिन्छ । समग्रगत रूपमा भूतकालीनभन्दा अभूतकालीन वाक्य प्रयोग बढी हुनुले समाचारको स्वरूप वाञ्छनीय देखिन्छ

अ) **भूतकालीन वाक्यका उदाहरण**

क) पार्टी एकताको प्रसङ्गमा अध्यक्ष दाहालले एकीकरण पछिका सबै कमिटीले पूर्णता पाउने बताउनुभयो । (२०७५/०८/०१)

ख) आजको बैठकले नेविसंघबारे निर्णय गर्ने  काङ्ग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो । (२०७५/०८/०२)

ग) नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका दिवंगत छोरा प्रकाश दाहालको सम्झनामा आज स्मृति सभाको आयोजना गरियो । (२०७५/०८/०३)

घ) वैठकमा प्रधानमन्त्री ओलीले विकासले गति लिन नसकेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो । (२०७५/०८/०४)

ङ) प्रधानमन्त्री ओलीले देश विकास र जनताको काम गर्न कसैले पनि ‘तर’, ‘पनि’, ‘यदि’ जस्ता शब्द प्रयोग गरेर उम्कन नपाउने बताउनुभयो । (२०७५/०८/०५)

च) भक्तपुरको मनोहरा पुल छेउमा अभियान सुरु गर्दै गृहमन्त्री रामबहादुर थापाले अभियानलाई देशैभर उदाहरणीय रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । (२०७५/०८/०६)

छ)	भोलिको बैठकमा केन्द्रीय सदस्यहरूको जिम्मेवारीबारे छलफल हुने प्रवक्ता नारायणकाजी श्रेष्ठले बताउनुभयो । (२०७५/०८/०७)

ज)	प्रधानमन्त्री कार्यालय सिंहदरबारमा सबै मन्त्रालयको चौमासिक लक्ष्य र मन्त्रालयगत प्रगतिबारे सचिवहरूले प्रस्तुत गर्नुभएको विवरणमाथि समीक्षा गरिएको थियो । (२०७५/०८/०८)

झ)	काङ्ग्रेको गत वैशाख १६ गतेको बैठकले विधान संशोधन गर्न महामन्त्री खड्काको संयोजकत्वमा विधान संशोधन मस्यौदा समिति गठन गरेको थियो । (२०७५/०८/०९)

ञ)	सरकारले गठन गरेको जनशक्ति प्रक्षेपण कार्यदलको बैठकलाई आज सिंहदरबारमा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीको छोटो समयमा देखिने गरी विकासका काम गरेर देखाउने बताउनुभयो । (२०७५/०८/१०)

माथि प्रस्तुत उदाहरणमा भूतकालीन सन्दर्भ जनाउने क्रियापद प्रयोग भएको पाइन्छ । यी वाक्यहरूले काम भइसकेको सन्दर्भ व्यक्त गर्ने भएकाले उक्त वाक्यहरूलाई भूतकालीन वाक्यको उदाहरणका रूपमा राखिएको हो । अभूतकालीन वाक्यको तुलनामा भूतकालीन वाक्यको प्रयोग कम रहेको छ र जुन समाचारको सैद्धान्तिक मान्यताअनुकूल रहेको मानिन्छ । नमुनामा रूपमा सङ्कलन गरिएका सबै समाचारमा भूतकालीन वाक्यको प्रयोग रहेको पाइयो ।

**आ)	अभूतकालीन वाक्यमा उदाहरण**

क)	नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सरकारले चाँडै जनअपेक्षा अनुसार काम गर्ने बताउनुभएको छ । (२०७५/०८/०१)

ख)	बृहस्पति र शुक्रअस्त भएका समयमा कुनै कामना राखेर कर्म गर्न नहुने शास्त्रीय मत छ । (२०७५/०८/०२)

ग)	सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठक यही मंसिर ६ गने बस्ने भएको छ । (२०७५/०८/०३)

घ)	प्रधानमन्त्री केपी शर्मा ओलीले नीति अनुसन्धान प्रतिष्ठानलाई सरकारले तर्फबाट कुनै हस्तक्षेप नहुने बताउनुभएको छ । (२०७५/०८/०४)

ङ)    पूर्वपश्चिम राजमार्गअन्तर्गत पश्चिम नवलपरासीको भूमिमा आज बिहान बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने तीस जना घाइने भएका छन् । (२०७५/०८/०६)

छ)    कोषले सामाजिक सुरक्षा योजना पहिलो चरणमा सूचीकरण भएका प्रतिष्ठानस्तरका श्रमिकबाट सुरु गरेर विस्तारै सबैलाई आकर्षित गर्ने जनाएको छ । (२०७५/०८/०७)

ज)    सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र वार्षिक बजेटको पहिलो चौमासिक समीक्षा आज सकिएको छ । (२०७५/०८/०८)

झ)    नेपाली काङ्ग्रेस केन्द्रीय समितिको आज बसेको बैठकमा विधान मस्यौदा समितिले नयाँ विधान मस्यौदा प्रस्तुत गरेको छ । ((२०७५/०८/०९)

ञ)    प्रतियोगिताका खेलहरू हलचोकस्थित सशस्त्र प्रहरीको कभर्ड हलमा सञ्चालन हुने छन् । (२०७५/०८/१०)

उपर्युक्त उदाहरणमा अभूतकालीन क्रियापद प्रयोग भएको देखिन्छ । उक्त वाक्यमा ‘छ’, ‘छन्’, ‘हुनेछन्’ जस्ता क्रियापदको प्रयोग भएको छ । यी क्रियापदले अभूतकालीन सन्दर्भलाई जनाउँदछन् । समाचारको सैद्धान्तिक मान्यताअनुरूप उक्त समाचारमा एकरूपता रहेको पाइन्छ । २०७५/०८/०३ र ०६ गते अभूतकालीन वाक्यभन्दा भूतकालीन वाक्य बढी प्रयोग रहेको पाइयो । समग्रमा भूतकालीन वाक्य र अभूतकालीन वाक्य प्रयोग समान देखिए तापनि मात्रात्मक रूपमा अभूतकालीन वाक्य बढी प्रयोग रहेको पाइयो ।

## ६.३ पक्ष

क्रियामा कार्यको अवस्था जनाउने व्याकरणात्मक कोटि नै पक्ष हो । पक्षलाई कालको विशिष्ट रूप पनि भनिन्छ । पक्षले कार्य व्यापारको समय र अवस्थालाई निर्देश गर्दछ । रेडियो समाचारको सैद्धान्तिक मान्यताले पक्षको प्रयोगमा अनिवार्यता निर्धारण गरेको पाइँदैन तर समाचार लेखनको स्वरूप हेर्दा पूर्ण पक्षमा बढी जोड दिएको पाइन्छ । प्रस्तुत शोधमा रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयोग भएका वाक्यहरूमा पक्षको अवस्थालाई लिएर अध्ययन तथा विश्लेषण गरिएको छ । समाचारमा समाविष्ट पक्षगत वाक्यलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका १६ : पक्षगत आधारमा वाक्यको प्रयोग

| क.सं. | पक्ष | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य | ३३४ | ३६.२२ |
| २ | पूर्ण | ५७९ | ६२.८ |
| ३ | अपूर्ण | ९ | ०.९८ |
| ४ | अभ्यस्त | - | - |
| ५ | अज्ञात | - | - |
| | जम्मा | ९२२ | १०० |

माथिको तालिकामा सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात पक्षका वाक्यलाई हेर्दा सबैभन्दा बढी पूर्ण पक्षका ६२.८० प्रतिशत (५७९ वटा) वाक्य रहेको पाइयो । त्यसपछि क्रमशः सामान्य पक्षका ३६.२२ प्रतिशत (३३४ वाक्य), अपूर्ण पक्षका ०. ९८ प्रतिशत (९ वटा) वाक्यको प्रयोग गरिएको पाइयो । अभ्यस्त र अज्ञात पक्षका वाक्यको मात्रा नगण्य रहेको छ । २०७५/०८/०९ गतेको प्रसारित समाचारमा सबैभन्दा बढी पूर्ण पक्षका ७३.७३ प्रतिशत वाक्य (७३ वटा) रहेका छन् । मंसिर ७ गतेको समाचारमा अधिकतम ४९.४४ प्रतिशत (४४ वटा) सामान्य पक्षका वाक्यको प्रयोग रहेको पाइयो । सङ्कलित समाचारमध्ये चारवटा बुलेटिनमा अपूर्ण पक्षको प्रयोग नगण्य रहेको छ । समग्रगत रूपमा पक्षको प्रयोग उपयुक्त रहेको पाइन्छ ।

**अ) सामान्य पक्ष प्रयोग भएका केही वाक्यहरू उदाहरण**

क) व्यक्तिगत आयकरतर्फ सबैभन्दा बढी कर तिर्ने करदाताको रूपमा सिद्धार्थ शमशेर जबरा सम्मानित हुनुभयो । (२०७५/०८/०१)

ख) वृहस्पति र शुक्र अस्त भएका समयमा कुनै कामना राखेर कर्म गर्न नहुने शास्त्रीय मत छ ।

ग) पार्टी अध्यक्ष प्रचण्डले छोरा प्रकाशको निधनको बेला आफूलाई पार्टी सम्हाल्ने कि घर सम्हाल्ने स्थिति आए पनि सबैको सहयोगले दुवै सम्हालेको स्मरण गर्नुभयो । (२०७५/०८/०३)

घ) पाँच दिनसम्म चल्ने पूजामा विशेषगरी सम्बन्धभद्र र मन्जुश्रीको प्रार्थना हुने, सत्व प्राणीको दुःख हटाउन र चिन्त शान्ति गर्न मन्त्रोच्चारण भएको छ । (२०७५/०८/०४)

ङ) बैठकमा प्रधानमन्त्री ओलीले बजेट र नीति तथा कार्यक्रममा भएका कार्यक्रमहरूलाई छिटो कार्यान्वयन गर्न निर्देशन दिनुभएको अर्थमन्त्री डा. युवराज खतिवडाले बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिनुभयो । (२०७५/०८/०५)

च) सभापति देउवाले महासमितिको बैठकपछि काङ्ग्रेसभित्र देखिएको सानातीना विवाद हटेर जाने दाबी गर्नुभयो । (२०७५/०८/०६)

छ) कोषका अनुसार योजनामा सहभागी श्रमिकले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा स्किमअन्तर्गत सामाजिक सुरक्षा सुविधा पाउनेछन् । (२०७५/०८/०७)

ज) महानगरका प्रमुख विद्यासुन्दर शाक्यले रत्नपार्कबाट कार्यक्रमको शुभारम्भ गर्दै महानगरलाई चाँडै धुलोधुवाँबाट मुक्त बनाउने बताउनुभयो । (२०७५/०८/०८)

झ) मस्यौदा प्रतिवेदन केन्द्रीय समिति बैठकले पारित गरेपश्चात् यही मंसिर २८ देखि पौष ३ गतेसम्म काठमाडौँमा हुने महासमिति बैठकले पारित गरेपछि संशोधित विधान लागू हुनेछ । (२०७५/०८/०९)

ञ) प्रधानमन्त्री ओलीले कार्यदलले ल्याएको प्रतिवेदनले नेपालमा वर्षौसम्मका लागि जनशक्तिको आपूर्तिलाई मार्गदर्शन गर्नुपर्ने खाँचो औंल्याउनुभयो । (२०७५/०८/१०)

उपर्युक्त उदाहरणमा भूत, वर्तमान र भविष्यत कालका सामान्य पक्षका क्रियापदहरूको प्रयोग भएको छ । नमुनाका रूपमा सङ्कलित समाचारका कुल वाक्य ९२२ मध्ये सामान्य पक्षका ३६.२२ प्रतिशत (३३४ वटा) वाक्यको प्रयोग भएको पाइयो । सामान्य पक्षको प्रयोगले भाषा सरल, सहज र सुबोध्य हुने देखिन्छ ।

**आ) अपूर्ण पक्ष प्रयोग भएका केही वाक्यहरू उदाहरण**

क) नेपालमै पहिलो पटक भोलि पाँचथरबाट राष्ट्रिय परिचय पत्र वितरण कार्यको थालनी हुँदैछ । (२०७५/०८/०२)

ख) शहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताको तेस्रो चरणका खेलहरू बिहिबार देखि सुरु हुँदैछन् । (२०७५/०८/०५)

ग) महासमिति बैठक मंसिर २८ देखि पुस ३ गतेसम्म हुँदैछ । (२०७५/०८/०७)

घ) आगामी मंसिर २० गतेदेखि पुष १ गतेसम्म भैरहवाको अञ्चलपुरमा लाग्ने उक्त मेलामा पाल्पाको रानीमहलको आकृति झल्कने मञ्च निर्माण गरिएको छ भने प्रवेशद्वार अगाडि लुम्बिनीको मायादेवी मन्दिरको आकृति निर्माण गरिँदैछ । (२०७५/०८/०८)

ङ) शहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताका चौथो चरणका खेलहरू सोमबारेदेखि सञ्चालन हुँदैछन् । (२०७५/०८/०९)

च) सम्मलेन यही मंसिर १४ देखि १७ गतेसम्म काठमाडौँमा हुँदैछ । (२०७५/०८/१०)

उल्लिखित वाक्यहरूका क्रियापद अपूर्णकालीन रहेका छन् । अपूर्णकालीन पक्षको क्रियाधातुमा तै/दै प्रत्यय लागेर क्रियापद निर्माण हुन्छ । सङ्कलित समाचारमा अपूर्ण कालीन पक्षका वाक्यहरू न्यून प्रयोग भएको पाइन्छ । कुल वाक्यहरूमध्ये जम्मा ०.९८ प्रतिशत (९ वटा) वाक्य अपूर्ण पक्षका रहेका छन् । अपूर्ण वाक्यको न्यून प्रयोग समाचारको सैद्धान्तिक मान्यताअनुकूल नै रहेको मानिन्छ । समाचारले सम्बन्धित विषयवस्तुको गहिराइसम्मको सूचना सम्प्रेषण गर्दछ । समाचार लेखनमा अपूर्ण पक्षको प्रयोगलाई प्रभावकारी ठानिँदैन । त्यसैले अपूर्ण पक्षको प्रयोगलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

**इ) पूर्ण पक्ष प्रयोग भएका केही वाक्य**

क) राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सङ्घीय संसदको आगामी हिउँदे अधिवेशनबाट मुलुकका तीनवटै तहलाई आवश्यक पर्ने सबै कानुन बनिसक्ने बताउनुभएको छ । (२०७५/०८/०१)

ख) प्रतिनिधि सभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिको आज बसेको बैठकले तीनवटा उपसमिति गठन गरेको छ । (२०७५/०८/०२)

ग) कार्यक्रममा अध्यक्ष दाहालले दिवंगत छोरा प्रकाश र छोरी जानुको नामबाट 'प्रज्ञा स्मृति प्रतिष्ठान' स्थापना गरिएको घोषणा गर्नुभएको थियो । (२०७५/०८/०३)

घ) डोल्पा जिल्लालाई पहिलोपटक सडक सञ्चालनमा जोड्ने ११७.७७ किलोमिटर सडकको निर्माण कार्य नेपाली सेनाले २०६६ फागुन २७ गतेबाट सुरु गरेको थियो । (२०७५/०८/०४)

ङ) प्रधानमन्त्री केपी शर्मा ओलीले परिमाण दिने र परिवर्तन देखिने गरी काम गर्न मन्त्री र सचिवहरूलाई निर्देशन दिनुभएको छ । (२०७५/०८/०५)

च) सरकारले प्रत्येक वर्षको मंसिर ११ गतेलाई सामाजिक सुरक्षा दिवसका रूपमा मनाउने र मंसिर ९ गते लैङ्गिक हिंसा विरुद्धको अभियान दिवस मनाउने निर्णय गरेको छ । (२०७५/०८/०६)

छ) प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको नेकपाको सचिवालय वैठकले राजधानीमा रहेका विशेष जिल्ला कमिटीहरू सञ्चालनका लागि चलाउन विशेष प्रदेश कमिटी बनाउने निर्णय गरेको छ । (२०७५/०८/०७)

ज) नेपाल विद्युत् प्राधिकरण त्रिशुली जलविद्युत् गृह दोस्रो युनिटको सर्किट ब्रेकरमा आगलागी हुँदा दई जना घाइते भएका छन् । (२०७५/०८/०८)

झ) काङ्ग्रेसको गत वैशाख १६ गतेको बैठकले विधान संशोधन गर्न महामन्त्री खड्काको संयोजकत्वमा विधान संशोधन मस्यौदा समिति गठन गरेको थियो । (२०७५/०८/०९)

ञ) एसियाली विकास बैङ्कले नेपाल सरकारलाई दुईवटा परियोजना कार्यान्वयन गर्न करीब १६ अर्ब ९२ करोड रुपियाँ रूपैयाँ सहायता उपलब्ध गराउने भएको छ । (२०७५/०८/१०)

उल्लिखित उदाहरणमा प्रयुक्त क्रियापदको धातुमा एका/एकी/एको प्रत्यय लागेर पूर्ण पक्षका क्रियाको रूप प्रयोग भएको देखिन्छ । पूर्ण पक्षले काम भइरहेको अवस्थालाई सङ्केत गर्दछ । समाचारको सिद्धान्तमा कालगत आधार उल्लेख भए तापनि पक्षगत आधार उल्लेख भएको पाइँदैन तर रेडियो समाचार पूर्ण पक्षमा आधारित हुनुलाई वाञ्छनीय ठानिन्छ । यसले गर्दा समाचारको स्वरूप पूर्ण हुनुपर्ने सैद्धान्तिक आधार प्राप्त हुन्छ । रेडियो

नेपालबाट प्रसारित समाचारमध्ये सङ्कलित गरिएका १० वटा समाचारमा पनि सबैभन्दा बढी पूर्ण पक्षको प्रयोग भएको पाइन्छ । सङ्कलित समाचारमा रहेका वाक्यहरूमा पक्षको प्रयोग उपयुक्त रहेको देखिन्छ । भाषालाई सरल, सहज, बनाउनको लागि सामान्य र पूर्ण पक्षको प्रयोगमा जोड दिएको पाइन्छ । तसर्थ समाचारमा यस किसिमको प्रयोगलाई सामान्य नै मानिन्छ । पक्षका हिसाबले वाक्यहरूलाई संरचना मिलेका र उपयुक्त भन्न सकिन्छ ।

## ६.४ वाच्य

वाक्य संरचनामा कर्ता, कर्म र भावमध्ये कुनै एकको प्रमुखता रहने व्याकरणात्मक कोटि नै वाच्य हो । वाक्यमा रहने प्रधानताका आधारमा वाच्यलाई कर्तृ कर्म र भाव गरी विभाजित गरिएको पाइन्छ । समाचार लेखनको सैद्धान्तिक मान्यता अनुसार कर्तृवाच्यको प्रयोग गरिनुपर्ने कुरा उल्लेख गरिएको छ । रेडियो नेपालको समाचार निर्देशिकामा पनि कर्तृवाच्यको प्रयोग गरेर समाचार लेखन र सोहीअनुसार वाचन गर्नुपर्ने सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । प्रस्तुत शोधका नमुनाका रूपमा सङ्कलित रेडियो समाचारमा कर्तृवाच्य र कर्मवाच्य दुवैको प्रयोग रहेको पाइन्छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १७ : वाच्यका आधारमा वाक्यको प्रयोग**

| क्र.सं. | वाच्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कर्तृवाच्य | ८२७ | ८९.७ |
| २ | कर्मवाच्य | ९५ | १०.३ |
| ३. | भाववाच्य | - | - |
| | जम्मा | ९२२ | १०० |

माथि प्रस्तुत गरिएको तालिकाअनुसार रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयोग गरिएका ९२२ वटा वाक्यहरूमध्ये ८९.७ प्रतिशत (८२७ वटा) कर्तृवाच्यका वाक्य, १०.३ प्रतिशत (९५ वटा) कर्मवाच्यका वाक्य रहेका र भाववाच्यका वाक्य नगण्य मात्रामा रहेको देखिन्छ । यसरी हेर्दा रेडियो समाचारमा सबैभन्दा धेरै कर्तृवाच्यका वाक्यहरू रहेका छन् भने

भाववाच्यका वाक्य शून्य मात्रामा छन् । उक्त समाचारमा प्रयोग भएका वाक्यहरूलाई वाच्यका दृष्टिले विश्लेषण गर्दा समाचारको सिद्धान्तअनुसार समाचार लेखन र वाचन गरिएको छ । भावको प्रधानता भएका वाक्यले समाचारको गुण बोकेको हुँदैन । यसर्थ वाच्य प्रयोगका दृष्टिले रेडियोबाट प्रसारित समाचारहरूलाई उपयुक्त नै मान्न सकिन्छ ।

अ) **कर्तृवाच्यका उदाहरण**

क) सातौँ कर दिवसका अवसरमा आज राजधानीमा आयोजित एक कार्यक्रममा प्रतिवेदनमाथि असन्तृष्टि जनाउँदै त्यसको पुनरावलोकन हुने अर्थमन्त्री डा. युवराज अतिवडाले स्पष्ट गर्नुभयो । (२०७५/०८/०१)

ख) झुटो विवरण पेस गरेर भूकम्पीडित अनुदान लिएको उजुरी परेपछि त्यस्ता व्यक्तिबाट रकम असुलउपर गर्ने प्रक्रिया अघि बढाइएको प्राधिकरणका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिनुभयो । (२०७५/०८/०२)

ग) रुकुममा सम्पन्न खुल्ला पुरुष तथा भलिबल प्रतियोगिताको उपाधि यामाहा स्वरूम समूह आठविसकोटले हात पारेको छ । (२०७५/०८/०३)

घ) बैठकमा प्रधानमन्त्री ओलीले विकासले गति लिन नसकेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो । (२०७५/०८/०४)

ङ) नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद सिटौलाले द्वन्द्वपीडितलाई न्याय दिलाउन सरकार गम्भीर नभएको आरोप लगाउनु भएको छ । (२०७५/०८/०४)

च) प्रधानमन्त्री ओलीले कार्यालय समयमा हुने बैङ्कको भत्ता नलिन र मितव्ययी भएर चल्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो । (२०७५/०८/०६)

छ) कोषका अनुसार योजनामा सहभागी श्रमिकले औषधी उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा स्किमअन्तर्गत सामाजिक सुरक्षा सुविधा पाउनेछन् । (२०७५/०८/०७)

ज) पाल्पाको रामपुर अस्पतालमा सञ्चालन हुँदै आएको भिडियो एक्सरे सेवा ठप्प हुँदा सेवाग्राही मर्कामा परेका छन् । (२०७५/०८/०८)

ञ)	प्रतिनिधि सभाअन्तर्गत महिला तथा समाजिक समितिले समाज कल्याण परिषद्लाई नेपालमा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसहकारी संस्थाको प्रभावकारी अनुगमनका लागि निर्देशन दिएको छ । (२०७५/०८/१०)

उल्लिखित वाक्यहरूले कर्तृवाच्यलाई सङ्केत गरेको छ । कर्ताको प्रधानता भएका कर्तृवाच्यात्मक वाक्यमा आधारित भई समाचार, सम्पादकीय लगायत रेडियो समाचार लेख्नुपर्ने सैद्धान्तिक अवधारणा रहेको पाइन्छ । नमुनाका रूपमा सङ्कलन गरिएका सबै समाचारमा कर्तुवाच्यको बाहुल्य रहनुले रेडियोबाट प्रसारित समाचार वाच्य प्रयोगका दृष्टिले स्तरीय ठानिन्छ ।

**आ)	कर्मवाच्यका उदाहरण**

क)	सातौँ राष्ट्रिय कर दिवस आज नेपालका विभिन्न स्थानहरूमा र्‍याली, प्रभातफेरी, छलफल तथा अन्तर्क्रिया लगायतका कार्यक्रमहरू गरी मनाइएको छ । ( २०७५/०८/०१)

ख)	१३ औँ महानगरीय प्रहरी दिवस आज विभिन्न कार्यक्रम गरी मनाइएको छ । ( २०७५/०८/०२)

ग)	नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका दिवंगत छोरा प्रकाश दाहालको सम्झनामा आज स्मृति सभाको आयोजना गरियो । (२०७५/०८/०३)

घ)	पाकिस्तान प्रिमियर लिगमा खेलाडीहरूलाई प्लाटेनियम, डायमण्ड, गोल्ड, सिल्भर र इमजिङ्ग गरी पाँच समूहमा विभाजन गरिएको थियो । (२०७५/०८/०४)

ङ)	गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई पञ्चशील क्षेत्र घोषणा गरिएको छ । ( २०७५/०८/०५)

च)	साताको अन्तिम दिन बिहीबार शेयर बजारमा झीनो अङ्कले गिरावट देखिएको छ । (२०७५/०८/०६)

छ)	डडेल्धुरामा हिजो भएको बस दुर्घटनाका घाइतेमध्ये ७ जनालाई थप उपचारका लागि धनगढीबाट काठमाडौँ ल्याइएको छ । (२०७५/०८/०७)

ज) सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र वार्षिक बजेटको पहिलो चौमासिक समीक्षा आज सकिएको छ । (२०७५/०८/०८)

झ) नयाँ प्रस्तुत विधानमा नेपाली काङ्ग्रेसको केन्द्रीय कार्यसमिति १४१ सदस्यीय हुने प्रस्ताव गरिएको छ । (२०७५/०८/०९)

ञ) ट्राफिक प्रहरीले मापदण्डभन्दा बढी भार बोक्ने ढुवानीका साधनलाई कारवाही गर्न थालेपछि वीरगञ्ज पथलैया अद्योगिक करिडोरका उद्योगी व्यावसायीहरू विरोधमा उत्रिएका छन् । (२०७५/०८/१०)

उदाहरणीय वाक्यहरू रेडियो समाचारमा समाविष्ट भएका कर्मवाच्य बुझाउने वाक्यहरू हुन् । कर्तृवाच्यको तुलनामा कर्मवाच्यको प्रयोग कम गरिएको छ । मंसिर १ गते प्रसारित समाचारमा सबैभन्दा धेरै वाक्य १९.७५ प्रतिशत (१६ वटा) र मंसिर ४ गते प्रसारित समाचारमा सबैभन्दा कम ४.४९ प्रतिशत (४ वटा) कर्मवाच्य रहेको पाइयो । समाचार लेखन गर्दा कर्तृवाच्यको प्रयोग गरिनु उपयुक्त ठानिन्छ र यसर्थ कर्मवाच्यभन्दा कर्तृवाच्यमा आधारित भएर समाचार लेखनमा जोड दिएको देखिन्छ ।

## ६.५ ध्रुवीयता

वाक्यले व्यक्त गर्ने अर्थका आधारमा ध्रुवीयता निर्क्योल गरिन्छ । वाक्यले दिने सकारात्मक अर्थका आधारमा करण र नकारात्मक अर्थात् उल्टो अर्थ व्यक्त गरेका आधारमा अकरण वाक्य गरी छुट्याएको पाइन्छ । समाचार लेखन र वाचन गर्दा करण वाक्यको बढी प्रयोग गरिनुपर्छ । समाचारमा अकरण वाक्यको प्रयोग गर्नुलाई त्यति सान्दर्भिक ठानिँदैन । समाचारले सूचना सम्प्रेषण गर्नुपर्दछ । सम्प्रेषण गरिने समाचारमा सकारात्मक र सचेतता हुनुपर्छ । रेडियो समाचारमा सकारात्मकता र सचेतता हुनुपर्छ । रेडियो नेपालबाट प्रसारित समाचारमा करण वाक्यसँगै केही अकरण वाक्यको पनि प्रयोग गरिएको छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १८ : ध्रुवीयताका आधारमा समाचारका वाक्यहरू

| क.सं. | ध्रुवीयता | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | करण | ९१२ | ९८.९२ |
| २ | अकरण | १० | १.०२ |
| | जम्मा | ९२२ | १०० |

उपर्युक्त तालिकाअनुसार रेडियो नेपालबाट प्रसारित समाचारमा रहेका ९२२ वटा वाक्यमध्ये ९८.९२ प्रतिशत (९१२ वटा) करण र १.०२ प्रतिशत (१० वटा) वाक्य अकरण रहेका छन् । यसरी हेर्दा रेडियो नेपालबाट प्रसारित समाचारमा करण वाक्यहरू बढी रहेका छन् भने अकरण वाक्यहरू अत्यन्तै थोरै रहेका छन् । नमुनाका रूपमा सङ्कलन गरिएका समाचारमा सबैभन्दा धेरै अकरणका वाक्य २०७५/०८/०५ गते प्रसारित समाचारमा पाँचवटा पाइए भने मंसिर ४ गते दुई वटा वाक्य र मंसिर १, २ र ६ गते एक/एक मात्रै अकरणका वाक्य भेटिए। मंसिर ३, ७, ८,९ र १० गते प्रसारित समाचारमा अकरणका वाक्य प्रयोग नभएको पाइयो । यसर्थ रेडियो नेपालबाट प्रसारित समाचार करण वाक्य प्रबल रहनुलाई समाचारको सिद्धान्तअनुकूल रहेको मान्न सकिन्छ।

**अ) करण वाक्यका केही उदाहरण**

क) महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री थममाया थापाले महिला सशक्तीकरण र महिलाको उत्थानबाट मात्रै मूलुकको विकास सम्भव हुने बताउनुभएको छ । ( २०७५/०८/०१)

ख) पाँचथरको फिदिम नगरपालिका - ४ शान्तिपुरकी १०१ वर्षीया भगवतीदेवी भण्डारीलाई राष्ट्रिय परिचय पत्र प्रदान गरेर वितरण कार्यको सुरुवात गर्न लागिएको हो। (२०७५/०८/०२)

ग) सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठक यही मंसिर ६ गते बस्ने भएको छ। (२०७५/०८/०३)

घ) डोल्पा जिल्लालाई पहिलोपटक सडक सञ्जालमा जोड्ने ११७.७७ किलोमिटर सडकको निर्माण कार्य नेपाली सेनाले २०६६ फागुन २७ गतेबाट सुरु गरेको थियो । (२०७५/०८/०४)

ङ) रिपोर्टर्स क्लब नेपालले आज काठमाडौँमा गरेको साक्षात्कारमा उहाँले वृहत् शान्ति प्रक्रिया पूरा भएको १२ वर्षसम्म पनि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानिविन आयोगले काम गर्न नसकेको उल्लेख गर्नुभयो । (२०७५/०८/०५)

च) कार्यक्रममा नेपालका लागि युरोपियन युनियनका भर्निका कोडीले जलवायु परिवर्तन अहिले विश्वकै लागि चुनौती भएको भन्दै यसको लागि विश्वकै कुल बजेटको एक तिहाई खर्च हुने गरेको बताउनुभयो । (२०७५/०८/०६)

छ) सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बास्कोटासँग नेपालका लागि जापानका राजदूत मासामिची साइगोले आज मन्त्रालयमा भेटघाट गर्नुभयो । (२०७५/०८/०७)

ज) सरकारको चालु आर्थिक वर्षको तथा कार्यक्रम र वार्षिक बजेटको पहिलो चौमासिक समीक्षा आज सकिएको छ । (२०७५/०८/०८)

झ) शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरीराजमणि पोखरेलले सरकार र डा. गोविन्द के.सी बीच पछिल्लो पटक सम्पन्न सम्झौताको कार्यान्वयन सकारात्मक रूपमा अघि बढिरहेको बताउनुभएको छ । (२०७५/०८/०९)

ञ) सरकारले गठन गरेको जनशक्ति प्रक्षेपण कार्यदलको बैठकलाई आज सिंहदरबारमा सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री ओलीले छोटो समयमा देखिने गरी विकासका काम गरेर देखाउने बताउनुभयो । (२०७५/०८/१०)

उल्लिखित उदाहरणका वाक्यहरूले सकारात्मक अर्थ दिएका छन् । त्यसैले उक्त वाक्यहरूलाई करण वाक्यका उदाहरणका रूपमा लिन सकिन्छ । सङ्कलित समाचारमा ध्रुवीयताका आधारमा गरिएको अध्ययनले करण वाक्यका प्रयोग बढी भएको देखिन्छ । समाचारको सैद्धान्तिक अवधारणाअनुसार रेडियो नेपालबाट प्रसारित समाचार स्तरीय देखिन्छ ।

आ) **अकरण वाक्यका केही उदाहरण**

क) नेपाली काङ्ग्रेस केन्द्रीय कार्यसमितिको बैठक दिउँसो १ बजेका लागि बोलाइए पनि अहिलेसम्म बस्न सकेको छैन । (२०७५/०८/०१)

ख) चेपाङ वस्तीमा भएका १० घरमध्ये ७ घरले बिजुली बाल्न सकेका छैनन् । (२०७५/०८/०२)

ग) समितिले दशै अघि चिनीको मूल्य ६३ रूपैँया गराउन दिएको निर्देशन अझै कार्यान्वयन भएको छैन । (२०७५/०८/०४)

घ) अर्थमन्त्री डा. खतिवडाले समग्रमा चालु आर्थिक बर्षको बजेट १८-१९ प्रतिशत खर्च भएको र अघिल्लो वर्षको हिसाबले ३८.३९ प्रतिशत नै बढी भए पनि सन्तोषजनक भने नरहेको बताउनुभयो । (२०७५/०८/०५)

ङ) राष्ट्रिय योजना आयोगका सदस्य डाक्टर कृष्णप्रसाद ओलीले जलवायु परिवर्तनको असरमा नेपाल जिम्मेवार नभएको बताउनुभयो । (२०७५/०८/०६)

प्रस्तुत उदाहरणका वाक्यले नकारात्मक अर्थ व्यक्त गरेका छन् । यसर्थ उक्त वाक्यलाई अकरण वाक्यका उदाहरणका रूपमा लिन सकिन्छ । समाचारमा अकरण वाक्यको प्रयोगलाई सान्दर्भिक ठानिँदैन । मात्रात्मक दृष्टिले समाचारमा रहेका अकरण वाक्य न्यून रहेको पाइन्छ । रेडियो नेपालबाट प्रसारित समाचारमा ध्रुवीयताको दृष्टिले विश्लेषण गर्दा अकरण वाक्यभन्दा करण वाक्यको बढी प्रयोग भएको पाइन्छ । करण वाक्यको प्रयोगमा जोड दिनुले रेडियो समाचारले सकारात्मक सन्देश व्यक्त गर्ने देखिन्छ । वाक्य संरचनामा करण र अकरण दुवै वाक्यको प्रयोग गर्ने गरिएको पाइए तापनि करण वाक्यको बढी प्रयोगले समाचारलाई सरल र सहज बनाउँदछ । तसर्थ ध्रुवीयताका दृष्टिले समाचारहरूलाई उपयुक्त नै मान्न सकिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

मानव सभ्यताको विकाससँगै विचार विनिमयको साधनका रूपमा भाषाको विकास भएको पाइन्छ । मानव जातिले कथ्य भाषालाई लिपिमा विकास गरेपश्चात् मात्रै मुद्रण युग आएको हो । मुद्रण पद्धतिको विकास पत्रकारिताको विकासका लागि पूर्वशर्तका रूपमा आएको हो । पत्रकारिता समाचार र विचार आदिको प्रवाहसँग सम्बन्धित रहेको छ । विश्वइतिहासमा सन् १८९४ मा गुग्लिएल्मो मार्कोनीले विद्युतीय तारबिना आवाज सम्प्रेषण गर्न सफल भएपछि रेडियोको विकास भएको हो । नेपालमा भने वि.सं. २००७ सालमा मात्रै रेडियो नेपालको विकास भएको पाइन्छ । यसरी रेडियो नेपालले आफ्नो विकासकालेदखि नै रेडियो समाचार प्रसारण गर्दै आइरहेको छ । प्रस्तुत अध्ययन रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको समाचारको सैद्धान्तिक दृष्टिकोण, वाचनगत अवस्था र व्याकरणात्मक पक्षको अध्ययन एवम् विश्लेषणमा केन्द्रित छ । प्रस्तुत अध्यायमा २०७५ मंसिर १ देखि १० गतेसम्म प्रसारण भएका १० वटा  समाचारलाई नमुनाको रूपमा लिएर अध्ययन गर्दा प्राप्त सारांश , निष्कर्ष र उपयोगिताहरूलाई समावेश गरिएको छ ।

## ७.१ सारांश

रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको अध्ययन शीर्षकमा गरिएको शोधपत्र १० वटा समाचारको विश्लेषणमा केन्द्रित रही सात अध्यायसम्म विस्तार गरिएको छ । १० वटा समाचारका नमुना रेडियो नेपालबाट अडियो र स्क्रिप्ट दुवै माध्यममा प्राप्त गरी सोहीअनुसार विश्लेषण गरिएको हो । समाचारभित्र समेटिएका जनआवाज र रिपोर्टलाई अध्ययन सीमाभित्र राखिएको छैन भने व्याकरणात्मक पक्षका दृष्टिले अध्ययन विश्लेषण गर्दा र वाक्य गणनाका सन्दर्भमा भने रेडियो नेपालबाट उपलब्ध अडियो र स्क्रिप्टलाई नै आधार मानिएको छ । हेडलाइन, समाचारको पिरामिड शैली र वाचनगत अवस्थाको विश्लेषणमा भने अडियोलाई आधार मानिएको छ । यसर्थ प्रस्तुत शोधमा रेडियो नेपालबाट प्रसारित समाचारको स्क्रिप्ट र अडियोका आधारमा अध्ययन एवम् विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, उद्देश्य औचित्य, सीमा र रूपरेखाको बारेमा चर्चा गरिएको छ । पृष्ठभूमि खण्डमा भाषा, रेडियो, समाचारको भाषाको बारेमा सङ्क्षेपीकृत चर्चा गरिएको छ । रेडियो नेपालबाट प्रसारित समाचारको

भाषिक अवस्थालाई मूल समस्याको रूपमा उठान गरी समाचारको सैद्धान्तिक मान्यताअनुसार रेडियो समाचार के -कति उपयुक्त छ, वाचनगत अवस्था कस्तो रहेको छ र समाचारमा व्याकरणात्मक पक्ष के-कस्तो रहेको छ ? भनेर अध्ययन गरिएको छ । यसै समस्यामा आधारित रही तीनवटा उद्देश्यहरू सैद्धान्तिक दृष्टिले रेडियो समाचारको विश्लेषण, रेडियो समाचारको वाचनगत अवस्था र व्याकरणात्मक पक्षको अध्ययन गर्नु रहेका छन् साथै शोधकार्यको औचित्यभित्र के कारणले अध्ययन गरिएको हो भन्ने कुराहरू तथा उक्त अध्ययनले कुन-कुन क्षेत्रका व्यक्तिहरूलाई सहयोग प्रदान गर्न सक्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यसैगरी चारवटा सीमाहरू निर्धारण गरी सात अध्यायसम्मको रूपरेखा प्रस्तुत गरिएको छ ।

शोधको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणाको बारेमा चर्चा गरिएको छ । यस शोधसँग सम्बन्धित पुस्तक, लेख तथा शोधहरूको पुनरावलोकन गरिएको छ । जसमा आमसञ्चार, पत्रकारिता र रेडियो पत्रकारितासँग सम्बन्धित पुस्तकहरूको पुनरावलोकन गरिएको छ । पुस्तकको पुनरावलोकनमा ६ वटा प्रकाशित पत्रकारिता तथा रेडियो पत्रकारितासँग सम्बन्धित कृतिलाई समेटिएको छ । शोधको पुनरावलोकनमा रेडियोबाट प्रसारित समाचारमा केन्द्रित शोधपत्र खासै नपाइए तापनि समाचारको सम्पादकीयसँग सम्बन्धित जसले रेडियो पत्रकारिताको सिद्धान्तसँग मेल खाने १० वटा शोधपत्रहरूलाई समेटिएको छ । सैद्धान्तिक रूपरेखाभित्र रहेर आमसञ्चार, आमसञ्चारको वर्गीकरण, रेडियो पत्रकारिता, रेडियोको विश्वइतिहास, दक्षिण एसियामा रेडियोको विकासक्रम, समाचार, समाचारको बनोट, रेडियो समाचार लेखन, समाचारको विषयवस्तु, रेडियो समाचार वाचन, रेडियो समाचारमा व्याकरणात्मक पक्ष (वाक्य, काल, पक्ष, वाच्य र ध्रवीयता) को चर्चा गरिएको छ । सैद्धान्तिक अवधारणाका आधारमा रहेर उद्देश्यहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधको अध्याय तीनमा अध्ययन विधिलाई समेटिएको छ । यसअन्तर्गत शोधविधि, जनसङ्ख्या, नमुना छनोट, नमुना छनोट प्रविधि, सामग्री सङ्कलनका स्रोत सामग्रीको व्याख्या तथा विश्लेषणका बारेमा चर्चा गरिएको छ । अध्ययन विधिअन्तर्गत वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ । नमुना छनोटअन्तर्गत रेडियो नेपालबाट वि.सं. २०७५ मंसिर १ गते देखि मंसिर १० गतेसम्म प्रसारित १० वटा समाचारलाई छनोट गरिएको छ । प्राथमिक स्रोतका रूपमा रेडियो समाचार र द्वितीयक

स्रोतका रूपमा विभिन्न लेख, पाठ्यपुस्तक एवम् शोधपत्रलाई लिइएको छ । रेडियो समाचारको भाषा अध्ययन गरी तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणमा तालिका, प्रतिशतका साथै व्याख्या विश्लेषणलाई जोड दिई निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको महत्त्वपूर्ण खण्डका रूपमा व्याख्या तथा विश्लेषणलाई लिइएको छ । यस खण्डअन्तर्गत अध्याय चार, पाँच र छ लाई समेटिएको छ । शोधमा प्रयुक्त उद्देश्यअनुसार व्याख्या तथा विश्लेषण खण्डमा अध्याय विभाजन गरिएको छ । यसअन्तर्गत रेडियो समाचारलाई समाचारको सैद्धान्तिक दृष्टिकोण, वाचनगत अवस्था र व्याकरणात्मक पक्षका आधारमा विश्लेषण गरिएको छ । चौथो अध्यायमा समाचारको सैद्धान्तिक दृष्टिकोणअन्तर्गत हेडलाइनको विषयक्षेत्र र हेडलाइन विस्तारको पिरामिड ढाँचाअनुरूप विश्लेषण गरिएको छ । त्यस्तै पाँचौ अध्यायमा समाचारको वाचनगत अवस्थालाई रेडियो समाचार निर्देशिकाका आधारमा विश्लेषण गरिएको छ । निर्देशिकामा समाचार वाचन सम्बन्धी नियमहरू उल्लेख भएका र त्यसैका आधारमा वाचनको समयावधि, वाचनगत अवस्था र वाचनको गति आधार मानेर विश्लेषण गरिएको छ । यस्तै छैटौँ अध्यायमा रेडियो समाचारको व्याकरणात्मक पक्षको अध्ययन गरिएको छ । व्याकरणात्मक पक्षअन्तर्गत वाक्य, काल, पक्ष, वाच्य र ध्रुवीयताका आधारमा वाक्य गणना गरी प्रतिशतसहित तालिकामा प्रस्तुत गरेर विश्लेषण र निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

रेडियो नेपालबाट वि.सं. २०७५ मंसिर १ देखि १० गतेसम्म प्रसारित समाचारको भाषिक अध्ययन गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ । आफ्नो स्थापना कालदेखि नै रेडियो नेपालले विभिन्न भाषामा समाचार प्रसारण गर्दै आइरहेको देखिन्छ । नयाँ नयाँ विषयवस्तुको खोजी गर्दै सूचना सम्प्रेषण गर्ने कार्य समाचारमार्फत गरिन्छ । यसरी प्रसारित भएको समाचारका हेडलाइनहरू कुन कुन विषयक्षेत्रसँग सम्बन्धित रहेका छन्, ती हेडलाइनहरू विस्तार गर्ने क्रममा पिरामिड ढाँचाअनुरूप भएको छ कि छैन् भनेर समाचारको सैद्धान्तिक दृष्टिकोणअनुसार विश्लेषण गरिएको छ । यसका साथै समाचार वाचनगत अवस्थामा वाचनको समायावधि, वाचनको शुद्धता एवम् वाचनको गति र समाचारमा प्रयुक्त व्याकरणात्मक पक्ष (वाक्य, काल, पक्ष, वाच्य र ध्रुवीयता) का आधारमा प्रसारित १० वटा समाचारहरूको अध्ययनबाट प्राप्त परिणामलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- हेडलाइनको विषयक्षेत्रका आधारमा अध्ययन गर्दा सामाजिक राजनीतिक, आर्थिक, लैङ्गिक, प्रकोपीय तथा दुर्घटनाजस्ता विषयक्षेत्रसँग सम्बन्धित ३८ वटा हेडलाइन रहेका हुन । जसमा सबैभन्दा धेरै सामाजिक र राजनीतिक क्षेत्रमा ३१.५८ प्रतिशत (१२/१२ वटा) र आर्थिक, प्रकोपीय तथा दुर्घटना र लैङ्गिक क्षेत्रमा क्रमशः २१.०५, १३.१६, र २.६३ प्रतिशत (८, ५, १ वटा) हेडलाइन रहेका छन् ।

- नमुनाका रूपमा सङ्कलन गरिएका समाचार वाचनको समयावधि २३ मिनेटदेखि ३० मिनेटसम्म वाचन गरिएको पाइन्छ । मंसिर ७ गते सबैभन्दा बढी समय ३० मिनेट २२ सेकेण्ड लागेको र सबैभन्दा कम मंसिर ४ गते २४ मिनेट ४१ सेकेण्ड लगाएर समाचार वाचन गरिएको पाइन्छ ।

- हेडलाइनलाई वाचन गर्दा निर्देशिकाले उल्लेख गरेको न्यूनतम समय ३० सेकेण्ड समयकै आसपासमा वाचन गरिएको पाइयो । जहाँ सबैभन्दा धेरै ३४ सेकेण्ड र कम २८ सेकेण्डमा हेडलाइन वाचन गरिएको पाइयो ।

- छनोट गरिएका कुल १० वटा समाचारमध्ये ६० प्रतिशत (६ वटा) समाचारमा दुई मिनेट भन्दा बढी र ४० प्रतिशत (४ वटा) समाचारमा २ मिनेटभन्दा कम समय लगाएर आर्थिक समाचार वाचन गरिएको पाइन्छ । आर्थिक समाचार दुई मिनेटमा वाचन गरिसक्नुपर्ने कुरा निर्देशिकामा उल्लेख गरिएको छ ।

- खेलकुद समाचार १ मिनेट ३० सेकेण्डमा वाचन गर्नुपर्ने भए पनि छनोट गरिएका समाचारमा निर्देशिकाले तोकेको समयभन्दा बढी समय लगाएको पाइन्छ ।

- मौसमसम्बन्धी जानकारीलाई ४५ सेकेण्डमा वाचन गर्नुपर्नेमा छनोट गरिएका समाचारमध्ये एउटा समाचारमा निर्देशिकाले तोकिएको समयमा, पाँचवटा समाचारमा तोकिएको समयभन्दा कम समय लगाएर मौसमसम्बन्धी खबरलाई वाचन गरिएको पाइन्छ ।

- वाचनगत शुद्धतामा मानक उच्चारण गरिएको छ भने केही संयुक्त शब्दमा उच्चारणगत अशुद्धता रहेको पाइयो । वाचनको गतिमा प्रतिमिनेट ११० देखि

१३० शब्दको हाराहारीमा वाचन गरिएको पाइन्छ । निर्देशिकामा प्रतिमिनेट १२० शब्दका दरले वाचन गर्नुपर्ने मान्यता राखेको पाइन्छ ।

- समाचारको पिरामिड सिद्धान्तअनुसार हेडलाइनको विस्तारलाई अध्ययन गर्दा कुल हेडलाइनको ३१.५८ प्रतिशत (१२ वटा) हेडलाइन पूर्ण रूपमा पिरामिड ढाँचामा केन्द्रित रहेका छन् भने बाँकी हेडलाइनले पछिल्ला दुई आधार कम महत्त्वका तथ्य वा उद्धरण र बाँकी जानकारीलाई समेटेको पाइँदैन ।

- व्याकरणात्मक पक्षअन्तर्गत वाक्यको अध्ययन गर्दा नमुनाका रूपमा सङ्कलित समाचारमा प्रयोग भएका कुल ९२२ वटा वाक्यमध्ये सरल वाक्य ६३.४५ प्रतिशत (५८५ वटा) र जटिल वाक्य ३६.५५ प्रतिशत (३३७ वटा) रहेको पाइन्छ । उक्त अध्ययनमा जटिल वाक्यभन्दा सरल वाक्यको प्रयोग बढी देखिन्छ ।

- समाचारमा प्रयुक्त वाक्यलाई कालगत रूपले हेर्दा भूत कालका ४४.०३ प्रतिशत (४०६ वटा) वाक्य र अभूत कालका ५५.९७ प्रतिशत (५१६ वटा) वाक्य प्रयोग भएको देखिन्छ । जसमा भूतकालभन्दा अभूतकालका वाक्य बढी प्रयोग भएका छन् ।

- छनोटमा परेका समाचारमा प्रयुक्त वाक्यमा पक्षलाई निर्क्योल गर्दो सामान्य पक्षका वाक्य ३६.२२ प्रतिशत (३३४ वटा), अपूर्ण पक्षका वाक्य ०.९८ प्रतिशत (९ वटा), पूर्ण पक्षका वाक्य ६२.८० प्रतिशत (५९७ वटा) र अभ्यस्त र अज्ञात पक्षका वाक्य प्रयोग शुन्य रहेको पाइन्छ । जसमा सबैभन्दा धेरै क्रमशः पूर्ण, सामान्य र अपूर्ण पक्षका वाक्य रहेका छन् ।

- रेडियो समाचारमा प्रयुक्त वाक्य गणना गरी वाच्यका दृष्टिले गरिएको अध्ययनमा कर्तृवाच्यका वाक्य ८९.७ प्रतिशत (८२७ वाक्य), कर्मवाच्यका वाक्य १०.३ प्रतिशत (९५ वटा वाक्य) रहेका छन् भने भाव वाच्यका वाक्य नगण्य छन् । उक्त समाचारमा कर्मवाच्यभन्दा कर्तृवाच्यका वाक्यको प्रयोग बढी गरिएको पाइन्छ ।

- छनोट गरिएका समाचारलाई ध्रुवीयताका आधारमा अध्ययन गर्दा करण वाक्य ९८.९२ प्रतिशत (९१२ वटा वाक्य) र अकरण वाक्य १.०२ प्रतिशत (

१० वटा वाक्य) रहेको पाइन्छ । जसमा अकरणभन्दा करण वाक्यको प्रयोग बढी रहेको देखिन्छ ।

## ७.३ सुझाव

रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको अध्ययन शीर्षकमा शोधपत्र तयार गरिएको छ । समाचार लेखन र वाचन प्राविधिक कुरा हुन् । यस्ता प्राविधिक पक्षमा संयमता अपनाउँदा अपनाउँदै पनि कहिलेकाहीँ केही कमजोरी देखापर्दछन् । समाचार लेखनको भाषा कस्तो हुने भन्ने सन्दर्भमा विभिन्न सिद्धान्तहरू तर्जुमा गरिएको देखिन्छ । सिद्धान्तमा उल्लेख गरिएअनुसार रेडियो समाचारको भाषा कस्तो रहेको छ र समाचार निर्देशिकाअनुरूप वाचनको अवस्था कस्तो रहेको छ भन्ने विषयमा प्रस्तुत शोध केन्द्रित देखिन्छ । साथै समाचारले समेटेको विषयक्षेत्र पनि स्पष्ट भएको तर विषयक्षेत्र छनोट गर्दा केही समस्या रहेका छन् । देश समृद्ध बनाउन शिक्षा क्षेत्रमा विशेष जोड दिनुपर्ने हुन्छ । विशेषगरी आमसञ्चार वा सञ्चारका क्षेत्रमा शिक्षासम्बन्धीका बहस र शैक्षिक कार्यक्रम तर्जुमा गर्नु जरुरी रहेको छ । रेडियो नेपालले पनि शैक्षिक क्षेत्रलाई प्राथमिकतामा राखी सोहीबमोजिम हेडलाइन तर्जुमा गरेर समाचार प्रसारण गर्नमा जोड दिन आवश्यक छ । समाचारको सैद्धान्तिक मान्यता र समाचार निर्देशिकामा आधारित रहेर गरिएको अनुसन्धानको क्रममा प्राप्त अनुभव र तथ्याङ्क विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा केही कमीकमजोरीहरू रहेको पाइएको छ । उक्त कमजोरीहरू समाधान गरी समाचारको सैद्धान्तिक मान्यताअनुरूप समाचार लेखन एवम् भाषाको शुद्ध प्रयोग गर्न र निर्देशिकाबमोजिम वाचनमा एकरूपता कायम गराउन केही सुझावहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएका छन् ।

- समसामयिक र नवीन घटनालाई समाचारको विषयक्षेत्रका रूपमा छनोट गरिनुपर्ने,
- तीनदेखि पाँचवटा सम्मका हेडलाइनमा खेलकुदसम्बन्धी एउटा हेडलाइन समेट्नुपर्ने,
- शैक्षिक क्षेत्रसँग सम्बन्धित रहेर हेडलाइन तर्जुमा गरी पिरामिड ढाँचाका आधारमा विस्तार गर्नुपर्ने,

- प्रत्येक हेडलाइनको विस्तार गर्दा पिरामिड सिद्धान्तका आधारअनुसार सूचना सङ्कलन गर्नुपर्ने,
- समाचार लेखन गर्दा समाचारको सैद्धान्तिक मान्यतालाई ध्यान दिनुपर्ने,
- समाचार वाचन गर्दा रेडियो नेपालले तयार गरेको समाचार निर्देशिकाको उपयोग गर्नुपर्ने,
- वाचनको समयावधिमा विशेष ध्यान दिनुपर्ने
- प्रविधिक पक्षलाई ख्याल गर्नुपर्ने
- समाचार वाचनमा एकरूपता कायम गरी मानक उच्चारणमा विशेष जोड दिनुपर्ने,
- वाचन गर्दा सरल, सुलभ र सर्वमान्य भाषाको प्रयोग गर्नुपर्ने,
- समाचार सङ्कलन गर्दा सरल भाषा प्रयोग गरी छोटा छोटा वाक्यको प्रयोग गर्नुपर्ने,
- समाचार वाचन गर्नुभन्दा अगाडि समाचार वाचकले एकपटक समाचारको सरसर्ती अध्ययन गर्नुपर्ने,
- जटिल वाक्यको प्रयोगमा कमी गरी सरल वाक्य प्रयोगमा अझै जोड दिनुपर्ने,
- समाचार लेखनमा अभूतकालीन वाक्यको प्रयोगमा जोड दिनुपर्ने,
- बहुअर्थ दिने खालका कठिन र प्राविधिक शब्दको प्रयोग कम गर्नुपर्ने,
- कर्तृवाच्यमा आधारित भएर समाचार लेखन गर्नुपर्ने,
- नकारात्मक अर्थ दिने वाक्य प्रयोगमा न्यूनीकरण गर्नुपर्ने,
- चलनचल्तीमा रहेका शब्द प्रयोगमा जोड दिनुपर्ने,
- पूर्व तयारी र नियमित शब्दोच्चारणको अभ्यास गर्नुपर्ने
- समाचारवाचक उत्तरदायी र जवाफदेही हुनुपर्ने ।

## ७.४ उपयोगिता

प्रस्तुत शोधपत्र रेडियो नेपालबाट प्रसारित समाचारमा प्रयुक्त भाषाको अध्ययन शीर्षकमा केन्द्रित छ । उक्त शोधमा नमुनाका रूपमा सङ्कलित रेडियो समाचारमा समाचारको सैद्धान्तिक दृष्टिकोण, वाचनगत अवस्था र व्याकरणात्मक पक्षको अध्ययनजस्ता उद्देश्यका आधारमा शोधकार्य सम्पन्न गरिएको छ । जसले गर्दा उल्लिखित उद्देश्यको जानकारी हासिल गर्न उपयोगी हुने विश्वास गरिएको शोधपत्रमा समग्रगत उपयोगितालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- भविष्यमा पत्रकारिता एवम् रेडियोकर्मी भई समाचारका क्षेत्रमा कलम चलाउने सञ्चारकर्मी, अनुसन्धनकर्ता तथा सम्बन्धित क्षेत्रमा रुचि राख्ने सबैलाई उपयोगी हुने देखिन्छ ।
- रेडियो समाचार लेखन तथा समाचार वाचनका क्षेत्रमा काम गर्ने व्यक्तिलाई निर्देशिकाको रूपमा सहयोग गर्नेछ ।
- समाचारको भाषा कस्तो हुनुपर्छ, समाचारका प्रमुख शीर्षकले कस्ता विषयक्षेत्र समेटुन्पर्छ भन्ने बारेमा ज्ञान प्रदान गर्नेछ ।
- भाषाका बारेमा अनुसन्धान गर्ने जो कोहीलाई सहयोग पुग्नेछ ।
- आमसञ्चारमा रेडियोको भूमिका, रेडियोको विश्व इतिहाससँगै नेपालमा रेडियोको विकासक्रम बारे जानकारी बटुल्न उपयोगी हुनेछ ।
- समाचारमा व्याकरणात्मक पक्षको उपस्थिति के कति रहनुपर्छ भन्ने सम्बन्धमा जानकारी प्रदान गर्न सहयोगी देखिन्छ ।
- समाचार लेखनमा उपयुक्त शब्द छनोट गरी भाषालाई कसरी सरलता बनाउन सकिन्छ भनी थाहा पाउन प्रस्तुत शोधपत्र उपयोगी देखिन्छ ।
- पत्रिका वा रेडियोको समाचार लेख्ने पत्रकारलाई लेखनका मापदण्डहरूको ज्ञान प्रदान गर्न उपयोगी हुने देखिन्छ ।
- प्रस्तुत अध्ययनले व्याकरणात्मक पक्ष वाक्य, काल, पक्ष, वाच्य, ध्रुवीयताको अध्ययन गर्न सहयोगी हुने देखिन्छ ।
- समाचार लेखनको अभ्यास, गरिरहेका व्यक्तिहरूलाई लेखन सुधार गर्न सहयोग गर्ने देखिन्छ ।

- रेडियो समाचारमा प्रयुक्त भाषालाई स्तरीयता प्रदान गर्न उपयोगी देखिन्छ ।

## ७.५ भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू

- रेडियो नेपालबाट प्रसारित आर्थिक समाचारमा प्रयुक्त भाषाको अध्ययन ।
- रेडियो नेपालबाट प्रसारित विज्ञापनको भाषिक अध्ययन ।
- रेडियो नेपालबाट प्रसारित समाचारमा समाविष्ट रिपोर्टको भाषिक अध्ययन ।
- रेडियो नेपालबाट प्रसारित समाचारमा समाविष्ट रिपोर्टको भाषिक त्रुटिको अध्ययन ।

# सन्दर्भसामग्री सूची

अधिकारी, ध्रुवहरि (२०५३), *पत्रकारिता हातेकिताब,* काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्युट ।

अधिकारी, निर्मलमणि (२०६३), *सञ्चार शोध र मिडिया पर्यवेक्षण,* काठमाडौँ : प्रशान्ति पुस्तक भण्डार ।

अधिकारी, निर्मलमणि (२०६४), *प्रयोगात्मक पत्रकारिता,* काठमाडौँ : प्रशान्ति पुस्तक भण्डार ।

अधिकारी, प्रेमबहादुर (२०७० सम्पा), *पत्रकारिता, उद्घोषण र भाषण,* काठमाडौँ : एस.पी. प्रकाशन प्रा.लि. ।

अधिकारी, मनोज (२०६९), 'चेष्टा साप्ताहिक पत्रिकामा पाइएको भाषिक त्रुटिको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हरिप्रसाद र उपाध्याय, गिरिशा लक्ष्मी (२०७५), *रेडियो पत्रकारिता परिचय,* काठमाडौँ : सूर्य पब्लिकेसन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०७५), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अर्याल, द्रोपती (२०७४), 'दैनिक समाचारपत्रमा प्रकाशित बालसमाचारको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ ।

आचार्य, तुलसा (२०६९), 'नेपाल टेलिभिजनको समाचारमा प्रयुक्त नेपाली भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

उपाध्याय, भानुभक्त (२०७३), 'रामारोशन रैबारमा प्रयुक्त अछामी भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कटुवाल, कुन्ति (२०७०), 'कान्तिपुर पत्रिकाको विज्ञापनमा प्रयुक्त भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

काफ्ले, टिका माया (२०७३), 'बुटवल टुडे पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कार्की, झमकबहादुर (२०७४), 'सोपान पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कार्की, सन्तोष र अन्य (२०७५), *दियोमा तेल थप्नेहरू,* काठमाडौँ : बुलबुल पब्लिकेसन ।

के.सी., मस्त (२०७२), *सञ्चार र पत्रकारिता,* काठमाडौँ : प्रत्युष प्रकाशन ।

कोइराला, ए.बि. (२०५८), *पत्रकारिता परिचय,* काठमाडौँ : अथर ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, श्रीराम (२०७३), *रेडियो पत्रकारिता हाते किताब,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

चालिसे, विजय (२०६०), *आमसञ्चार द्वन्द्व र आतङ्कवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

तिमल्सेना, शिवप्रसाद (२०६६), 'गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

धमला, टेकप्रसाद (२०७४), 'अनलाइन खबर डट कम दैनिक पत्रिकामा प्रयुक्त भाषाको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, शर्मिला (२०७३), 'नारी पत्रिकामा प्रयुक्त कोड मिश्रणको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, उषा (२०७३), 'रूप्से दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा', *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६९), 'शोधप्रस्तावका प्रमुख अङ्गहरू', *सम्प्रेषण,* वर्ष ७, पृ. ४२-४९ ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७५), *अनुसन्धान विधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मैनाली, रघु र अन्य (२००९ इ.), *कम्युनिटी रेडियो पर्फर्मेन्स एसेसमेन्ट सिस्टम,* काठमाडौँ : सिआरएससी/नेफेज ।

म्याकक्विल, डेनिस (२००५ इ.), *मास कम्युनिकेसन थ्योरी,* न्यु डिल्ली : भिस्तार पब्लिकेसन ।

रेडियो नेपाल (२०७०), *रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड २०७०,* काठमाडौँ : जाइका ।

रेडियो नेपाल (२०७२), *रेडियो नेपालको मुखपत्र झङ्कार,* काठमाडौँ : अथर ।

रेडियो नेपाल समाचार निर्देशिका, काठमाडौँ ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

वन्त, प्रत्युष र अन्य (२०६२), *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद,* काठमाडौँ : मार्टिन चौतारी ।

वस्ती, शरच्चन्द्र (२०६९), *हाम्रो भाषा,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स प्रा.लि. ।

वस्ती, शरच्चन्द्र (२०७४), *नेपाली कसरी लेख्ने ?,* ललितपुर : शिक्षक मासिक ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६८), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

हुमागाई, देवराज, भट्ट, कोमल र अधिकारी, कृष्ण (२०६४), *मिडिया अनुसन्धान : प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास,* काठमाडौँ : मार्टिन चौतारी ।

डब्लु डब्लु डब्लु डट हिस्ट्री अफ रेडियो डट नेट ।

डब्लु डब्लु डब्लु डट विकिपिडिया डट रेडियो नेपाल डट कम ।

## परिशिष्ट

## रेडियो नेपालबाट प्रसारित समाचार

प्रसारित मिति : २०७५/०८/०२

प्रस्तोता : टीकाराम सुनार

समाचारका प्रमुख शीर्षक (हेडलाइन)

- राज्य व्यवस्था समितिमा नागरिकतासम्बन्धी विधेयकमा छलफल सुरु, सबै नेपालीले नागरिकता पाउने र गैह्रनेपालीले नागरिकता लिन नसक्ने गरी विधेयक परिमार्जन गर्नुपर्नेमा गृहमन्त्री रामबहादुर थापाको जोड,
- राष्ट्रिय परिचयपत्रको वितरण भोलि पाँचथरबाट सुरु हुँदै, तीन वर्षसम्म ७७ वटै जिल्लामा वितरण गरिसक्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको योजना
- देशका विभिन्न स्थानमा भएको सडक दुर्घटनाका कारण ६ जनाको मृत्यु र भियतनाममा तोराजिया आधीका कारण कम्तीमा १२ जनाको मृत्यु

पूरा समाचार

प्रतिनिधि सभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिले नागरिकतासम्बन्धी विधेयक माथिको छलफल अघि बढाएको छ ।

विधेयकका विषयमा छलफल गर्न आज बसेको समिति बैठकमा गृहमन्त्री रामबहादुर थापाले नागरिकता राष्ट्रको पहिचान, समृद्धि तथा राष्ट्रिय सुरक्षा र स्वाधीनतासँग जोडिएको विषय भएकाले यस सम्बन्धमा ठिक ढङ्गले छलफल गरेर मात्रै निर्णयमा पुग्नुपर्ने बताउनुभयो ।

गृहमन्त्री थापाले नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न संशोधन विधेयक ल्याएको भन्दै नागरिकता नपाएका सबै नेपालीले नागरिकता पाउने र गैह्रनेपालीले नागरिकता लिन नसक्ने गरी संविधानअनुकूल विधेयक परिमार्जन गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

समितिमा छलफलमा रहेको नागरिकतासम्बन्धी संशोधन विधेयकमा ५५ जना सांसदहरूले १०२ वटा विषयमा संशोधन दर्ता गराउनु भएको छ ।

प्रतिनिधि सभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिको आज बसेको बैठकले तीनवटा उपसमिति गठन गरेको छ ।

समितिको कार्यालय सिंहदरबारमा आज बसेको बैठकले स्वास्थ्य तथा जनसङ्ख्या, शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद उपसमिति गठन गरेको हो ।

मन्त्रालयगत आधारमा बनेका तीनवटै उपसमितिले स्वास्थ्य तथा जनसङ्ख्या, शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद क्षेत्रका यस अघिका प्रतिवेदन, नीति तथा योजनाहरूको अध्ययन गरेर आवश्यक नीति निर्माणका लागि छलफल गर्नेछ ।

गठन गरिएका तीनवटै उपसमितिको समय अवधि कार्य प्रारम्भ गरेको मितिले २१ दिन राखिएको छ ।

नेपालमै पहिलोपटक भोलि पाँचथरबाट राष्ट्रिय परिचयपत्र वितरण कार्यको थालनी हुँदैछ ।

पाँचथरको फिदिम नगरपालिका-४ शान्तिपुरकी १०१ वर्षीया भगवतीदेवी भण्डारीलाई राष्ट्रिय परिचयपत्र प्रदान गरेर वितरण कार्यको सुरुआत गर्न लागिएको हो ।

आगामी तीन वर्षभित्र नेपालका सबै जिल्लाबाट राष्ट्रिय पहिचान बोकेको राष्ट्रिय परिचयपत्र वितरण गर्ने तयारी गरिरहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जनाएको छ ।

नेपाली काङ्ग्रेस केन्द्रीय समितिको बैठक अहिले बसिरहेको छ ।

नेपाल विद्यार्थी संघको म्याद थप र पार्टीको महासमिति बैठकबारे थप निर्णय गर्न काङ्ग्रेस केन्द्रीय समितिको बैठक बस्न लागेको हो । नेविसंघको निर्णय गर्न शनिबार बोलाइएको काङ्ग्रेस केन्द्रीय समिति बैठकमा सहमति जुट्न नसकेपछि बैठक पुन आज बसेको हो ।

आजको बैठकले नेविसंघबारे निर्णय गर्ने काङ्ग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

महाधिवेशन गर्न भन्दै थपिएको नेविसंघको तीन महिने कार्यकाल आजबाट सकिँदैछ । आज बेलुकाबाट नेविसंघको वैधानिक हैसियत सकिने भएकाले त्यसबारे निर्णय लिनुपर्ने बाध्यता काङ्ग्रेसलाई छ ।

नेपाली काङ्ग्रेसका महामन्त्री डा सशांक कोइरालाले पार्टीलाई संगठित बनाउन कुनै पनि कसर बाँकी नराख्ने बताउनुभएको छ ।

विराटनगर स्थित कोइराला निवासको परिसरमा निमार्ण गरिएको विपि कोइराला फाउण्डेसनको एक नम्बर प्रदेश कार्यालय भवनको आज उद्घाटन गर्नुहँदै महामन्त्री डा. कोइरालाले काङ्ग्रेसलाई पहिलेको अवस्थामा फर्काएर छाडने प्रतिवद्धता प्रकट गर्नुभयो ।

कार्यक्रममा काङ्ग्रेस केन्द्रीय सदस्य डा शेखर कोइरालाले विपि कोइराला, गिरिजाप्रसाद कोइराला र गणेशमान सिंहको सपना पूरा गर्न काङ्ग्रेस दृढ हुनुपर्ने वताउनुभयो ।

अर्का केन्द्रीय सदस्य सुजाता कोइरालाले मुलुकको राजनीतिक स्थायित्वका लागि पनि काङ्ग्रेस बलियो हुनु आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले शिक्षालाई उत्पादन र उत्पादनलाई समृद्धिसँग जोडे मात्रै समृद्ध नेपाल सुखी नेपालीको महाअभियान सफल हुने बताउनुभएको छ ।

महोत्तरीको बर्दिवास नगरपालिका ११ स्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयको उद्घाटन कार्यक्रममा मन्त्री पोखरेलले मुलुकमा शिक्षाको मात्रात्मक विकास मात्रै भएकाले र अब गुणात्मक शिक्षातर्फ जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले सामुदायिक विद्यालयको अवस्था खस्किएकोले त्यसको सुधारको लागि स्थानीय स्तरले स्वामित्व लिनुपर्ने बताउनुभयो ।

बृहस्पति अस्त भए पनि कार्तिक शुक्ल एकादशीका दिन तुलसी-दामोदरको विवाह, चतुर्मास व्रत उद्यापन, नवान्नप्राशन गर्नुहुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

बृहस्पति अस्तका बेला ठूलो एकादशीसमेत भनिने कार्तिक शुक्ल एकादशीका दिन गरिने व्रत, तुलसी-दामोदर विवाह र त्यसपछि उद्यापनको हवनलगायत धार्मिक कार्य गर्नु हुँदैन भनी गरिएको हल्ला एवं प्रचारप्रसार शास्त्रीय रूपमा गलत रहेको समितिका अध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले जानकारी दिनुभयो ।

बृहस्पति र शुक्र अस्त भएका समयमा कुनै कामना राखेर कर्म गर्नु नहुने शास्त्रीय मत छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले झुटो विवरण बुझाएर भूकम्पपीडित अनुदान लिनेलाई आगामी पुस १५ गतेभित्र सम्बधित कार्यालयमा रकम फिर्ता गर्न निर्देशन दिएको छ ।

झुटो विवरण पेस गरेर भूकम्पपीडित अनुदान लिएको उजुरी परेपछि त्यस्ता व्यक्तिबाट रकम असुलउपर गर्ने प्रक्रिया अघि बढाइएको प्राधिकरणका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिनुभयो ।

राष्ट्रिय योजना आयोगको आयोजनामा आजदेखि कैलालीको धनगढीमा दिगो विकास लक्ष्य मैत्री योजना, अनुगमन तथा तथ्याङ्कसम्बन्धी प्रदेश स्तरीय क्षमता विकास कार्यक्रम शुरु भएको छ ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले कार्यक्रमको उद्घाटन गर्नु हुँदै जनअपेक्षा अनुरूपका योजना र बजेट बनाएर अघि बढ्न जरुरी रहेको बताउनुभयो कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा.पुष्पराज कँडेलले मानव विकास सूचाङ्कमा पछाडि परेका प्रदेशको विकास र समृद्धिमा विशेष ध्यान दिइनुपर्ने बताउनुभयो ।

कार्यक्रम तीन दिनसम्म सञ्चालन हुने छ ।

विभिन्न जिल्लामा आज भएको सडक दुर्घटनामा ६ जनाको मृत्यु भएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं ९ पशुपतिनगरमा आज दिउँसो भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

वीरगन्जबाट हेटौंडातर्फ जाँदै गरेको ट्रक पल्टिदा मोटरसाइकल र अटोलाई थिचेको थियो । अटो र मोटरसाइकलमा सवार दुईजनाको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक हेटौंडा-४ का २० वर्षीय सुदीप घिमिरे र अटोमा सवार हेटौंडा ४ की ३५ वर्षिया गंगा चेमजोङ रहेका छन् ।

यसैगरी चितवनको भरतपुर महानगरपालिका-६ ब्रम्हदेव चोकमा आज बिहान टिपरको ठक्करबाट एक बालकको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय गीतानगरले दिएको जानकारीअनुसार मृत्यु हुनेमा भारत घर भई हाल भरतपुर महानगरपालिका-१५ लामिछाने चोकमा डेरा गरी बस्ने महमद आलमका अन्दाजी चार वर्षीय छोरा अहिल आलम रहेका छन् ।

त्यसैगरी कपिलवस्तु जिल्लाको वाणगङ्गा नगरपालिका-२ कलौनी चोकमा ट्रकको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ट्रकले विपरीत दिशाबाट आउँदै गरकी साइकलयात्री शीतगङ्गा नगरपालिका - १४ की १७ वर्षीया शोभा न्यौपानेलाई ठक्कर दिएको थियो ।

त्यसैगरी मध्यपुर ठिमी नगरपालिका-३ नमुनावस्तीमा आज बिहान भएको दुर्घट्नामा एक वृद्धको मृत्यु भएको छ । पानी ट्याङ्करले ठक्कर दिदा तेह्रथुम घर भई गट्ठाघर बस्ने ७८ वर्षीय नेत्रप्रसाद पराजुलीको मृत्यु भएको हो । ठक्कर दिने ट्याङ्कर प्रहरी नियन्त्रणमा छ भने चालक फरार छन् ।

यस्तै मध्यपुर ठिमी नगरपालिका-४ स्थित क्षयरोग अस्पताल छेउमा गए राति बसले मिनिट्रकलाई ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ ।

रोकिराखेको मिनिट्रकलाई काठमाडौबाट भक्तपुर जाँदै गरेको बसले ठक्कर दिदा भएको दुर्घटनामा मिनिट्रक चालक बनेपा नालाका ३४ बर्षीय राजेन्द्र श्रेष्ठ र  सहचालक पार्वत श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ ।

१३ औँ महानगरीय प्रहरी दिवस आज विभिन्न कार्यक्रम गरी मनाईएको छ ।

दिवसका अवसरमा आज काठमाडौँमा आयोजित कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक पुष्कर कार्कीले जनताको जीउ धन सुरक्षाका लागि आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले प्रहरीले ल्याएको सामुदायिक साझेदारी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जनताले पनि समन्वयकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरिवावु महर्जनले शान्त, सभ्य र सुशासनयुक्त समाज निर्माणका लागि स्थानीय तह र प्रहरीविच  प्रभावकारी समन्वय र सहकार्य हुनुपर्ने बताउनुभयो ।

महानगरीय प्रहरी परिसर रानीपोखरीका प्रहरी नायब महानिरीक्षक शैलेसकुमार थापाक्षेत्री र प्रहरी वरिष्ठ उपरीक्षक वसन्त पन्तले काठमाडौँ उपत्यकको ट्राफिक व्यवस्थालाई चुस्त र सुरक्षित बनाउने प्रयासमा प्रहरी रहेको  जानकारी दिदैँ उपत्यकालाई नमुना सहरको रूपमा विकास गर्न आधुनिक भौतिक संरचना निर्माणको आवश्यकता औँल्याउनुभयो ।

सर्वोच्च अदालतले यो बर्षको बाँकी अवधिलाई फैसला कार्यान्वयन बर्षको रूपमा नमनाउने भएको छ ।

सर्वोच्च अदालतमा आज आयोजित पत्रकार सम्मेलनमा फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक हरिराज कार्कीले यो वर्षभर विगतमा विभिन्न  अदालतहरूमा फैसला भई कार्यान्वयनमा नगएका मुद्दाहरूको कार्यान्वयन गरी जरिवाना असुल उपर गरिने योजना रहेको जानकारी दिनुभयो ।

उहाँले निर्देशनालयले विभिन्न २४ जिल्लामा २ चरणमा गरी सञ्चालन गरेको विशेष अभियानअर्न्तगत राम्रो असुली भएकोले यस बर्षको अबको बाँकी अवधिलाई फैसला कार्यान्वयन वर्षको रूपमा कार्यान्वयन गर्न लागेको पनि जानकारी दिनुभयो ।

विशेष अभियानअन्तर्गत ४ वर्षमा फैसला कार्यान्वयनबाट ४ अर्ब ४९ करोड ६४ लाख रूपैया जरिवाना रकम उठेको त्यस अवसरमा जानकारी गराइयो ।

विभिन्न अदालतहरूबाट फैसला भएका मुद्दाहरूमध्ये वि.सं २००० साल अघिका समेत ९५ थान मुद्दाहरूको फैसला कार्यान्वयन हुन बाँकी रहेको पनि त्यसअवसरमा जानकारी गराइएको थियो ।

नेपाली सेनाको १९ नम्बर वाहिनीद्वारा गठित सैनिक अदालतले  भर्ना अभियानमा आर्थिक अनियमिता गर्ने जमदारसहित तीनजना सैनिकलाई तीन महिनाको कैद फैसला सुनाएको छ ।

वाहिनी अड्डाका वाहिनीपति तथा सहायक रथी विज्ञानदेव पाण्डेको अध्यक्षतामा गठित समरी जनरल सैनिक अदालतले ज्वालादल गण जाजरकोटमा कार्यरत जमदार नरेन्द्रबहादुर डाँगी, हवलदार कुलबहादुर राना क्षेत्री र सिपाही दिनेश अधिकारीलाई सेवाबाट बर्खास्त गर्दै यस्तो फैसला गरेको हो ।

आर्थिक अनियमितता गरेको स्वीकार गरेपछि सैनिक अदालतले  डाँगी र अधिकारीलाई ३/३ महिना र  रानालाई एक महिना कैद गर्ने  फैसला गरेको  नेपाली सेनाका  प्रवक्ता सहायक रथी गोकुल भण्डारीले जानकारी दिनुभयो ।

नेपाली सेनामा भर्ना गराईदिने भन्दै जमदार डाँगीले डेढलाख रूपैयाँ लिएको, हलवदार रानाले आफ्नो गाउँको भन्दै सघाएको र सिपाही अधिकारीले भर्ना भएपछि ५० हजार रूपैयाँ लिने कबुल गरेको वाहिनी अड्डाले जनाएको छ ।

वीरगञ्जको भन्सार क्षेत्रमा सशस्त्र प्रहरीले चेकजाँचको क्रममा आज विभिन्न २२ देशका मुद्रासहित ठुलो सङ्ख्यामा रहेको एटिएम कार्ड, आईएमई कार्डसहित एक भारतिय नागरिकलाई पक्राउ गरेको छ ।

भन्सार क्षेत्रमा खटिएको सशस्त्र प्रहरीको गस्ती टोलीले विभिन्न २२ देशका मुद्रा र कागजातसहित भारत उत्तरप्रदेश जौनपुरका रामनाथ यादवलाई पक्राउ गरेको सशस्त्र प्रहरी भन्सार गुल्मका प्रमुख तिलक खड्काले जानकारी दिनुभयो ।

यादवको साथबाट प्रहरीले ५३ वटा विभिन्न बैंकका एटिएम कार्ड, ४४ थान विभिन्न व्यक्तिका परिचय पत्र, ३० थान आईएमई कार्डसहित भारतीय मतदाता परिचय पत्र, लाइसेन्स र रहदानी बरामद गरेको खड्काले जानकारी दिनुभयो ।

पक्राउ परेका यादवलाई थप कारवाहीका लागि सशस्त्र प्रहरीले आजै जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाएको छ ।

दैलो अगाडी विद्युत भएर पनि बर्षौंदेखि टुकीको भरमा रहेको लमजुङको चेपाङबस्तीमा अब बिजुली बल्ने भएको छ ।

लमजुङको बेसीसहर नगरपालिका - ११ वरबोटका चेपाङबस्तीमा आवश्यक पर्ने तार, मिटरबक्स र विद्युत प्राविधिकसहितको व्यवस्था गरेर बेसीसहर नगरपालिकाले बिजुली बालिदिने भएको हो ।

चेपाङबस्तीमा रहेका १० घरमध्ये ७ घरले बिजुली बाल्न सकेका छैनन् ।

साताको पहिलो दिन आइतबार नेपाली शेयर बजारको कारेवार सूचक नेप्से  दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेन्जको सूचक १०.१४ अङ्कले घटेर ११९४.८७ अङ्कमा झरेको छ । आइतवार सेन्सेटिभ सूचक २.२८ अङ्कले घटेर २५४ अङ्कमा ओर्लिएको छ ।

दोस्रो बजारलाई बैङ्कको ब्याजदरले पनि प्रभाव पार्ने गरेको छ । गएको महिनादेखि बजारमा बैंकको ब्याजदर पुन बढ्न सक्ने खबरहरू आउन थालेका कारण बजार घटेको इन्भेष्टर फोरमका महासचिव राजन लम्सालले बताउनुभयो ।

आइतबार १४५ कम्पनीको १० लाख ७९ हजार कित्ता शेयर ३३ करोड ३७ लाख रूपैयाँमा कारोबार भयो । सबैभन्दा बढी नेपाल बैंकको १४ करोड रूपैयाँ बराबरको शेयरको कारोबार छ । स्टकमा आइतबार व्यापार समूह बाहेकका अन्य सबै समूहको कारोबार घटेको छ  ।

खेतमा गहुं छर्ने बेला कञ्चनपुरका किसानलाई रासायनिक मल अभाव भएको छ । अनुदानको मल अभाव भएपछि किसानले चर्को मूल्य तिरेर गुणस्तरहीन भारतीय रसायनिक मल डिएपी किन्न बाध्य भएका छन् ।

अनुदानको मल बिक्रीको जिम्मा पाएको कृषि सामग्री संस्थानको शाखा भीमदत्तनगरले माग अनुरूपको मल आपूर्ति गर्न नसक्दा किसानले हैरानी खेप्नु परेको छ । वेदकोट नगरपालिकाका किसान मङ्गलाल चौधरीले अनुदानको मल नपाउदा भारतीय मल राखेर गहुँ छरेको बताउनुभयो ।

कृषि सामग्री संस्थानले यस वर्ष डिएपी मल ६५० मेट्रिक टन मात्रै आपूर्ति गरेको छ । किसानको माग त्योभन्दा दोब्बर छ । कृषि सामग्री संस्थानका निमित्त कार्यालय प्रमुख बबिता उपाध्यायले ढुवानीको समस्याले मागअनुरूप आपूर्ति हुन नसकेको बताउनुभयो ।

पाँच पोखरी सूपर ८ क्रिकेट प्रतियोगिताको उपाधि आयोजक पाँच पोखरी क्रिकेट क्लबले हात पारेको छ ।

सिन्धुपाल्चोकको पाँच पोखरीमा आईतबार सम्पन्न फाईनलमा पाँच पोखरी क्रिकेट क्लबले क्रिकेट क्लब अफ बाह्रबिसेलाई पाँच विकेटले पराजित गर्दै उपाधि जित्न सफल भएको थियो ।

यस जितबहादुर स्मृति पाँच पोखरी क्रिकेट प्रतियोगितामा प्रथम भएको पाँच पोखरी क्रिकेट क्लबले ५० हजार र दोस्रो भएको क्रिकेट क्लब अफ बाह्रबिसेले ३० हजार रूपैयाँ पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको उत्कृष्ट ब्याट्स्म्यान भोताङ्ग छोलीङ क्रिकेट क्लबका रमेश तामाङ्ग र उत्कृष्ट बलर पाँच पोखरी क्रिकेट क्लबका अजय घिताल घोषित भएका थिए ।

प्लेएर अफ दि सिरिजको उपाधि पनि पाँच पोखरी क्रिकेट क्लबका अजय घिताल घोषित भए ।

उत्कृष्ट ब्याट्स् म्यान, उत्कृष्ट बलर र प्लेएर अफ दि सिरिज सबैलाई पुरस्कार स्वरूप हिमालयन क्रिकेट एकेडमीले एकवर्ष निःशुल्क प्रशिक्षण प्रदान गर्नेछ ।

यसैगरी उदयमान खेलाडी घोषित भएका थाङ्गपालघाप क्रिकेट क्लबका सार्थक धितालललाई पुरस्कारस्वरूप भारतको नोयडा क्रिएशनमा प्रशिक्षणको व्यवस्था मिलाईएको छ ।

थ्री स्टार क्लब लगातार दोस्रो जित हात पार्दै जारी शहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताको शीर्ष स्थानमा उक्लिएको छ ।

एन्फा मैदान सातदोबाटोमा आईतबार भएको दोस्रो खेलमा ब्रिगेड ब्वाईजलाई ५/१ गोल अन्तरले पराजित गर्दै थ्री स्टार ले ६ अङ्क बटुलेर लिग तालिकाको शीर्ष स्थानमा उक्लिएको थियो ।

दुवै खेल हारेको ब्रिगेड ब्वाईज अङ्कविहीन अवस्थामा रहेको छ ।

यस खेलको म्यान अफ द म्याच घोषित भएका थ्री स्टार क्लबका सुनिल बलले १० हजार रूपैयाँ प्राप्त गरे ।

मछिन्द्र क्लब र नेपाल पुलिस क्लबबिच आइतबार नै भएको पहिलो खेल गोलरहित बराबरीमा सम्पन्न भएको थियो ।

यो बराबरीसँगै नेपाल पुलिस क्लबको ४ र मछिन्द्र क्लबको २ अङ्क भएको छ ।

यस खेलको म्यान अफ द म्याच घोषित भएका मछिन्द्र क्लबका विकासथुलुङ्ग राईले १० हजार रूपैयाँ प्राप्त गरे ।

रूपन्देहीको तिलोत्तमामा जारी तिलोत्तमा प्रिमियर लिग क्रिकेट प्रतियोगिताअन्तर्गत आइतवार भएका खेलमा लुम्बिनी कसाई र बुटवल डाईनामाईट्स विजयी भएका छन् ।

तिलोत्तमाको नवजीवन क्लवको खेल मैदानमा भएको पहिलो खेलमा लुम्बिनी कसाईले ज्ञानोदय गोल्डेन्स्लाई ५ विकेटले पराजित गरेको हाम्रा बुटवल समाचारदता डायलशन अधिकारीले जानकारी दिनुभयो ।

यसैगरी दोस्रो खेलमा बुटवल डाईनामाईट्सले एस.आर.एन.सी.एस.ए टाईर्गसलाई पनि पाँच विकेटले नै पराजित गरेको थियो ।

युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले जनकपुरधामसहित सातवटै प्रदेशमा रङ्गशालाको निर्माण गरिने बताउनुभएको छ ।

जनकपुरधाममा निर्माण गरिने रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालाको निर्माण स्थलको निरीक्षण गर्दै मन्त्री विश्वकर्माले संघीय सरकारले ७ सय ५३ स्थानीय तहमा खेल मैदान निर्माण गर्ने लिएको बताउनुभयो ।

धनुषाको वटेश्वरमा आयोजित एक अर्को कार्यक्रममा मन्त्री विश्वकर्माले वनदेवीमाई रङ्गशालाको स्तरोन्नतिका लागि यसै आर्थिक वर्षमा ५ लाख रूपैयाँ प्रदान गर्ने घोषणा गर्नु भएको हाम्रा जनकपुर समाचारदाता अजय झाले जानकारी दिनुभयो ।